# परिच्छेद : एक

## परिचय

### १.१ पृष्ठभूमि

विश्वपरिवेशमा पाठ्यक्रमको उत्पति र विकास बारे पाश्चात्य जगतमा शोधखोज भएको पाइन्छ । ग्रीक दार्शनिक प्लेटो, चीनका शिक्षाबिद कमेनियम र जर्मन शिक्षाबिद फ्रोबेलले पनि शिक्षाको विकासका लागि पाठ्यक्रम र यसका समस्याप्रति ध्यान दिएको पाइन्छ । वीसौंशताब्दीको प्रारम्भसम्म पाठ्यक्रमको बारेमा विशिष्टिकृत र व्यवस्थित अध्ययन हुन सकेको थिएन तर Oxford English Dictionary ले उल्लेख गरे अनुसार पाठ्यक्रम शब्दको प्रयोग उन्नाइसौं शताब्दीबाट भएको पाइन्छ । यसै सन्दर्भमा फ्राङकलिन वोविटले सन १९१८ मा पाठ्यक्रम नामक पुस्तक लेखी प्रकाशन गरे जसलाई पाठ्यक्रमको इतिहासमा कोसेढुङ्गाको रुपमा लिइन्छ । बोविटको उक्त पुस्तकले पाठ्यक्रमलाई अध्ययनको एउटा विशिष्टिकृत क्षेत्रको रुपमा स्थापित गऱ्यो (भण्डारी, २०६८ : १) ।

पाठ्यक्रम शब्दको विकास १९ औं शताब्दी देखि भएको पाइएतापनि यस बारे चाख राख्ने पहिलो व्यक्तिका रुपमा दार्शनिक अरस्तु (Aristotle) लाई लिइन्छ । पाठ्यक्रम विकासका पिता Ralph W. Tylor ले सन १९५६ मा पाठ्यक्रमलाई "शैक्षिक उद्देश्यहरु र योजनाबद्ध सिकाइका अनुभवहरु जुन कक्षाको अतिरिक्त घरायसी वातावरणको अनुभवहरु जो विद्यालयबाट योजनावद्ध र निर्देशित भएका हुन्छन् , ती सम्पूर्ण क्रियाकलापलाई" समेट्ने गरी परिभाषित गरेको पाइन्छ । हिल्डा टावाका अनुसार "पाठ्यक्रम सिकाइको एक योजना हो" (Hilda Tawa उद्धृत शर्मा एण्ड शर्मा २०६१ : ८) । व्यवहारिक, गुणात्मक र उपलब्धिमूलक शिक्षण सिकाइ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा भर पर्दछ । शैक्षिक प्रणालीमा पाठ्यक्रम एक यस्तो साधन हो जसमा उद्देश्य र उद्देश्य प्राप्तिका लागि कस्ता कस्ता विषयवस्तु र विधिहरुको प्रयोग गर्ने र मूल्याङ्कन कसरी गर्ने ? जस्ता कार्यहरुको लागि दिशा निर्देश गर्दछ । पाठ्यक्रमले प्रभावकारी शिक्षण सिकाइ गर्न उद्देश्य प्राप्तिका लागि विषयवस्तु , शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया बारेमा दिशा निर्देश गरी अपेक्षित उपलब्धि प्राप्त गर्नमा सहयोग पुऱ्याउँदछ । वर्तमान समयमा शैक्षिक प्रक्रियाको मेरुदण्डको रुपमा पाठ्यक्रम रहेको छ ।

पाठ्यक्रमलाई विभिन्न विद्धानहरुले विभिन्न रुपमा परिभाषित गरेका छन् । जोन डिवेका अनुसार "पाठ्यक्रमको योजनाले वर्तमान समुदायको अध्ययन गरी तिनका जीवनका आवश्यकताहरुलाई समावेश गर्न सक्नु पर्दछ । यसले हाम्रो जीवनलाई सुधार गर्ने नियत राख्नु पर्दछ जसले गर्दा भूतकाल भन्दा भविष्य राम्रो हुन्छ" (उद्धृत शर्मा एण्ड शर्मा,२०६१:७)। फ्रोवेलका अनुसार "मानवजातिको सम्पूर्ण ज्ञान र अनुभवहरुको उच्चतम विन्दु नै पाठ्यक्रम हो ।" (उद्धृत वाग्ले र पौडेल, २०५९:४) । क्रो एण्ड क्रो का अनुसार "शैक्षिक कार्यक्रमहरु पूरा गर्न विकासात्मक, संवेगात्मक, सामाजिक आध्यात्मिक र नैतिक


साधनका रुपमा विद्यालय भित्र र बाहिर हुने सिकाइका अनुभवहरु समावेश गरिएको कार्यक्रम पाठ्यक्रम हो" (उद्धृत शर्मा एण्ड शर्मा २०६१:७-८) । माथिका सम्पूर्ण परिभाषाहरुलाई केलाउँदा के भन्न सकिन्छ भने व्यवहारिक जीवनसँग पूर्ण रुपमा सम्बन्ध राख्ने सम्पूर्ण क्रियाकलापहरुको संगठित रुप नै पाठ्यक्रमको आधुनिक विचार हो । पाठ्यक्रमले जीवनका सम्पूर्ण खाले समस्याहरुलाई समाधान गर्न सक्ने गरी मार्गनिर्देशन गर्नु पर्दछ । पाठ्यक्रम त्यस्तो योजना हो जसमा विद्यार्थीका चाख, समाजका आवश्यकता र विद्यार्थी एवं शिक्षकका क्रियाकलापहरु समावेश हुन्छन् । पाठ्यक्रमलाई विभिन्न विद्धानहरुले विभिन्न समयमा विभिन्न प्रकृतिका हुने बताएका छन् । एलेन र अनवीनले पाठ्यक्रमको प्रकृतिलाई तीन समूहमा राखेका छन् । ती हुन् क्रमबद्ध वा प्रणालीगत पाठ्यक्रम (Systemic Curriculum), विषयगत पाठ्यक्रम (Subject Curriculum) , संस्थागत पाठ्यक्रम (Institution Curriculum) , (शर्मा एण्ड शर्मा,२०६१:३७ ) ।

विद्यार्थीहरुले शिक्षक तथा अन्यको सहयोग विना नै अन्जानमा विभिन्न कुराहरु सिकिरहेका हुन्छन् । अज्ञात रुपमै विद्यार्थीहरुले परम्परागत लैङ्गिक व्यवहार, काम, मूल्य सिकिरहेका छन् । अज्ञात रुपमा नै सिक्ने सिकाउने प्रक्रिया चलिरहेको हुन्छ । अन्जानमा नै विद्यार्थीहरुले सिकेका सिकाइ र सिकाइ प्रक्रियालाई अदृश्य पाठ्यक्रम भनिन्छ । सबै अदृश्य पाठ्यक्रमका बारेमा शिक्षक अनविज्ञ नरहन सक्दछ तर विद्यार्थी भने यस प्रति अनविज्ञ रहन्छन् । औपचारिक शिक्षाले विद्यार्थी विद्यालयमा उपस्थित भएर सिकेको समग्र सिकाइलाई समेट्दछ । जस अन्तर्गत विद्यालयले विद्यार्थीलाई उद्देश्यपरक ढंगबाट सिकाएका साथै योजना नगरेका धेरै अदृश्य सिकाइहरु पनि पर्दछन् । यसरी अनपेक्षित रुपमा सिकेका कुरालाई अदृश्य पाठ्यक्रम भनिन्छ । Benson Synder ले प्रत्येक शैक्षिक संस्थाद्वारा प्रस्तुत गरिएको शैक्षिक कार्यक्रममा अदृश्य पाठ्यक्रम रहने दावी गरेका छन् । उनका अनुसार "कुनै पनि किन्डरगार्डेन माध्यमिक विद्यालय वा कलेज अदृश्य पाठ्यक्रम रहित हुन सक्दैन" (Quoted by Saylor and Alexander, 1974 : 20 - 21 )।

सन् १९८७ मा विद्धान ग्लाटहर्न (Glatthorn) ले पाठ्यक्रमका प्रकारहरुका आधारमा पाठ्यक्रमको प्रकृतिलाई सिफारिस गरिएको (Ideal or Recommended), योग्य वा सहयोग पुऱ्याउने (Entitlement), योजना गरिएको वा लिखित (Intended or Written), सुलभ वा लाभदायक ( Available or Supported), कार्यान्वयन गरिएको (Implemented), सिकेको (Achieved) पाठ्यक्रम र परीक्षण गरिएको (Attained)पाठ्यक्रम गरी ७ समूहमा वर्गीकरण गरेका छन् । (शर्मा एण्ड शर्मा,२०६१:३७-३८) । पाठ्यक्रमलाई परिभाषित गर्ने क्रममा UNICEF ले सन् २००० मा गरेको सर्वेक्षणबाट निम्न प्रमुख तीनवटा क्षेत्रहरु अपेक्षित पाठ्यक्रम, पढाइएको पाठ्यक्रम र सिकाएको पाठ्यक्रम एवम दुई वटा सहायक क्षेत्रहरु लुप्त पाठ्यक्रम र शुन्य पाठ्यक्रम गरी जम्मा पाचँवटा पाठ्यक्रमका क्षेत्रहरु पहिचान गरेको पाइन्छ । यी माथिका धारणाहरुले विभिन्न समय, परिस्थिति, अवस्था र वातावरणमा विद्यार्थीहरुले अपेक्षित सिकाइका साथ साथै अनपेक्षित सिकाइ पनि सिकेका हुन्छन् भन्ने

कुराको पुष्टि गरेको पाइन्छ । पाठ्यक्रमलाई जुनसुकै धारणाबाट प्रस्तुत गरिए पनि सबै पाठ्यक्रममा अदृश्य पाठ्यक्रमको अंश रहेको पाइन्छ । कुनैमा अदृश्य अवस्थामा छन् भने कुनै परिभाषामा दृश्य अवस्थामा रहेका छन् । UNICEF द्वारा प्रकाशित पाठ्यक्रमका क्षेत्रमा पनि लुप्त पाठ्यक्रमलाई योजनाबद्ध गरिएको पाठ्यक्रमको सहायकको रुपमा प्रस्तुत गरेको पाइन्छ । लुप्त पाठ्यक्रमको प्रयोग प्राचीनकाल देखि नै अदृश्य रुपमा रहेपनि आधुनिक कालमा यसको खोज अनुसन्धान गरी व्यवहारिक प्रयोगमा ल्याउन अति जरुरी भएको छ (भण्डारी, २०६८ : २) ।

माथि गरिएको छलफलहरुको आधारमा के प्रष्ट हुन्छ भने विद्यालयहरुमा योजना गरिएको र योजना नगरिएको गरी दुई किसिमका पाठ्यक्रम निहित हुन्छन् । योजना नगरिएको पाठ्यक्रमलाई हामी लुप्त वा अदृश्य पाठ्यक्रम भन्न सक्दछौं । जसलाई तलको चित्रद्धारा प्रष्ट पार्न सकिन्छ ।




Source : Print (1993:10)

माथिको चित्रले के दर्शाउँदछ भने विद्यालयमा विद्यार्थीहरुले योजनाबद्ध पाठ्यक्रमका साथसाथै अदृश्य पाठ्यक्रम पनि सिकिरहेका हुन्छन् । विद्यालयमा शिक्षकले अपेक्षा गरेका भन्दा बाहिरका कुराहरु पनि विद्यार्थीहरुले सिकिरहेका हुन्छन् । जस्तै धुम्रपान, मध्यपान गर्नु हुँदैन यसले मानसिक र शारीरिक रुपमा मानिसलाई हानी पुऱ्याउँदछ भनेर सिकाउँदा विद्यार्थीहरुले नैतिक रुपमा नराम्रो हुने, समाजले घृणा गर्ने जस्ता कुराहरु पनि सिकिरहेका हुन्छन् । यस्तो सिकाइ अपेक्षित पाठ्यक्रमले नभई अनपेक्षित पाठ्यक्रमले हुने गर्दछ । जुन लुप्त वा अदृश्य पाठ्यक्रमबाट पूरा हुने हुनाले यस्तो सिकाइको खोजी गर्नु अनुसन्धानको उद्देश्य हो ।

औपचारिक पाठ्यक्रमले विद्यार्थीले विद्यालयमा उपस्थित भएर सिकेका सिकाइलाई समेट्दछ । शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयगत तथा कक्षागत उद्देश्य, एकाइगत उद्देश्य, पाठगत उद्देश्य तथा दैनिक योजनाका उद्देश्यका रुपमा योजनाबद्ध तरिकाबाट संगठित गरिएको हुन्छ । यस किसिमले योजना गरिएको पाठ्यक्रम कार्यान्वयन गर्दा पाठ्यक्रमले आशा नगरेका सिकाइ उपलब्धिहरु

पनि विद्यार्थीहरुले प्राप्त गरी रहेका हुन्छन् । जसलाई लुप्त पाठ्यक्रमको रुपमा लिन सकिन्छ । यसरी अनपेक्षित रुपमा सिकेका कुराहरुलाई अदृश्य पाठ्यक्रम भनिन्छ । अदृश्य पाठ्यक्रमको प्रकृति विभिन्न प्रकारका हुन्छन् । विद्यालयको व्यवस्थापकीय तथा संगठनात्मक व्यवस्थाबाट विद्यार्थीहरुले अदृश्य सिकाई सिकेका हुन्छन् । कर्मचारी प्रशासन, नियम, नियमियतता, विधि, प्रक्रिया, सजायँ, पुरस्कार, समूहकार्य, क्रियाकलापबाट अदृश्य सिकाइ भएको हुन्छ । त्यसरी नै सामाजिक वातावरण र समूहमा मिलेर बस्ने तथा विद्यालय परिवार बीचको अन्तरक्रिया र अन्तर सम्बन्धबाट पनि अदृश्य सिकाइ हुन्छ । शिक्षक, विद्यार्थी, अभिभावक तथा नागरिक बीचको प्रभाव अन्तर सम्बन्ध नैतिक आचारण, व्यवहार तथा प्रवृत्तिबाट पनि अदृश्य सिकाइ भएको हुन्छ । विद्यालयमा प्रयोग गरिने पाठ्यपुस्तक त्यसमा प्रयोग गरिएका चित्रहरुबाट पनि विद्यार्थीहरुले नैतिक, धार्मिक, लैङ्गिक, सामाजिक कुराहरु अदृश्य रुपमा सिकिरहेका हुन्छन् ।

अदृश्य पाठ्यक्रमलाई आधारभूत रुपमा तीन दृष्टिकोणबाट हेर्न सकिन्छ । ती हुन उपलब्धिको दृष्टिकोणबाट देखिने, प्रक्रियाको दृष्टिकोणबाट देखिने र व्यवस्थापनको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम । विद्यालयले अपेक्षा गरेको सिकाइ उपलब्धि भन्दा बाहेक विद्यार्थीले चेतना विना सिकेको सिकाइ उपलब्धि नै उपलब्धिको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम हो । त्यस्ता अवस्था र प्रक्रिया जसबाट विद्यार्थीले अन्जानमा नै केही सिकिरहेका हुन्छन् तिनीहरु नै प्रक्रियाको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम हुन् । विद्यालयको भौतिक, सामाजिक, प्रशासनिक, शैक्षणिक व्यवस्थापनको अवस्थाले सिकाउने सिकाइ उपलब्धि नै व्यवस्थापनको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम हो । P.W. Jackson को पुस्तक 'Life in the classroom' (1968) अदृश्य पाठ्यक्रमको क्षेत्रमा महत्वपूर्ण कोशेढुङ्गा मानिन्छ । उनले कक्षाकोठाको भीड, प्रशंसा र शक्तिको वातावरणमा बस्दा विद्यार्थीले अदृश्य पाठ्यक्रम सिक्ने धारणा अगाडि सारेका छन् । उनका अनुसार भीड, प्रशंसा र शक्तिको अवस्था मिलेर कक्षाकोठामा विशिष्ट जीवन तयार हुन्छ जसको समग्रता अदृश्य पाठ्यक्रम हो भनेका छन् । यिनै मुख्य तीन वटा पाटा भीडको सदस्य बनेर प्रशंसा र आलोचनाको पात्र बनेर र संस्थाको नियन्त्रित कार्यकर्ता बनेर विद्यार्थीले अदृश्य पाठ्यक्रम सिकिरहेको हुन्छ ।

विद्यालयको शैक्षिक सुधारको लागि औपचारिक पाठ्यक्रममा मात्र सुधार नगरी अदृश्य पाठ्यक्रममा पनि सुधार गर्नु पर्ने देखिन्छ । पाठ्यक्रम योजनाकारहरु, पाठ्यक्रम निर्माणकर्ताहरु र पाठ्यक्रम कार्यान्वयनकर्ताहरुले अदृश्य पाठ्यक्रमलाई ग्रहण गर्न सकिरहेका छैनन् । हाम्रा विद्यालयहरुबाट विद्यार्थीहरुले के कस्ता अदृश्य पाठ्यक्रम कसरी सिकिरहेका छन् भन्ने विषयमा हामी अहिलेसम्म अनविज्ञ नै छौं । अदृश्य पाठ्यक्रमको मुद्दालाई शिक्षा प्रणाली भित्र खुल्ला बहसमा ल्याई वर्तमान औपचारिक शिक्षा व्यवस्थालाई सुधार गर्न अदृश्य पाठ्यक्रमका विभिन्न पक्षहरु खोजी गरी नकारात्मक असरलाई रोक्ने र सकारात्मक प्रभावलाई थप सुधार गर्नुपर्ने खाँचो टड्कारो देखिएको छ ।

गुणस्तरीय प्राथमिक शिक्षाका लागि अदृश्य पाठ्यक्रमको यिनै महत्वलाई दृष्टिगत गरी अध्ययनका लागि "कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम" शीर्षक छनौट गरिएको छ ।

## १.२ समस्याको कथन

कुनै पनि शैक्षिक संस्थाहरु अदृश्य पाठ्यक्रम रहित छैनन् । हाम्रा विद्यालयहरुमा कक्षाकोठाभित्र, विद्यालय परिसर तथा सामाजिक परिवेशबाट अदृश्य पाठ्यक्रम रुपान्तरण भैरहेका छन् साथै विद्यालयको कक्षाकोठाभित्र, विद्यालय परिसर तथा सामाजिक परिवेशबाट पनि विद्यार्थीहरुमा सकारात्मक तथा नकारात्मक दुवै किसिमका अदृश्य पाठ्यक्रमहरु रुपान्तरण भैरहेका छन् । तर तिनीहरु विद्यालय, कक्षाकोठा, विद्यालय परिसर तथा सामाजिक परिवेशमा नै अदृश्य अवस्थामा रहेका छन् । विद्यालयहरुले विद्यार्थीहरुमा के कस्ता अदृश्य पाठ्यक्रम विद्यार्थीहरुमा कसरी रुपान्तरण गरिरहेका छन् भन्ने कुरालाई मनन् गरी यस अध्ययनको समस्याको मूल कथन भनेको "कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम" रहेको छ । यस अध्ययनमा खोज्न खोजिएका प्रश्नहरु यस प्रकार छन् ।

क. अदृश्य पाठ्यक्रम के हो ?

ख. के विद्यालयमा अदृश्य पाठ्यक्रमको प्रयोग भएको छ ?

ग. अदृश्य पाठ्यक्रम र औपचारिक पाठ्यक्रम वीच कस्तो सम्बन्ध छ ?

घ. अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा कस्तो सहयोग पु¥याएको छ ?

ङ. अदृश्य पाठ्यक्रमले विद्यार्थीहरुको व्यवहारमा कस्तो प्रभाव पारेको छ ?

च. कुन कुन क्षेत्र र पक्षहरुबाट विद्यार्थीहरुले के कस्ता अदृश्य व्यवहारहरु सिकिरहेका छन् ?

छ. के अदृश्य पाठ्यक्रमको अभावमा औपचारिक पाठ्यक्रम पूर्ण होला ?

ज. के अदृश्य पाठ्यक्रमले गुणस्तरीय शिक्षाको विकासमा सहयोग पु¥याउला ?

झ. के अदृश्य पाठ्यक्रम प्रति विद्यालय शिक्षकहरु सचेत छन् ?

हाम्रा विद्यालयमा योजनाबद्ध पाठ्यक्रमहरु कार्यान्वयनको अवस्थामा छन् । योजनाबद्ध पाठ्यक्रममा पनि अदृश्य पाठ्यक्रमका अंश रहेका छन् तर यी सुषुप्त अवस्थामा रहेका छन् । शिक्षाको गुणस्तर सुधारको लागि योजनाबद्ध पाठ्यक्रममा मात्र सुधार नगरी अदृश्य पाठ्यक्रममा पनि सुधार गर्नु पर्ने आवश्यकता रहेको छ । अदृश्य पाठ्यक्रम योजनाबद्ध पाठ्यक्रमको मेरुदण्ड हो । विद्यालयका भित्री, छोपिएका, लुकेका, अलिखित, सुषुप्त र अध्ययन नगरिएका केही पक्षहरुलाई प्रकाशमा ल्याउनु यस अध्ययनको महत्व हो । योजनाबद्ध पाठ्यक्रममा के पढाउने, कति पढाउने, कसरी पढाउने, मूल्याङ्कन कसरी गर्ने जस्ता कुराहरु निर्दिष्ट हुन्छन् तर त्यसमा अदृश्य पाठ्यक्रमको भूमिकालाई भने बेवास्ता गरेको पाइन्छ । योजनाबद्ध पाठ्यक्रममा उद्देश्य, शैक्षिक सामग्री, शिक्षणविधि तथा क्रियाकलाप, मूल्याङ्कन जस्ता कुराहरुको समावेश गरिंदा अदृश्य पाठ्यक्रमको भूमिकालाई पनि ध्यान दिएर गरिनु पर्दछ ।

## १.३ अध्ययनको उद्देश्य

यो अध्ययनको प्रमुख उद्देश्य विद्यालयको कक्षाकोठाभित्र र विद्यालय परिसरबाट विद्यार्थीहरुले सिकेका अदृश्य पाठ्यक्रमको खोजी गरी यसले विद्यालयको शिक्षामा पारेको प्रभावको अध्ययन गर्नु हो ।

विशिष्ट रुपमा अध्ययनका उद्देश्यहरु यस प्रकार छन् ।

क. प्राथमिक विद्यालयका कक्षाकोठाभित्र र बाहिर विद्यार्थीहरुले अदृश्य रुपमा सिकेका व्यवहारहरु पहिचान गर्ने ।

ख. प्राथमिक विद्यालयका कक्षाकोठाभित्र र बाहिर विद्यार्थीहरुले सिकेका अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा पारेको प्रभावको विश्लेषण गर्ने ।

ग. अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा सहयोग पुऱ्याउने उपायहरु पहिचान गर्ने ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानको आ–आफ्नै महत्व रहेको हुन्छ । यस अनुसन्धानको पनि आफ्नै महत्व रहेको छ । शिक्षा प्रणालीको आधार स्तम्भको रुपमा रहेको प्राथमिक तहमा अदृश्य पाठ्यक्रमले विशिष्ट स्थान लिएको हुन्छ तर वर्तमान शिक्षा प्रणालीमा यसको स्थानलाई त्यति महत्व दिएको पाइँदैन । गुणस्तरीय प्राथमिक शिक्षा प्रमुख मुद्दा भएको वर्तमान अवस्थामा शिक्षाको गुणस्तर सुधारका लागि औपचारिक पाठ्यक्रममा मात्र सुधार नगरी अदृश्य पाठ्यक्रममा पनि सुधार गर्नु पर्ने आवश्यकता रहेको छ किनकि अदृश्य पाठ्यक्रम औपचारिक पाठ्यक्रमको मेरुदण्ड हो । प्राथमिक तहका शिक्षक, विद्यार्थी, प्रशासकहरु अदृश्य पाठ्यक्रमको बारेमा प्रायः अनविज्ञ रहेको अवस्था छ । यस अर्थमा त यस अनुसन्धानको महत्व अझै बढी देखिन्छ । यो अध्ययन अनुसन्धानको औचित्यलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

क. अदृश्य पाठ्यक्रमको अध्ययनबाट शिक्षा क्षेत्रका भविष्यका सम्भावनाहरुको खोजी गर्न सहयोग पुऱ्याउँदछ ।

ख. अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा पारेको प्रभावको खोजी गर्न सहयोग पुऱ्याउँदछ ।

ग. विद्यालय र विद्यालय परिसरमा विद्यार्थीहरुले अदृश्य रुपमा सिक्ने सकारात्मक र नकारात्मक सिकाइ र यसको असर बारेमा जानकारी दिन सहयोग पुऱ्याउँदछ ।

घ. अदृश्य पाठ्यक्रमलाई औपचारिक पाठ्यक्रमको अभिन्न अङ्गको रुपमा समावेश गर्न पाठ्यक्रम योजनाकार र निर्मातालाई सहयोग पुऱ्याउँदछ ।

ङ. अदृश्य पाठ्यक्रमलाई पाठ्यक्रम योजनाकार, प्रयोगकर्ता तथा अध्ययनकर्तालाई नयाँ चासो र खोजीको विषयवस्तु बनाउन सहयोग पुऱ्याउँदछ ।

कक्षाकोठाभित्र र विद्यालय परिसरमा विद्यार्थीहरुले अदृश्य रुपमा सिकेका व्यवहारहरुको पहिचान गरी यसले औपचारिक पाठ्यक्रममा पारेको प्रभावको विश्लेषण गर्दै औपचारिक पाठ्यक्रममा सुषुप्त अवस्थामा रहेको अदृश्य पाठ्यक्रमलाई उजागर गरी शिक्षामा सरोकार राख्नेहरुको चासोमा अभिवृद्धि गराउँदै विद्यालयका भित्री छोपिएका, लुकेका, अलिखित र अध्ययन नगरिएका पक्षहरुलाई प्रकाशमा ल्याई औपचारिक पाठ्यक्रमको अभिन्न अङ्गको रुपमा विकास गरी सिकाइलाई चिरस्थायी, व्यवहारिक, श्रृजनशील, रुचिपूर्ण, मनोरञ्जनपूर्ण तथा नैतिक मूल्य र मान्यता अनुसारको बनाउनु यस अध्ययनको औचित्य हो ।

## १.५ अध्ययनका सीमाहरु

अदृश्य पाठ्यक्रमको क्षेत्र व्यापक छ । यो औपचारिक पाठ्यक्रम भन्दा पनि व्यापक रुपमा फैलिएको छ । व्यापक रुपमा फैलिएको यस अदृश्य पाठ्यक्रमको अध्ययन कठीन र चुनौतिपूर्ण छ । अनुसन्धानकर्ताको समय, स्रोत र साधनको अभाव तथा अन्य विविध वाध्यताको कारण यसको व्यापक क्षेत्र र सम्पूर्ण जनसंख्यामा अध्ययन संभव हुँदैन । अदृश्य पाठ्यक्रमको सम्पूर्ण साहित्य, सम्पूर्ण अदृश्य पाठ्यक्रम र रुपान्तर प्रक्रियालाई यसले समेट्न सक्दैन । यस अध्ययनले न त राष्ट्र न त कुनै जिल्लालाई प्रतिनिधित्व गर्न सक्दछ । सीमित क्षेत्रमा गरिएको अध्ययनले दिएको निष्कर्ष त्रुटिरहित हुन्छ भनेर भन्न सकिन्न न त यसबाट निश्किने निष्कर्षलाई अन्य अवस्थामा सामान्यीकरण नै गर्न सकिन्छ । यी कुराहरु नै यस अध्ययनका सीमाहरु हुन् । यस अध्ययनका सीमाहरु यस प्रकार छन् ।

क. अदृश्य पाठ्यक्रमको सम्पूर्ण क्षेत्रलाई यसले समेट्न सकेको छैन ।

ख. अदृश्य पाठ्यक्रमको सम्पूर्ण साहित्यलाई अध्ययन गर्न सकिएको छैन ।

ग. अदृश्य पाठ्यक्रमको सम्पूर्ण जनसंख्यालाई अध्ययनमा समेट्न सकिएको छैन ।

घ. यो अध्ययन अनुसन्धानकर्ता एउटाले मात्र गरेकोले अनुसन्धानकर्ता प्रमाणीकरण गरिएको छैन ।

ङ. यो अध्ययनबाट निश्किएको निष्कर्षलाई अन्य अवस्थामा सामान्यीकरण गर्न सकिने छैन ।

च. यस अध्ययनमा अवलोकन, अन्तर्वार्ता, लक्षित समूह छलफल र दस्तावेज तथा अभिलेख अध्ययन वाहेकका अन्य गुणात्मक अनुसन्धानका साधनहरुको प्रयोग गरिएको छैन ।

छ. तथ्याङ्कलाई समाजशास्त्रीय, दर्शनशास्त्रीय र मनोवैज्ञानिक सिद्धान्त वाहेक अन्य सिद्धान्तबाट विश्लेषण गरिएको छैन ।

## १.६ अध्ययनको सीमाङ्कन

व्यापक क्षेत्र ओगटेको यस अदृश्य पाठ्यक्रमको अध्ययन अनुसन्धानकर्ताको समय, स्रोत र साधनको अभाव तथा अन्य विविध वाध्यता तथा सीमाहरुको कारणले ठूलो जनसंख्यामा अध्ययन गर्न

संभव थिएन । यो अध्ययन निश्चित जनसंख्यामा मात्र सीमित रहेर गरिएको छ । यो अध्ययन उद्देश्यात्मक नमूना छनौटको आधारमा काभ्रे पलाञ्चोक जिल्लाको ८७ गाउँ विकास समिति र ३ वटा नगरपालिका मध्ये कलाँती भूमिडाँडा गाउँ विकास समिति भित्र रहेको १ मात्र सामुदायिक विद्यालयको प्राथमिक तहमा आधारित भएर गरिएको छ । अदृश्य पाठ्यक्रममा केन्द्रित रही निश्चित समूहका विद्यार्थीहरुको कक्षाकोठा र विद्यालय परिसरको अवलोकन, शिक्षकसँग अन्तर्वार्ता र विद्यार्थीसँग लक्षित समूह छलफल, अध्ययनकर्ताको पूर्व अनुभव तथा सम्बन्धित साहित्य र दस्तावेज अध्ययन गरी तथ्याङ्क संकलन र विश्लेषण गरिएको छ ।

## १.७ कार्यात्मक पारिभाषिक शब्दहरु

यस शोधपत्रमा प्रयोग गरिएका विभिन्न शब्दावलीहरुको परिभाषा यस प्रकार छ ।

प्राथमिक तह – २०२८ देखि २०३८ सम्म कक्षा १-३, २०३८ देखि २०६८ सम्म कक्षा १-५र २०६८ देखि हाल सम्म कक्षा १-८ आधारभूत तह ।

अदृश्य – लुप्त, लुकेर रहेको, अज्ञात रुपमा रहेको ।

भीड – धेरै मानिसहरुको जमघट वा भेला ।

प्रशंसा – मूल्याङ्कनबाट दिइने उत्प्रेरणा, पृष्ठपोषण, पुनर्वल ।

शक्ति – शारीरिक, मानसिक, बौद्धिक रुपले सक्षम, परिपक्व ।

कक्षाकोठाभित्र – तोकिएको कक्षाकोठाको परिवेश वा वातावरण ।

विद्यालय परिसर – विद्यालयहाता, विद्यालयको पर्खालले घेरिएको क्षेत्र ।

शिक्षक – शिक्षक भन्नाले नमूनामा परेको विद्यालयको शिक्षक/शिक्षिका संझनु पर्दछ ।

कक्षाकोठा बाहिर – व्यापक क्षेत्रको रुपमा नलिई विद्यालयहाता वा विद्यालयको पर्खालले घेरिएको क्षेत्रमा मात्र सीमित रहने ।

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको समीक्षा

अदृश्य पाठ्यक्रम शिक्षाको सन्दर्भमा नयाँ अवधारणा हो । बीसौं शताब्दीको सत्तरीको दशकबाट यस सम्बन्धी अध्ययन अनुसन्धान शुरुवात भएपनि हालसम्म धेरै अध्ययन भएको भने पाइँदैन । न त अदृश्य पाठ्यक्रमको विषयमा पर्याप्त साहित्य नै पाउन सकिन्छ । यससँग सम्बन्धित प्राप्त साहित्यलाई यहाँ तीन खण्डमा विभाजन गरी समीक्षा गरिएको छ ।

### २.१ अध्ययनको सैद्धान्तिक ढाँचा

पाठ्यक्रम शब्दको विकास १९ औं शताब्दी देखि भएको हो । यसबारेमा चाख राख्ने प्रथम व्यक्ति दार्शनिक अरस्तु (Aristotle) हुन् । पाठ्यक्रम विकासका पिता Ralph W. Tylor ले सन १९५६ मा "शैक्षिक उद्देश्यहरु र योजनाबद्ध सिकाइका अनुभवहरु जुन कक्षाको अतिरिक्त घरायसी वातावरणको अनुभवहरु जो विद्यालयबाट योजनाबद्ध र निर्देशित भएका हुन्छन् ती सम्पूर्ण क्रियाकलापलाई" पाठ्यक्रमको रुपमा परिभाषित गरेका छन् । हिल्डा टावाका अनुसार "पाठ्यक्रम सिकाइको एक योजना हो"( Hilda Tawa उद्धृत शर्मा एण्ड शर्मा २०६१:८ ) ।

अदृश्य पाठ्यक्रम शब्दलाई प्रथम प्रयोग Philip W. Jackson ले आफ्नो पुस्तक 'Life in the classroom' (1968) मा गरेका हुन् । विभिन्न विद्धानहरुले यस शब्दलाई विभिन्न तरिकाले परिभाषित गरेका छन् । अदृश्य पाठ्यक्रमलाई सिकाइ उपलब्धिसँग सम्बन्धित गरेर Print (1993 ; XIX) का अनुसार 'अपेक्षित पाठ्यक्रम विद्यार्थी सामु प्रस्तुत गर्दा विद्यार्थीहरुमा पुगेका अनपेक्षित सिकाइ" लाई बुझाउँदछ । तर शिक्षाको शब्दकोश (1994) ले "अपेक्षित होस कि अनपेक्षित होस विद्यार्थीले प्रत्यक्ष थाहा नपाई सिकेको सिकाइ उपलब्धिलाई अदृश्य पाठ्यक्रम मानेको छ ।" यी दुवै परिभाषाले अदृश्य पाठ्यक्रमलाई सिकाइ उपलब्धिसँग सम्बन्धित गरेका छन् । पहिलो परिभाषाले अनपेक्षित सिकाइलाई मात्र र दोस्रो परिभाषाले अपेक्षित भएपनि यदि विद्यार्थीले प्रत्यक्ष थाहा नपाई सिकेको छ भने त्यसलाई पनि अदृश्य पाठ्यक्रम भित्र समेटेको छ ।

"अदृश्य पाठ्यक्रम विद्यालयका ती अभ्यास र उपलब्धि जुन पाठ्यक्रम निर्देशिका, विद्यालयका नीतिमा उल्लेख भएका हुँदैनन् तर विद्यालयका नियमित र प्रभावकारी अनुभवका रुपमा देखिने पक्ष हुन्" (Vallance 2002, quoted by Gautam 2003 ) । Seddon ले अदृश्य पाठ्यक्रमलाई सिकाइ उपलब्धिमा मात्र सीमित नगरी ती उपलब्धि प्राप्त गर्ने सिकाइ प्रक्रियालाई पनि यस भित्र समावेश गरेका छन् । उनका अनुसार "शिक्षाविद्हरुले स्पष्टरुपमा अपेक्षा नगरेका सिकाइ उपलब्धि र ती सिकाइ उपलब्धि प्राप्त गराउने सिकाइ प्रक्रियामा अदृश्य पाठ्यक्रमले चासो राख्दछ । ती उपलब्धिहरु स्पष्टरुपमा

अपेक्षित हुँदैनन् किन भने तिनीहरुलाई न त शिक्षकको लिखित तथा मौखिक उद्देश्यहरुका सूचीमा उल्लेख गरिएको हुन्छ न त पाठ्यवस्तु, विद्यालय नीति नियमका दस्तावेज र पाठ्यक्रम परियोजनामा नै समावेश गरिएका हुन्छन्" (Seddon 1989 : 1-2) । यी दुवै परिभाषाले अदृश्य पाठ्यक्रमलाई अझै फराकिलो रुपमा परिभाषित गरेको छ ।

शिक्षाको शब्दकोश (1995) ले अदृश्य पाठ्यक्रमलाई परिभाषित गर्दा यसको सिकाइ प्रक्रिया र सिकाइको स्रोतबारे उल्लेख गरेको छ । विश्वकोषले अदृश्य पाठ्यक्रम मौन तरिकाले (Tacit ways) सिकिने प्रक्रिया हो भनेको छ । ती ज्ञान र व्यवहार आधिकारिक अध्ययन सामग्री र औपचारिक पाठ्यक्रम वा पाठहरु वाहेक सिकिएका हुन्छन् । ती सिकाइ विद्यालयको व्यवस्थापकीय र कर्मचारीतन्त्रको दवाबका परिणाम हुन् । ती दुवै शक्तिहरुका दबाबका कारण विद्यार्थीहरु नियन्त्रित ( dominant) मूल्य, मान्यता र सामाजिक परिपाटी सिक्न वाध्य पारिएका हुन्छन् । "अदृश्य पाठ्यक्रम कुनै शिक्षक विशेषले सिकाउने सिकाइ नभएर विद्यालयले सिकाउने सिकाइ हो" (Meighan:1981) । "अदृश्य पाठ्यक्रम विद्यार्थीले निर्धारित शैक्षिक उद्देश्य भन्दा पनि विद्यालयमा उपस्थित भएका कारण सिक्ने सिकाइ हो" (Haralambos:2005 )।

Print का अनुसार अदृश्य पाठ्यक्रमको सन्देश प्रति विद्यार्थी अज्ञात हुनु पर्दछ , अझ कतिपय अवस्थामा त शिक्षकहरु समेत यसप्रति अनविज्ञ रहन्छन् । Bloom(1992) का अनुसार अदृश्य पाठ्यक्रमको सन्देश लिखित पाठ्यक्रमको भन्दा स्मरणीय र दैनिक अनुभव गरिने हुन्छ । निष्कर्षमा भन्नु पर्दा अदृश्य पाठ्यक्रम लिखित पाठ्यक्रम प्रस्तुत गर्ने सिलसिलामा नै विद्यार्थीमा रुपान्तरण भैरहेका हुन्छन् । यो कुनै एक विशेष शिक्षकले सिकाउने नभएर विद्यार्थी विद्यालयमा उपस्थित भएका कारण सिक्ने सिकाइ हो । अदृश्य पाठ्यक्रम शिक्षक तथा विद्यालयले अपेक्षा गरेका सिकाइ अथवा सिकाइ प्रक्रिया होइनन् र लिखित पाठ्यक्रम वा विद्यालयका कुनै पनि दस्तावेजमा स्पष्ट उल्लेख गरिएका हुँदैनन् ।

अदृश्य पाठ्यक्रमलाई आधारभूत रुपमा तीन दृष्टिकोणबाट हेर्न सकिन्छ ।

क. उपलब्धिको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम

ख. प्रक्रियाको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम

ग. व्यवस्थापनको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम

### क. उपलब्धिको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम

विद्यालयले अपेक्षा गरेको सिकाइ उपलब्धि भन्दा बाहेक विद्यार्थीले चेतनाबिना सिकेको सिकाइ उपलब्धि नै उपलब्धिको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम हो । विद्यालयको कक्षाकोठाभित्र विद्यार्थीहरुले आर्जन गरेको समग्र सिकाइमा अदृश्य पाठ्यक्रमको पनि अंश रहन्छ । Jackson का अनुसार भीड, प्रशंसा र शक्तिको वातावरणमा कसरी बस्न सकिन्छ भन्ने सिकाइले अदृश्य पाठ्यक्रम बन्दछ ।

Synder का विचारमा शैक्षिक प्रणालीले अपेक्षा गरेको भन्दा पनि विद्यार्थीहरुले चाहे अनुसार ग्रहण गरेको कुरा नै अदृश्य पाठ्यक्रम हो ।

### ख. प्रकियाको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम

बालबालिकाहरुको सिकाइ प्रकियाको परिणाममा आधारित हुन्छ । दृश्य पाठ्यक्रम र अदृश्य पाठ्यक्रमको सिकाइ प्रक्रिया अलग अलग हुन्छ । यी दुई पाठ्यक्रम बीचको भिन्नता छुट्याउन कतिपय अनुसन्धानकर्ताहरुले सिकाइ प्रक्रियालाई नै आधार बनाएका छन् । Tursten Husen का अनुसार (Khatri : 2001) अदृश्य पाठ्यक्रमको सिकाइ प्रक्रिया अदृश्य हुन्छ वा अप्रत्यक्ष हुन्छ । यसका सन्देशहरु प्रायः अशाब्दिक हुन्छन् । Saylor and Alexander का विचारमा विद्यालयको सामाजिक वातावरण,समूहमा बस्ने प्रक्रिया र विद्यालय परिवार बीचको अन्तरक्रिया नै अदृश्य पाठ्यक्रम रुपान्तरणका प्रक्रिया हुन् । Print का अनुसार अपेक्षित पाठ्यक्रमको रुपान्तरणसँगै अदृश्य पाठ्यक्रम पनि विद्यार्थीमा रुपान्तरण भैरहेको हुन्छ । माथिको छलफलबाट के निष्कर्ष निकाल्न सकिन्छ भने त्यस्ता अवस्था र प्रक्रिया जसबाट विद्यार्थीले अन्जानमा नै केही सिकिरहेको हुन्छ तिनीहरु नै प्रक्रियाका दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम हुन् ।

### ग. व्यवस्थापनको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम

विद्यालयको भौतिक, सामाजिक, प्रशासनिक, शैक्षणिक व्यवस्थापनको अवस्थाले पनि अप्रत्यक्षरुपले विद्यार्थीहरुलाई धेरै कुराहरु सिकाइ रहेको हुन्छ । तिनै अवस्था व्यवस्थापनको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम हुन् । Saylor and Alexandar का अनुसार विद्यालयको व्यवस्थापकीय र सांगठनिक व्यवस्था पनि अदृश्य पाठ्यक्रम सिकाउने अवस्था हुन् । Tursten Husen (Khatri : 2001) ले विद्यालयको भौतिक र सामाजिक संरचनाले अनपेक्षित रुपमा अदृश्य पाठ्यक्रम सिकाइरहेको हुन्छ भनेका छन् ।

P. W. Jackson को पुस्तक 'Life in the classroom' (1968) अदृश्य पाठ्यक्रमको क्षेत्रमा महत्वपूर्ण कोशेढुङ्गा मानिन्छ । हाम्रा विद्यालयहरुबाट विद्यार्थीहरुले के कस्ता अदृश्य पाठ्यक्रम कसरी सिकिरहेका छन् भन्ने सैद्धान्तिक आधारलाई नै यस अध्ययनको मूल आधार मानिएको छ । उनले कक्षाकोठाको भीड, प्रशंसा र शक्तिको वातावरणमा बस्दा विद्यार्थीले अदृश्य पाठ्यक्रम सिक्ने धारणा अगाडी सारेका छन् । तर यो धारणाले व्यापक क्षेत्र ओगट्न सकेको छैन् । त्यसैले यस अध्ययनले कक्षाकोठाभित्र मात्र नभई विद्यालय परिसरमा पनि भीड, प्रशंसा र शक्तिको वातावरण रहने हुनाले Jackson को कक्षाकोठाभित्रको विश्लेषणलाई विद्यालय परिसरसम्म विस्तार गरिएको थियो । यस अध्ययनमा कक्षाकोठाभित्रका साथै विद्यालय परिसरको भीड,प्रशंसा र शक्तिको वातावरणबाट के कस्ता अदृश्य पाठ्यक्रम विद्यार्थीले कसरी सिकिरहेका छन भन्ने कुराको खोजी गरिएको थियो । Jackson ले 'Life in the classroom' मा भीड,प्रशंसा र शक्तिको अवस्था मिलेर कक्षाकोठामा विशिष्ट जीवन

तयार हुन्छ जसको समग्रता अदृश्य पाठ्यक्रम हो भनेका छन् । यिनै मुख्य ३ वटा पाटा भीडको सदस्य बनेर, प्रशंसा र आलोचनाको पात्र बनेर र संस्थाको नियन्त्रित कार्यकर्ता बनेर विद्यार्थीले अदृश्य पाठ्यक्रम सिकिरहेको हुन्छ । आफ्नो विद्यार्थी जीवनलाई सन्तोषजनक बनाउने हो भने हरेकले अदृश्य पाठ्यक्रम सिक्नै पर्दछ । Jackson ले अमेरिकी विद्यालयहरुमा गरेको अध्ययनका आधारमा निकालिएको निष्कर्षलाई तल दिइएको छ ।

### अ. भीड (Crowds)

अन्य नियमित सिकाइका अतिरिक्त विद्यार्थीहरुले कक्षाकोठाको भीडमा बस्न सिकिरहेका हुन्छन् । विद्यालयमा गरिने अधिकांश क्रियाकलापहरु भीडमा नै गरिन्छन् अर्थात अरुको उपस्थितिमा नै गरिन्छन् । त्यस्तो भीडमा समायोजन हुँदा, अन्तरक्रिया गर्दा विद्यार्थीहरुले विशिष्ट किसिमका ज्ञान, व्यवहारहरु अन्जानमा सिकिरहेका हुन्छन् । तिनीहरु मध्ये केहि यस प्रकारका छन् ।

क. विद्यार्थीहरु आफूलाई केही भन्न मन लागेको कुरा शिक्षकलाई देखाउन हतार गरेर संकेत गर्दछन् ।

ख. सामग्री वितरकका रुपमा विद्यार्थीहरु शिक्षकमाथि भर पर्दछन् ।

ग. विशेष विद्यार्थीहरुले पाएका सुविधाहरु सामान्य विद्यार्थीहरुले अपेक्षा गर्दैनन् ।

घ. विद्यार्थीले विद्यालय भनेको आफूले चाहेको बेला क्रियाकलाप गर्न नपाइने स्थान हो भन्ने कुरा बुझ्दछन् ।

ङ. विद्यार्थी सुस्त गति नै शिक्षकलाई खुशी पार्ने उत्तम गति हो भन्ने बुझ्दछन् ।

च. भीडमा बस्दा आफ्ना चाहनाहरुलाई कसरी त्याग्ने भनेर विद्यार्थीहरुले सिकिरहेका हुन्छन् ।

छ. विद्यार्थीहरु अनावश्यक रुपमा पर्खन सिक्दछन् ।

ज. विद्यार्थीहरु शिक्षकको अगाडी कुनै कार्यमा व्यस्त रहेको देखाउन सिक्दछन् ।

झ. विद्यार्थीहरु भीडमा एक्लै हुन सिक्दछन् ।

ञ. विद्यार्थीले आफ्ना रुचिलाई तुरुन्तै छोडन् र शुरु गर्ने बानी विकास गर्दछन् ।

### आ. प्रशंसा (Praise)

P.W. Jackson का अनुसार अदृश्य पाठ्यक्रमका लागि भीड जतिकै महत्वपूर्ण पक्ष प्रशंसा पनि हो । आधारभूत रुपमा विद्यालयको संरचना मूल्याङ्कन युक्त हुन्छ । भर्खर विद्यालय प्रवेश गरेको एउटा विद्यार्थी त्यतिखेर विद्यालयमा लिइने परीक्षाले केही समयका लागि नजान्ने हुन सक्दछ । विद्यार्थीले विद्यालयमा आफूले गर्ने क्रियाकलापको आफैंले मूल्याङ्कन नगरी त्यसप्रति अरुले कस्तो धारणा राख्दछन्, त्यसलाई महत्वपूर्ण ठान्दछन् । विद्यार्थीले विद्यालयमा समायोजन हुन आफ्ना विचार र कार्यहरु सधैं

अरुद्धारा मूल्याङ्कन गरिएको अवस्थामा बस्न सक्नु पर्दछ । विद्यालयको यस्तो अवस्थाबाट विद्यार्थीले सिक्ने केही सिकाइ तल प्रस्तुत गरिएका छन् ।

क. विद्यार्थीहरुले राम्रो नराम्रो वा असल खरावका बारेमा शिक्षक र सहपाठीले भने अनुसार धारणा निर्माण गर्दछन् ।

ख. विद्यार्थीहरुले उनीहरुका बारेमा गरिएका केही महत्वपूर्ण निर्णयहरु अभिभावक र शिक्षकहरुद्धारा गोप्य राखिएका हुन्छन् भन्ने बुझ्केका हुन्छन् ।

ग. विद्यार्थीहरुले असल र खराव विद्यार्थीहरुको धारणा पहिचान गर्दछन् ।

घ. विद्यार्थीहरुले शिक्षक रिसाउने तत्वहरु पहिचान गर्दछन् ।

ङ. विद्यार्थीहरुले मित्रता र लोकप्रियता सहपाठीहरुको मूल्याङ्कनबाट प्राप्त हुन्छ भन्ने सिक्दछन् ।

च. विद्यार्थीहरु शिक्षकले दोष देखाउनुका साथै प्रशंसा पनि गर्दछन् र साथीहरुले बधाइ दिनुको साथै आलोचना पनि गर्दछन् भन्ने महसुस गर्दछन् ।

छ. विद्यार्थीले विद्यालयका अपेक्षामा शिक्षक र सहपाठीहरुले विरोधाभाषपूर्ण मूल्याङ्कन गर्दछन् भन्ने बुझ्की दुवैलाई स्वीकार्य हुन प्रयास गर्दछन् ।

ज. विद्यार्थीहरु राम्रो रिपोर्ट कार्ड गर्वसाथ देखाउन र कमजोरीहरु लुकाउन सचेत हुन्छन् ।

झ. विद्यार्थीहरु प्रशंसा बृद्धि गर्ने र सजाय घटाउने किसिमको व्यवहार प्रदर्शन गर्दछन् ।

ञ. विद्यार्थी आन्तरिक उत्प्रेरणा भन्दा बाह्य उत्प्रेरणातर्फ आकर्षित हुन्छन् ।

**इ. शक्ति (Power)**

विद्यालय यस्तो स्थान हो जहाँ शक्तिशाली र कमजोरको स्पष्ट विभाजन देखिन्छ । शिक्षक र विद्यार्थी बीचमा रहेको यो असन्तुलित शक्ति कक्षाकोठाको जीवनलाई प्रभावित पार्ने तेश्रो महत्वपूर्ण पक्ष हो । यसलाई विद्यार्थीले अनिवार्य सहज रुपमा स्वीकार्नु पर्दछ । शिक्षक र विद्यार्थी बीचमा रहेको यो असन्तुलित शक्ति कक्षाकोठाभित्रको अवलोकनीय पक्ष हो । यो असमानताले कक्षाकोठाको प्रमुख सामाजिक संरचनालाई प्रस्तुत गर्दछ । P.W. Jackson (1968) का अनुसार स्वभावैले कक्षाकोठामा शिक्षक शक्तिशाली र विद्यार्थी कमजोर हुन्छ जसले कक्षाकोठाको स्वतन्त्रता, अधिकार उत्तरदायित्वलाई प्रभाव पार्दछ । उनका अनुसार कक्षाकोठाको श्रेणीयुक्त वातावरणबाट विद्यार्थीले सिकेका कुरा यस प्रकार छन् ।

क. विद्यार्थीहरु शिक्षकका चाहना अनुसार बस्न सिक्दछन् ।

ख. विद्यार्थीहरुले शिक्षकको आदेशात्मक शक्ति स्वीकार गर्न सिक्दछन् ।

ग. जीवनमा पहिलो पटक विद्यार्थी अपरिचित व्यक्तिको आदेशलाई ग्रहण गर्न सिक्दछन् ।

घ. शिक्षकको योजनाका लागि आफ्ना योजनाहरु त्याग्न विद्यार्थीले सिक्दछन् ।

ङ. विद्यार्थीहरु खेल र कामका बीच फरक महसुस गर्न सिक्दछन् ।

च. विद्यार्थीले मनोवैज्ञानिकको प्रयोगशालाको प्राणीले झैं प्रतिक्रिया दिन सिक्दछन् ।

छ. असल, कामदार, नमूना विद्यार्थी बन्नका लागि विद्यार्थीहरु शिक्षकको शक्तिलाई अनुशरण गर्न सिक्दछन् ।

ज. शिक्षकको शक्तिलाई स्वीकार गर्दा विद्यार्थीहरुले नक्कली व्यवहार देखाउन सिक्दछन् ।

झ. विद्यार्थीहरुले फकाउने व्यवहार सिक्दछन् ।

ञ. स्वतन्त्रता कक्षाकोठामा हुने व्यवहारको विपरित व्यवहार हो भन्ने सिक्दछन् ।

मानवको सर्वाङ्गिण विकासको लागि शिक्षा, शिक्षाको विकासको लागि योजनाबद्ध पाठ्यक्रम र योजनाबद्ध पाठ्यक्रमको विकासको लागि अदृश्य पाठ्यक्रमको विकास हुन आवश्यक पर्दछ । अदृश्य पाठ्यक्रम एउटा महत्वपूर्ण विषय बस्तु मात्र होइन यो औपचारिक पाठ्यक्रमको मेरुदण्ड पनि हो । यो योजनाबद्ध पाठ्यक्रममा सुषुप्त अवस्थामा रहेको छ । अपेक्षित पाठ्यक्रमको साथमा अनपेक्षित पाठ्यक्रमहरु वा उपलब्धिहरु विद्यार्थीहरुले हासिल गरेका हुन्छन् जसलाई अदृश्य पाठ्यक्रम भनिन्छ । विभिन्न विद्वानहरुले प्रतिपादन गरेको जुनसुकै सिद्धान्तमा पनि अदृश्य पाठ्यक्रम रहेको पाइन्छ । यस अध्ययनमा रचनाबाद सिद्धान्तलाई आधार बनाई अध्ययनकर्ताको समस्यासँग सम्बन्धित सैद्धान्तिक साहित्यको समीक्षा गरिएको छ । रचनाबाद सिद्धान्त अनुसार मानव प्राणीले कसरी सिक्छन् भनेर ज्ञानको प्रकृतिलाई व्याख्या विश्लेषणबाट प्रस्तुत गर्दछ । यस दर्शनले व्यक्ति वा विद्यार्थीको सम्पर्कमा आएका वा जानेको कुनै पनि विचारहरु, घटनाहरु र क्रियाकलापहरु बारे अन्तरक्रियामा पनि विद्यार्थीहरुले थाहा नपाइकन अन्तरक्रियाका क्रियाकलापहरु गरिरहेका हुन्छन् । अदृश्यात्मक पाठ्यक्रमको समावेशितामा विद्यार्थीहरुको सिकाइलाई प्रभावकारी बनाउने अवस्था पहिचान गर्न आवश्यक देखिन्छ । यी आवश्यकताहरुमा विद्यार्थीको सिकाइ व्यवहारलाई प्रमुख स्थान दिई अगाडि बढ्नुपर्ने हुन्छ । यसमा शिक्षक एउटा पथप्रदर्शक, सहजकर्ता र सह-अन्वेषक हो ।

सामाजिक रचनाबाद सिद्धान्तका पक्षहरु केलाउँदा : पहिलो पक्ष, समुदायको सिकाइमा मुख्य भूमिका हुन्छ र त्यस्तै विद्यालयका चारैतिरका मानिसहरुले विद्यार्थीको संसारलाई कसरी हेर्दछन् भन्ने कुरामा प्रभाव पार्दछ । विद्यालय समुदाय भित्रको एउटा सानो समुदाय भएको हुदाँ यसभित्र अदृश्यात्मक सिकाइको स्थान रहेको हुन्छ । जुन विद्यार्थीको व्यवहारमा सकारात्मक र नकारात्मक दुवै किसिमले प्रभाव पार्न सक्दछ ।

दोश्रो पक्ष, प्रौढ व्यक्तिहरुको संस्कारको शक्तिले विद्यार्थीहरुको सिकाइ विकासको ढाँचा निर्माण गर्दछ । यो ज्ञानात्मक विकासको औजार हो । यसबाट के स्पष्ट हुन्छ भने विद्यालयका पौढ व्यक्तिहरु भनेका प्र.अ. शिक्षक र विद्यालय कर्मचारीहरु हुन् । उनीहरुका व्यवहारबाट सिकाइ निर्माण भएको हुन्छ । जस्तै शारीरिक लचकता, बोलीको थेगाहरु, हाउभाउ आदि । जुन अदृश्यात्मक रुपमा विद्यार्थीहरुको सिकाइ विकासको औजार भएका हुन्छन् ।

तेश्रो पक्ष, सिकारुद्धारा स्वतन्त्र रुपले पूरा गरिने सिकाइका सीपहरु, अरुको मद्दतले पनि सिकारुले गर्न नसक्ने सिकाइका सीपहरु र उक्त दुई धार बीचको सिकाइ कार्यहरु जो अन्यका मद्दतले हुन्छ । अदृश्यात्मक पाठ्यक्रमका विषय बस्तुहरु पनि त्यस्ता हुन्छन् जुन सिकाइले विद्यालय परिसरमा स्वतन्त्र रुपले विद्यालय वातावरणको ज्ञान लिइरहेका हुन्छन् । यस्तो ज्ञानले सिकारुको सर्वाङ्गिण पक्षको विकासमा टेवा पुऱ्याउदँछ । जसलाई लुप्त पाठ्यक्रम भित्रको सिकाइ भनिन्छ ।

माथि प्रस्तुत सिद्धान्तका आधारमा अनुसन्धानकर्ताको समस्या "कक्षाकोठा भित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम" मा विद्यालयमा शिक्षकको व्यवहारहरु, विद्यार्थीका व्यवहारहरु, विद्यालय समुदाय र वातावरणको अध्ययन अवलोकन गरी कक्षाकोठाभित्र र विद्यालय बाहिर विद्यार्थीहरुले अदृश्य रुपमा सिकेका व्यवहारहरु पहिचान गर्ने, अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा पारेको प्रभावको विश्लेषण गर्ने र अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा सहयोग पुऱ्याउँने उपायहरुलाई सिफारिस गर्ने प्रमुख उद्देश्यहरु समावेश गरी सैद्धान्तिक ढाँचामा रुपान्तरण गरिएको थियो । प्रस्तुत ढाँचाको अतिरिक्त उपलब्धि प्रक्रिया र व्यवस्थापनको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रमलाई पनि अध्ययनको सैद्धान्तिक ढाँचा मानिएको थियो । साथै P.W Jackson को पुस्तक "Life in the classroom"(1968) ले निकालेको निष्कर्ष भीड, प्रशंसा  र शक्तिलाई पनि अध्ययनको सैद्धान्तिक आधार मानिएको थियो ।

## २.२ सम्बन्धित अध्ययनहरुको समीक्षा

अदृश्य पाठ्यक्रमको सम्बन्धमा धेरै अध्ययन भएको पाइँदैन । यस प्रति त्यति चासो दिएको देखिदैन । नेपाललाई अध्ययन क्षेत्र बनाई नेपाली विद्यार्थी लक्ष्मी प्रसाद खत्रीको अध्ययनले नेपालमा अदृश्य पाठ्यक्रमको अध्ययनको ढोका खोलेको छ । खत्री (२००१) ले आफनो अध्ययनमा 'सिकारुको सामाजिक विकासमा अदृश्य पाठ्यक्रमले कसरी प्रभाब पार्दछ' भन्ने विशिष्ट शीर्षकमा तीन वटा विद्यालयमा ११ दिनको अवलोकनबाट प्राप्त सूचनाका आधारमा कक्षाकोठा भन्दा बाहिरको वातावरणबाट विद्यार्थीले सिकेका अनपेक्षित सिकाइलाई बुँदागत रुपमा प्रस्तुत गरेका छन् । विद्यार्थीले अपशब्द र किरीया हाल्ने शब्द प्रयोग गर्न, अग्रजहरु प्रति यान्त्रिक प्रतिक्रिया दिन, तत्कालीन आवश्यकता पूरा गर्ने बानी देखाउन, थिचोमिचोमा परेको अनुभूति गर्न विभेदलाई बढाउन, सीमित अन्तरक्रिया गर्न, पर निर्भरता बढाउन, आत्मकेन्द्रित सहकार्यमा जोड दिन, शक्तिप्रति आत्मसमर्पण गर्न, सिकेको कुरा उल्लेख गरेका छन् ।

खत्री (२००१) ले सातवटा कक्षा कोठामा गरिएको खुल्ला अवलोकनका सूचनाका आधारमा कक्षाकोठाभित्रको अवस्थाबाट विद्यार्थीहरुले शिक्षकद्वारा सिफारिस गरिएको शिष्टाचार प्रदर्शन गर्न, सम्वन्धित जाति र समूहमा बस्न, शिक्षकको कार्यमा समर्पित हुन, सीमित संचार गर्न,आफ्नै संसारमा रमाउन, विपरीत लिङ्ग प्रति अप्राकृतिक प्रतिक्रिया दिन, छलपूर्ण व्यवहार बढाउन सिकेको कुरा अध्ययनमा

उल्लेख गरिएको पाइयो । तीनवटै विद्यालयका प्रधानाध्यापक र शिक्षकसँगको अन्तर्वार्ताबाट प्राप्त सूचनाका आधारमा विद्यार्थीले सिकेको अनपेक्षित सामाजिक व्यवहारहरु अनियमितता र परनिर्भरता व्यवहार बढाउन, गरीविलाई असमानताको सूचकको रुपमा स्वीकार गर्न, वास्तविकता लुकाउन खोज्न, समूहमा समर्पित हुन, विशेष कार्यक्रमहरुमा सामाजिक रुपमा स्वीकार्य व्यवहार देखाउन, कुनै न कुनै रुपमा अस्वस्थ वातावरणमा बस्न सिकेको कुरा अध्ययनको निष्कर्षमा समावेश गरिएको छ । समग्रमा Khatri (2001) द्वारा गरिएको यस अध्ययनले अदृश्य पाठ्यक्रमले बालबालिकाको सामाजिक विकासमा पारेको नकारात्मक पक्षलाई प्रकाशमा ल्याएको छ ।

सापकोटा (२०६३) “कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठय्क्रम” शोधप्रत्रमा प्राथमिक विद्यालयका कक्षाकोठाभित्र र विद्यालय परिसरमा विद्यार्थीहरुले के कस्ता अदृश्य कुराहरु सिकिरहेका छन् र अदृश्य पाठ्यक्रमहरु विद्यार्थीमा कसरी रुपान्तरण भइरहेका छन् भन्ने प्रश्नमा आधारित भई गरेको अनुसन्धानमा विद्यालयका कक्षाकोठाभित्र र विद्यालय परिसरको भीड, प्रशंसा र शक्तिको वातावरणमा बस्दा विद्यार्थीहरुले चेतनाविना नै भीडको बीचमा नक्कली व्यवहार देखाउन, शिक्षकलाई खुसी पार्न, लैङ्गिक विभेद गर्न, 'बस र सुन' भन्ने आदेश ग्रहण गर्न, साथीहरु बीच ईर्श्या र प्रतिश्पर्धा गर्न, चिन्तित हुन, अरुबाट प्रशंसित व्यवहार देखाई आलोचित व्यवहार लुकाउन, आफ्नो खुशी त्याग्न, शिक्षकका चाहना पूरा गर्न, शिक्षकलाई अनुकरणीय र आफूलाई कमजोर ठान्न, आज्ञाकारी बन्न, ठुलालाई भन्दा शक्तिशालीको सम्मान गर्न सिकेको कुरा उल्लेख गरेका छन् ।

सापकोटा (२०६३) ले काभ्रे जिल्लाका ४ वटा प्राथमिक विद्यालयमा आधारित भई अवलोकन शिक्षक तथा विद्यार्थीसँग अन्तर्वार्ता आदिबाट तथ्याङ्क संकलन गरी दिएको निष्कर्षमा विशेष गरी हाम्रा विद्यार्थीहरुलाई भीडको वातावरणले भन्दा प्रंशसा, प्रंशसाको वातावरणले भन्दा शक्तिको वातावरणले बढी नकारात्मक अदृश्य सिकाइ सिकाएको छ । उनले हाम्रो विद्यालयको अप्रजातान्त्रिक अदृश्य पाठ्यक्रम पूर्नसंरचित गर्नु आवश्यक छ भन्ने निष्कर्ष दिएका छन् । हाम्रा योजनाहरुले विद्यालयलाई आकर्षणको केन्द्र प्रभावकारी केन्द्र बनाउन चाहना राखेका छन् तर पनि हाम्रा विद्यार्थीहरु कक्षाकोठाभित्र पस्न गाह्रो मान्दछन्, कक्षाकोठाबाट बाहिरीन हतार गर्दछन् । विद्यालय भित्र प्रवेश गर्न हुलमुल गर्दैनन् तर विद्यालयबाट बाहिरीन तँछाड-मँछाड गर्दछन् । जबसम्म विद्यालय/कक्षाकोठाका पीडादायक अदृश्य पाठ्यक्रम सन्तुष्टिदायक पाठ्यक्रममा पूर्नसंरचित गर्न सकिँदैन तबसम्म शिक्षा योजनाका चाहना पूरा हुन सक्दैनन् भन्ने निष्कर्षलाई उनले प्रस्तुत गरेका छन् ।

जोशी (२००८) द्वारा “अदृश्य पाठ्यक्रम र विद्यालय स्तरका विद्यार्थीमा त्यसको असर” भन्ने शीर्षकमा गरिएको अध्ययनमा २ वटा अनुसन्धानात्मक प्रश्नहरु समावेश गरी खोज गरेका छन् । पहिलो प्रश्न विद्यालय तहमा शिक्षक तथा विद्यालय कर्मचारीबाट विद्यार्थीहरुले कसरी अदृश्य पाठ्यक्रम सिक्छन् ? र दोश्रो शिक्षक तथा प्रशासकको भूमिकाबाट विद्यार्थीहरुले सिकेका अदृश्य सिकाइको सकारात्मक र नकारात्मक प्रभाव के के छन् ? भन्ने रहेका छन् । उनले काठमाडौं जिल्लाका दुई वटा माध्यमिक

विद्यालयमा सीमित रहेर कक्षाकोठाभित्र र बाहिर वातावरणको अवलोकन, शिक्षक, प्रशासनिक व्यक्तिहरुसँगको अन्तर्वार्ता छलफल, विद्यार्थीहरुसँगको अन्तर्वार्ता छलफल, अध्ययनकर्ताका पूर्व अनुभवहरुको आधारमा दिएको निष्कर्ष अध्ययन गर्दा शिक्षक र प्रशासकको भूमिकाबाट दण्डबाट बच्ने उपाय, अरुलाई खुशी पार्ने तरिका आफ्नो पालोमा कार्य गर्ने, नियमको पालन गर्ने, परिश्रम गर्ने, समस्या प्रस्तुत गर्न सक्ने, स्वस्थ हुने उपाय अवलम्बन गर्ने कुराहरु सिकेको पाइयो साथै विद्यार्थीहरुले सजावटमा ध्यान, सरसफाइ, इमान्दारिता प्रदर्शन, पढाइमा सुधार, समूहमा बस्ने समयको पालना गर्ने, उपलब्ध वस्तुको प्रयोग, साथीहरुको नराम्रो बानी भनिदिने, नकारात्मक धारणाको विकास, लागु पदार्थ सेवन गर्ने बानीको विकास, शंकालु, कमजोरी लुकाउने जस्ता सकारात्मक र नकारात्मक सिकाइको विकास गरेको कुरा उल्लेख गरेका छन् ।

जोशी (२००८) ले निष्कर्षमा भनेका छन् विद्यालयले थोपरिएको ज्ञान अनुशासन, अव्यवहारिक शिक्षाले शिक्षक, विद्यालय प्रशासनसँग विद्यार्थीहरु केन्द्रित हुन सिकाएको छ । शिक्षक तथा विद्यालय प्रशासनले विद्यार्थीहरुलाई सक्रिय सिकारुका रुपमा उत्साहित गर्न शिक्षकले सकारात्मक प्रतिक्रियाबाट उत्प्रेरणा जगाउनु पर्दछ । शिक्षक, विद्यालय प्रशासन र विद्यार्थी तथा अभिभावक वीचको सम्बन्ध राम्रो हुनु पर्दछ । साथै विद्यार्थीहरुलाई स्वतन्त्रता प्रदान गर्दै शिक्षक माथि विश्वास कायम गराउँदै अविश्वासको वातावरणलाई हटाई नयाँ खोज तथा विचारको सिर्जना गराउन सुझाव पेश गरेका छन् ।

भण्डारी (२०६८) द्वारा "प्राथमिक तहमा लुप्त पाठ्यक्रम र विद्यार्थीका व्यवहारहरु" भन्ने शीर्षकमा गरिएको अध्ययनमा शिक्षकका व्यवहारहरु र तिनको प्रभाव खोजी गर्नु, वातावरणीय अवस्था र तिनको प्रभाव पहिचान गर्नु, लुप्त पाठ्यक्रमले पारेको नकारात्मक प्रभावलाई सुधार गर्ने उपायहरु खोजी गर्नु जस्ता तीन वटा उद्देश्य राखेका थिए । उनले वर्दिया जिल्लाको गुलरिया नगरपालिकाको ४ वटा सामुदायिक विद्यालयका प्र.अ. शिक्षक र विद्यार्थीहरुलाई नमूना जनसंख्याको रुपमा लिई प्र.अ. सँग अन्तर्वार्ता शिक्षकसँग प्रश्नावलीको अधारमा, विद्यार्थीसँग लक्षित समूह छलफल तथा विद्यालय, विद्यालय परिसर, शिक्षक तथा विद्यार्थीहरुको नियमित अवलोकनबाट प्राप्त सूचनाको आधारमा तथ्याङ्क संकलन तथा विश्लेषण गरी निष्कर्ष निकालेका थिए ।

भण्डारी (२०६८) का अनुसार लुप्त पाठ्यक्रम अध्ययन गर्दा शिक्षकले गृहकार्य दिने र परीक्षण गर्ने अवस्थामा विभिन्न रुपले प्रयोग भएको पाइयो । जस्तो शिक्षकले सधै गृहकार्य दिने र परीक्षण गर्दा विद्यार्थीहरुले दण्डबाट बच्ने, अरुलाई खुशी पार्ने धारणा सिकेको पाइयो । गृहकार्य सधै दिने तर नमुनाको रुपमा २/३ जनाको मात्र परीक्षण गर्दा विद्यार्थीहरुमा दिक्दारीपनको विकास भएको पाइयो तर शिक्षकले तालिका अनुसार हप्ताको २/३ पटक गृहकार्य दिने र परीक्षण गर्दा विद्यार्थीहरुमा नियमको पालना गर्ने, गृहकार्य बुझेर गर्ने बानीको विकास भएको पाइयो । त्यस्तै शिक्षकले कक्षामा शिक्षण गर्दाको अवस्थामा लुप्त पाठ्यक्रमको कार्यान्वयन र त्यसबाट सिकेका सिकाइहरुमा शिक्षकले पाठका लागि आवश्यक पर्ने आधारभूत कुराहरु बताई सरलबाट जटिलतिर पठनपाठन गर्दा विद्यार्थीहरुमा विषयवस्तु प्रष्ट बुझ्ने,

जानेकोबाट नजानेकोतिर जानु पर्दछ भन्ने सिकेको पाइयो । शिक्षकले पुरानो शिक्षण विधि प्रयोग गर्दा विद्यार्थीहरुमा  निश्क्रिय स्रोता बन्ने, भाषण कलाको विकास भएको पाइयो । त्यस्तै भीडमा हतार गर्ने, चाहना पूरा गर्ने,  साथीहरु बीच ईर्श्या, प्रतिश्पर्धा गर्ने, प्रशंसित व्यवहार देखाउन, आलोचित व्यवहार लुकाउन सिकेको पाइयो । आज्ञाकारी बन्न, अनुशासनमा रहन, ठूलालाई सम्मान गर्न, शिक्षक प्रति अन्धविश्वासमा रहन समेत सिकेको पाइयो ।

उनका अध्ययनका सकारात्मक प्रभावहरुमा अरुको अगाडि आफ्नो प्रगति देखाई आकर्षित गर्ने बानीको विकास, सिर्जनात्मक कार्यमा संलग्न हुने, विषयवस्तुलाई सामान्यीकरण गर्न सक्ने सुहाउँदो प्रसंग र उदाहरण प्रस्तुत गर्न सक्ने, अन्तरक्रियामा सहभागी हुने बानीको विकास भएको पाइयो । यसको साथै नकारात्मक प्रभावहरुमा पढ्ने ठाउँ कक्षाकोठा वा विद्यालय मात्र हो भन्ने भावनाको विकास, सिकाइमा निश्क्रिय बन्ने बानीको विकास, शिक्षक माथि बढी विश्वास गर्ने आदि व्यवहारको निर्माण भएको कुरा उल्लेख गरेका छन् । लुप्त पाठ्यक्रमले पारेको नकारात्मक प्रभावलाई सुधार गर्ने उपायहरुमा शिक्षक सधैं नमूनाको रुपमा प्रस्तुत भई विद्यार्थीहरुले तिनीहरुको सिको गर्न सकुन् । शिक्षक, अभिभावक बीच अन्तरक्रिया गरी विद्यार्थीहरुका नकारात्मक व्यवहारहरु सुधार गर्न छलफल गरी उपायहरु निकाल्न सुझाव दिएका छन् । शिक्षकहरुले विद्यार्थीहरुलाई नियन्त्रित वातावरणमा नराखी प्रजातान्त्रिक वातावरणमा आफ्नो स्व : प्रस्तुत गर्न प्रेरित गर्नु पर्ने कुरा उल्लेख गरेका छन् ।

के.सी.(२०६८) ले “प्राथमिक तहका कक्षाहरुमा अदृश्य पाठ्यक्रमको अध्ययन” भन्ने शीर्षकमा गरिएको अध्ययनमा प्राथमिक तहका विद्यार्थीहरुले विद्यालय परिसर र कक्षाकोठाभित्र के कस्ता अदृश्य कुराहरु सिकिरहेका छन् र अदृश्य पाठ्यक्रम कसरी विद्यार्थीहरुमा रुपान्तरण भइरहेका छन्  भन्ने प्रश्नहरु समावेश गरी खोज गरेकी छिन् । उनीले काठमाडौं जिल्लाको धापासी गा.वि.स.का २ सामुदायिक र २ संस्थागत विद्यालयमा सीमित रहेर कक्षाकोठाभित्र र विद्यालय परिसरको अवलोकन तथा शिक्षक र विद्यार्थीहरुसँग अन्तर्वार्ताबाट प्राप्त सूचनाहरुलाई गुणात्मक रुपमा अध्ययन तथा विश्लेषण गरेकी छिन् ।

के.सी. (२०६८) को निष्कर्षलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुले भीडको वातावरणमा हतार गर्ने वानी देखाउन, आफ्ना चाहना पूरा गर्न, भीड नियन्त्रण गर्न बनाइएका नियम पालना गर्न, भीडमा नक्कली व्यवहार देखाउन, शिक्षकलाई खुशी पार्न, लैङ्गिक विभेद गर्न सिकेको पाइयो । संस्थागत विद्यालयका विद्यार्थीहरुले यी कुराका अतिरिक्त शिक्षकको सन्देश ग्रहण गर्न, हतार भएतापनि केही धैर्यता गर्न सिकेको कुरा देखियो । सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्रशंसाको वातावरणमा असल र खराव विद्यार्थीको धारणा विकास गर्न, विरोधाभाषपूर्ण मूल्याङ्कन गर्न, ज्ञानी विद्यार्थी बन्न, ईर्श्या, प्रतिश्पर्धा गर्न, चिन्तित हुन, आलोचित व्यवहार लुकाउन र प्रशंसित व्यवहार देखाउन सिकेको कुरा उल्लेख गरेकी छिन् । संस्थागत विद्यार्थीहरुले यसका अतिरिक्त नेपालीलाई कम र अंग्रेजी विषयलाई बढी महत्व दिन सिकेको कुरा उल्लेख गरिएको छ ।


त्यसैगरी सामुदायिक विद्यायका विद्यार्थीहरुले शक्तिको वातावरणमा शिक्षकलाई प्रमुख र शक्तिशाली मान्न, शिक्षकको चाहना पूरा गर्न, आफ्नो खुशी त्याग्न, शिक्षकप्रति अन्धविश्वास गर्न, शिक्षकलाई अनुकरणीय र आफूलाई कमजोर ठान्न, आज्ञाकारी बन्न, निर्देशन पालना गर्न, शक्तिशालीलाई सम्मान गर्न सिकेको कुरा उल्लेख गरेकी छिन् । संस्थागत विद्यालयका विद्यार्थीहरुले यसको अतिरिक्त उत्तरदायित्व बहन गर्न, सरकारी विद्यालयका विद्यार्थीलाई कमजोर ठान्न र अपमान गर्न, कक्षाकोठालाई केहि सन्तोषप्रद स्थानको रुपमा बुझ्न सिकेको कुरा उल्लेख गरेकी छिन् । उनले शिक्षाको गुणस्तर सुधारको लागि पाठ्यक्रम परिर्वतन र पाठ्यक्रम परिर्वतन गर्दा अदृश्य पाठ्यक्रममा समेत परिर्वतन गर्न सुझाव प्रस्तुत गरेकी छिन् । साथै अदृश्य पाठ्यक्रमलाई परिर्वतन गर्दा यसको सकारात्मक योगदानलाई बढाउन र नकारात्मक असरलाई रोक्न सुझाव दिएकी छिन् । उनीले प्राथमिक स्तरदेखि नै अहिलेको आवश्यकता बमोजिम इन्टरनेट कक्षाहरुको विस्तारमा सरकारले विशेष ध्यान पुऱ्याउन जरुरी देखिएको कुरा सुझावमा उल्लेख गरेकी छिन् ।

माथि उल्लेखित अध्ययनहरुले विद्यार्थीहरुले अज्ञात रुपमा सिकेका अदृश्य पाठ्यक्रमको चर्चा गरेको पाइन्छ तर अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा कस्तो प्रभाव पारेको छ सो सम्वन्धमा भने त्यति चासो दिएको पाइन्न । प्राथमिक तहका बालबालिकाहरुले अदृश्य रुपमा सिकेका व्यवहारको पहिचान गर्दै यसले औपचारिक पाठ्यक्रममा पारेको प्रभावको विश्लेषण गर्दै औपचारिक पाठ्यक्रममा सहयोग पुऱ्याउने उपायहरु सुल्झाउने उद्देश्य लिएर अध्ययनका लागि 'कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम' शीर्षक छनौट गरिएको थियो ।


## २.३ अवधारणात्मक ढाँचा

अवधारणात्मक ढाँचा भनेको अध्ययनकर्ताको अध्ययन गर्ने मानसिक नक्सा हो । जसले अध्ययन गर्नु पर्ने विषयका प्रत्येक अंशलाई अध्ययनको आधारहरु तयार गर्दछ । कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम शीर्षकमा गरिएको अध्ययनका उद्देश्यहरु परिपूर्ति गर्नको लागि निम्नानुसारको अवधारणात्मक ढाँचाको प्रयोग गरिएको थियो ।


क. अदृश्य पाठ्यक्रमको अवधाराणात्मक ढाँचा




ख. पाठ्यक्रम प्रयोगको अवधारणात्मक ढाँचा




ग. अदृश्य पाठ्यक्रम सिकाइको अवधारणात्मक ढाँचा




घ. अदृश्य पाठ्यक्रम सिकाइ प्रकृतिको अवधारणात्मक ढाँचा



ङ.  अदृश्य पाठ्यक्रम र शिक्षक तथा विद्यार्थीहरुका व्यवहारहरु अध्ययनको ढाँचा

**शिक्षकका व्यवहारहरु**

- उत्प्रेरणा प्रदान गर्दाको अवस्था
- शिक्षण गर्दाको अवस्था
- गृहकार्य परीक्षण गर्दाको अवस्था
- सामाजिक कार्य गर्दाको अवस्था
- शिक्षक बीचको अन्तरसम्बन्ध
- शिक्षक विद्यार्थी बीचको सम्बन्ध
- शिक्षकको हाउभाउ

**वातावरणीय अवस्थाहरु**

- प्रशंसायुक्त वातावरणीय अवस्था
- भीडयुक्त वातावरणीय अवस्था
- शक्ति सम्बन्धयुक्त वातावरणीय अवस्था
- कक्षाकोठाभित्रको वातावरण
- विद्यालय परिसरको वातावरण
- भौतिक तथा व्यवस्थापन पक्ष
- अनुशासन तथा नैतिक वातावरण

**विद्यार्थीहरुका व्यवहारहरु**

- सिर्जनात्मक कार्यमा संलग्नता
- अनुशासनको पालना
- आफ्नो प्रगति प्रतिको गौरव
- विषयवस्तुलाई सामान्यीकरण गर्न सक्ने
- सांकेतिक भाषाको प्रयोग
- शिक्षक माथिको विश्वास
- चुपचाप बस्ने संस्कृतिको विकास
- सम्मान तथा स्वागत गर्ने बानी
- उदाहरण प्रस्तुतीकरण
- हतार गर्ने बानी
- आज्ञापालन र इमान्दारिता
- कर्तव्यबोध
- समूहमा मिलेर बस्ने बानी

माथि उल्लिखित पाठ्यक्रम तथा अदृश्य पाठ्यक्रमसँग सम्बन्धित अवधारणाहरु अध्ययन, अवलोकन, अनुसन्धान गरी प्राप्त सूचनाहरुलाई समाजशास्त्रीय, मनोवैज्ञानिक तथा दर्शनशास्त्रीय दृष्टिकोणले विश्लेषण गरी अनुसन्धानकर्ताको अनुसन्धानको शीर्षक “कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम” का उद्देश्यहरुमा आधारित रहेर अनुसन्धान प्रतिवेदन तयार गरिएको छ ।

# परिच्छेद : तीन

## अध्ययन विधि

कुनैपनि अनुसन्धान कार्यलाई उद्देश्य प्राप्ति सम्म पुऱ्याउनका लागि विभिन्न विधिहरु तथा ढाँचाहरुको आवश्यकता पर्दछ । अनुसन्धान कार्यमा अपेक्षित उद्देश्यहरु प्राप्तिका लागि विभिन्न विधिहरु अपनाउन सकिन्छ । अध्ययनका उद्देश्यका प्रकृति, वातावरणीय अवस्था, परिस्थिति र समयानुकुल उपयुक्त विधिको छनौट गर्नु पर्दछ । यो अनुसन्धान गुणात्मक अध्ययन विधिमा आधारित छ । गुणात्मक अनुसन्धान प्राकृतिक खोज, आगमन अनुसन्धान, विहङ्गम दृष्टिकोण (Holistic perspective), गुणात्मक तथ्याङ्क तथा व्यक्तिगत सम्पर्क र अन्तरदृष्टिबाट गरिने गतिशील पद्दति हो । गुणात्मक अनुसन्धानलाई प्राकृतिक मानव जातीय अध्ययनको रुपमा लिइन्छ । यसको उद्देश्य अध्ययनको विषयको प्राकृतिक अवस्थामा प्रवेश गरी त्यसको वहुवास्तविकता पत्ता लगाउनु, प्राकृतिक विविधता पत्ता लगाउनु र त्यसबारेमा अन्तरदृष्टि प्राप्त गर्नु हो । यो मानवशास्त्र, दर्शनशास्त्र, समाजशास्त्र, सामाजिक मनोविज्ञान, प्राकृतिक विज्ञान जस्ता सामाजिक विज्ञानका विज्ञानहरुमा आधारित खोज हो ।

गुणात्मक अनुसन्धानकर्ताले फिल्डमा के भैरहेको छ ? मानिसहरु के गरिरहेका छन् ? तिनीहरुका लागि त्यसको अर्थ के हो ? आदि प्रश्नहरुको उत्तर खोज्ने प्रयास गर्दछ । त्यस्ता गुणात्मक अनुसन्धानकर्ताले मानिसले वास्तविक दैनिक जीवनमा कसरी सोच्ने र काम गर्ने गर्दछन् भन्ने आधारमा संकलित शाब्दिक तथ्यलाई व्याख्या गर्दछन् । यसै अनुसार यस अध्ययनमा पनि विद्यालयको प्राकृतिक वातावरणमा गई विद्यालयमा के भइरहेको छ ? शिक्षक विद्यार्थी के कस्ता अभ्यास गरिरहेका छन् ? भनी शाब्दिक तथ्याङ्क संकलन गरी त्यसैका आधारमा व्याख्या तथा विश्लेषण गर्ने कार्य गरिएको छ ।

### ३.१ अध्ययनको ढाँचा

गुणात्मक अनुसन्धानमा तात्कालिक रुपमा विकसित ढाँचाको उपयोग गरिन्छ । अध्ययनकर्ता आफैं एक साधनको रुपमा हुने हुँदा प्राकृतिक वास्तविकताको खोज, आन्तरिक धारणाहरुको खोज, गुणात्मक विश्लेषण तथा बहु-वास्तविकताको खोजमा जोड दिइन्छ । यसमा लचिलो ढाँचाको उपयोग गरिन्छ । यस अध्ययन अनुसन्धानमा निम्न लिखित रुपमा सूचना प्राप्त गरी प्राप्त सूचनाको आधारमा गुणात्मक रुपमा विश्लेषण र व्याख्या गरिएको छ ।

**अध्ययन ढाँचा (Tools Matrix)**

| क.सं. | उद्देश्य | स्रोत | साधन |
|---|---|---|---|
| १. | प्राथमिक विद्यालयका कक्षा कोठाभित्र र बाहिर विद्यार्थीहरुले अदृश्य रुपमा सिकेका व्यवहारहरु पहिचान गर्ने | विद्यालय, शिक्षक, विद्यार्थी,पत्रिका , पुस्तक तथा दस्तावेज र अभिलेखहरु | अन्तर्वार्ता प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका, अवलोकन निर्देशिका फाराम, दस्तावेज तथा अभिलेख अध्ययन |
| २. | प्राथमिक विद्यालयका कक्षा कोठाभित्र र बाहिर विद्यार्थीहरुले सिकेका अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा पारेको प्रभावको विश्लेषण गर्ने | विद्यालय, शिक्षक, विद्यार्थी,पत्रिका , पुस्तक तथा दस्तावेज र अभिलेखहरु | अन्तर्वार्ता प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका, अवलोकन निर्देशिका फाराम, दस्तावेज तथा अभिलेख अध्ययन |
| ३. | अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा सहयोग पुऱ्याउने उपायहरु सुल्झाउने | अवलोकन,अन्तर्वार्ता तथा छलफलमा पर्ने शिक्षक तथा विद्यार्थी, पत्रिका, पुस्तक, दस्तावेज र अभिलेखहरु | अन्तर्वार्ता प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका, अवलोकन निर्देशिका फाराम, दस्तावेज तथा अभिलेख अध्ययन |

## ३.२ अध्ययनको जनसंख्या

यस अध्ययन कार्यको लागि नेपाल अधिराज्यभरी संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरु प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरु र शिक्षकहरुको जनसंख्यालाई अध्ययनको जनसंख्याको रुपमा लिइएको छ । जसमा कक्षा १–५ सम्म अध्ययनरत सम्पूर्ण विद्यार्थीहरु र प्राथमिक तहमा शिक्षण गर्ने सम्पूर्ण शिक्षकहरुको संख्यालाई अध्ययनको जनसंख्या मानिएको छ । यस अध्ययनको लागि उद्देश्यात्मक नमूना छनौटको आधारमा कलाँती भूमिडाँडा गा.वि.स. भित्र रहेको १ वटा सामुदायिक विद्यालयको शिक्षक र विद्यार्थीहरुलाई नमूना जनसंख्याको रुपमा लिइएको थियो । (हेर्नुहोस अनुसूची- १) ।

## ३.३ नमूना छनौट

नमूना भन्नाले कुनै निश्चित क्षेत्रको जनसंख्याबाट झिकिएको त्यो सानो समूह हो । जसले सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गरेको हुन्छ । गुणात्मक अध्ययन उद्देश्यपूर्ण तरिकाले छनौट गरिएको सानो नमूनामा (एउटै केसमा समेत) गहिरो अध्ययनमा जोड दिन्छ । Patton ले गुणात्मक अनुसन्धानमा नमूनाको आकार यति नै हुनुपर्छ भन्ने कुनै नियम नभएको बताएका छन् । यस अध्ययनमा पनि Patton को विचारलाई अनुशरण गरी उद्देश्यपूर्ण तरिकाले नै क्षेत्र, नमूना र नमूनाको आकार छनौट गरिएको

थियो । अध्ययन अनुसन्धानको प्रक्रियामा सम्पूर्ण जनसंख्यालाई लिएर अध्ययन अनुसन्धान सम्भव हुँदैन । बढी भरपर्दो र विश्वसनीय सूचना प्राप्तिका लागि सम्पूर्ण जनसंख्याको उचित प्रतिनिधित्व हुने गरी नमूनाको आकार छनौट गर्नु उत्तम मानिएकोले सोही अनुसार नमूना छनौट गरिएको थियो ।

### ३.३.१ अध्ययन क्षेत्रको निर्धारण

शिक्षा क्षेत्रको प्रयोग स्थलको रुपमा काभ्रे जिल्ला रहेको छ । उद्देश्यात्मक नमूना छनौटको आधारमा काभ्रे जिल्लाको कलाँती भूमिडाँडा गा.बि.स.लाई अध्ययन क्षेत्र निर्धारण गरिएको थियो । अनुसन्धानकर्ताको पहुँच र सजिलोका कारण पनि यस क्षेत्रलाई प्राथमिकता दिइएको थियो ।

### ३.३.२ विद्यालय छनौट

गुणात्मक अध्धययनले सानो नमूना तर गहिरो अध्ययनमा जोड दिनु पर्छ भन्ने Patton को सुझावको आधारमा यस अध्ययनमा काभ्रेपलाञ्चोक जिल्ला कलाँती भूमिडाँडा गा.वि.स. मा रहेको श्री बाल प्रकाश माध्यमिक विद्यालयलाई नमूना विद्यालयको रुपमा छानिएको थियो । नमूना विद्यालय छनौट गर्न सहज, पँहुच र कम खर्चिलो विधि अपनाइएको थियो ।

### ३.३.३ तह र कक्षा छनौट

कक्षाकोठाभित्रको अवलोकनका लागि नमूनामा छानिएका विद्यालयका आधारभूत तहका कक्षाहरुलाई छनौट गरिएको थियो । सबै कक्षाहरुमा त्याँहाको प्राकृतिक वातावरणलाई प्रभावित नगरी यथास्थितिमा अवलोकन गरिएको थियो ।

### ३.३.४ शिक्षक र विद्यार्थी छनौट

यस अध्ययनमा छलफल तथा अन्तर्वार्ताका लागि सबै शिक्षक तथा विद्यार्थीहरुमा संभव नहुने भएकाले प्रधानाध्यापकको राय सुझाव लिएर लैङ्गिक प्रतिनिधित्व रहने गरी समय दिन तत्पर तथा जिज्ञासु २/३ शिक्षक/शिक्षिका छनौट गरी जम्मा ५ जना शिक्षक छानिएको थियो । विद्यालयका ५ जना शिक्षकसँग अन्तर्वार्ता संचालन गरिएको थियो । त्यस्तै अध्ययनको लागि वास्तविक सूचना प्राप्त गर्न विद्यालयबाट समस्या बुझ्न सक्ने, मन लागेका कुरा स्पष्ट अभिव्यक्त गर्न सक्ने खालका कक्षा ४ को १ छात्र २ छात्रा र कक्षा ५ को १ छात्र २ छात्रालाई नमूनामा छनौट गरिएको थियो । विद्यार्थीहरु छनौट गर्दा उद्देश्यपूर्ण नमूना छनौटविधिद्वारा छानिएको थियो । समग्रमा यस अध्ययनका लागि ५ जना शिक्षक र ७ जना विद्यार्थीहरु गरी जम्मा १२ जना छनौट गरिएको थियो । (हेर्नुहोस अनुसूची–१)।

### ३.४ तथ्याङ्क संकलनका साधन

गुणात्मक अनुसन्धानमा तथ्याङ्क संकलनको प्रमुख साधन अनुसन्धानकर्ता आफैं हो । यसको अर्थ गुणात्मक अनुसन्धानमा तथ्याङ्क संकलनका साधन चाहिंदैनन् भन्ने होइन तर ती साधन नै पूर्ण भने होइनन् । तिनले त तथ्याङ्क संकलनलाई बाटो मात्र देखाउने हुन । अध्ययनको गुणात्मक प्रकृति अनुरुप यस अध्ययनमा अवलोकन, अन्तर्वार्ता, लक्षित समूह छलफल, दस्तावेज तथा अभिलेख अध्ययनलाई तथ्याङ्क संकलनको साधन बनाइएको थियो ।

#### ३.४.१ अवलोकन

यस अध्ययनमा अवलोकनलाई कक्षाकोठाभित्र र विद्यालय परिसरको सन्दर्भमा देखिएका वा घटेका घटनाहरुको अवलोकन गर्ने र विद्यालय परिसरको भीड, प्रशंसा र शक्तिको वातावरणमा विद्यार्थी तथा शिक्षकको व्यवहार अध्ययन गर्न अवलोकन निर्देशिका फाराम तयार गरिएको थियो (हेर्नुहोस अनुसूची–२) । अध्ययनमा कक्षाकोठाभित्र र विद्यालय परिसरको भीड, प्रशंसा र शक्तिको वातावरणमा शिक्षक तथा विद्यार्थीहरुका क्रियाकलाप, अन्तरक्रिया र व्यवहारहरुको अवलोकन गर्नुका साथै ती क्रियाकलाप र व्यवहारहरुको अर्थ बुझ्नका लागि उनीहरुसँग कुराकानी पनि गरिएको थियो । यस्तो अवलोकनले क्रियाकलाप,सामाजिक अर्थ र व्याख्या पत्ता लगाउने उद्देश्यले प्राकृतिक अवस्थालाई हेर्ने, अवलोकन गर्ने र उनीहरुसँग कुराकानी गर्ने कार्य गर्दछ । अवलोकन अन्तर्गत सामान्य व्यवहार,घटना र ती व्यवहार र घटना वरिपरिको सन्दर्भको सम्पूर्ण अङकन पर्दछ ।

#### ३.४.२ अन्तर्वार्ता

विद्यालयहरुबाट के-कस्ता अदृश्य पाठ्यक्रम विद्यार्थीहरुले कसरी सिकिरहेका छन् र त्यसले औपचारिक पाठ्यक्रममा कस्तो प्रभाव पारेको छ भन्ने अध्ययनका लागि शिक्षकसँग अन्तर्वार्ता गरिएको थियो । यसका लागि अन्तर्वार्ता प्रश्नावली तयार गरिएको थियो (हेर्नुहोस अनुसूची–३) । अन्तर्वार्ता दुई वा दुई भन्दा बढी व्यक्तिहरु आमने सामने बसेर निश्चित उद्देश्यमा केन्द्रित भई गरिने वार्तालाप हो । धेरै लेखकहरुले गुणात्मक अन्तर्वार्तालाई ३ प्रकारमा (संरचित, अर्धसंरचित र असंरचित) विभाजन गरेको पाइन्छ । संरचित अन्तर्वार्तालाई स्तरीकृत अन्तर्वार्ता पनि भनिन्छ । यस्तो अन्तर्वार्ता संख्यात्मक अनुसन्धानमा प्रयोग गरिन्छ । अर्धसंरचित अन्तर्वार्ता ढाँचाका हिसाबले संरचित र असंरचितको बीच तिर पर्दछ । यसमा अनुसन्धान कर्ताले अपेक्षित क्षेत्रका विभिन्न प्रश्नहरु समावेश गरिएको अन्तर्वार्ता निर्देशिका तयार पार्दछ । यस्ता प्रकारका अन्तर्वार्ता गुणात्मक अनुसन्धानमा धेरै प्रयोग गरिने तर्क Flick को रहेको छ । असंरचित अन्तर्वार्ता गहिरो अन्तर्वार्ताका नामले पनि चिनिन्छ । यसलाई अनौपचारिक वार्तालाप पनि भनिन्छ । यसमा प्रश्नहरु र त्यसको क्रम वार्तालापको समयमा नै निर्धारण गरिन्छ । गुणात्मक अनुसन्धानमा यी तीनै किसिमका अन्तर्वार्तालाई संयुक्त रुपमा प्रयोग गर्न सकिने Patton को धारणा छ । यस अध्ययनमा Patton को सुझावलाई अपनाइएको थियो । पहिले शिक्षकसँग अनौपचारिक

कुराकानीद्धारा अन्तर्वार्ता शुरु गरी अध्ययनको समस्या तर्फ आकर्षित गरिएको थियो र अन्तर्वार्ता निर्देशिकाको सहयोग लिँदै उद्देश्य केन्द्रित अन्तर्वार्ता लिइएको थियो ।

### ३.४.३ लक्षित समूह छलफल

सूचनाको स्रोतको रुपमा छनौट गरिएका नमूना विद्यार्थीहरु ३ छात्र र ४ छात्रा गरी जम्मा ७ जनासँग गुणात्मक र वास्तविक सूचना प्राप्त गर्ने गरी लक्षित समूह छलफल निर्देशिकाको आधारमा लक्षित समूह छलफल गरिएको थियो (हेर्नुहोस अनुसूची–४) । यस छलफलबाट शिक्षक तथा विद्यालय कर्मचारीहरुको व्यवहार, विद्यार्थीहरुको व्यवहार र अदृश्य पाठ्यक्रम सम्बन्धी सूचनाहरु प्राप्त गर्न सजिलो भएको थियो ।

### ३.४.४ दस्तावेज तथा अभिलेख अध्ययन

यस अध्ययनको स्रोतको रुपमा विद्यालय कक्षाकोठा तथा विद्यालय परिसरका विभिन्न अभिलेखहरु पनि रहेका थिए । साथै विद्यालयमा रहेका विविध दस्तावेजहरु, पाठ्यक्रम, पाठ्यपुस्तक अन्य सन्दर्भ सामग्रीहरुलाई अध्ययनको स्रोतको रुपमा प्रयोग गरिएको थियो । विभिन्न सोधकर्ताहरुले अनुसन्धान गरेका यस विषयसँग सम्बन्धित शोधपत्रहरु, पुस्तकहरु पनि अध्ययनका स्रोतका रुपमा रहेका थिए । यस अध्ययनको अर्को स्रोतको रुपमा P.W. Jackson को "Life in the classroom" (1968) रहेको थियो । यसको अलावा विभिन्न पत्र पत्रिका, बुलेटिन, प्रलेखहरुलाई पनि अध्ययनको स्रोतको रुपमा लिइएको थियो।

### ३.५ तथ्याङ्क संकलन प्रकिया

तथ्याङ्क संकलन गर्नको लागि यस अनुसन्धानमा अनुसन्धानकर्ताको क्रियाशीलतालाई विशेष जोड दिइएको थियो । अध्ययनकर्ताले विद्यालय, विद्यालय परिसर तथा कक्षाकोठाभित्र गर्ने अवलोकन, अन्तर्वार्ता, लक्षित समूह छलफल जस्ता विषयमा गहन रुपमा अगाडी बढाएको थियो । विद्यालयका प्र.अ.सँग समन्वय गरी अनुमतिको आधारमा शिक्षक तथा विद्यार्थीहरुमा परिचयात्मक रुपमा अगाडी बढिएको थियो । आफ्नो अध्ययन विशुद्ध प्राज्ञिक उद्देश्यको लागि भएको जानकारी गराँउदै शिक्षक तथा विद्यार्थीहरुबाट यथार्थ सूचना संकलन गरिएको थियो । तथ्याङ्क संकलनका स्रोत र साधनहरु अवलोकन निर्देशिका, अन्तर्वार्ता निर्देशिका, लक्षित समूह छलफल निर्देशिका, दस्तावेज तथा अभिलेख अध्ययनलाई उचित प्रयोग गरी वास्तविक सूचनाहरुलाई संकलन गर्दै अध्ययनको गहिराइमा पुगेर विश्लेषण गरिएको छ ।

## ३.६ प्रमाणीकरण

प्रमाणीकरण गुणात्मक अनुसन्धानलाई वैध र विश्वसनीय वनाउने तरिका हो । प्रमाणीकरण धेरै प्रकारका तथ्याङ्कहरु प्रयोग गर्ने धेरै विधिले तथ्याङ्क संकलन गर्ने, धेरै अनुसन्धानकर्ता प्रयोग गरी अनुसन्धानका प्राप्तिलाई वैध वनाउने प्रक्रिया हो । प्रमाणीकरणका चार आधारभूत प्रकारहरु यस प्रकार छन् ।

क. तथ्याङ्क प्रमाणीकरण (अध्ययनमा तथ्याङ्कका धेरै स्रोतहरु प्रयोग गर्ने)

ख. अनुसन्धानकर्ता प्रमाणीकरण (अध्ययनमा एक भन्दा बढी अनुसन्धानकर्ता संलग्न गराउनु)

ग. सिद्धान्त प्रमाणीकरण (एउटै तथ्याङ्कलाई बहुदृष्टिकोणले व्याख्या गर्नु)

घ. विधि प्रमाणीकरण (एउटै समस्यालाई धेरै किसिमका विधि प्रयोग गरी अध्ययन गर्नु)

यस अध्ययनलाई अनुसन्धानकर्ता प्रमाणीकरण बाहेकका अन्य तीनवटा विधिको आधारमा प्रमाणीकरण गरिएको छ । आफू एक्लैले अध्ययन गरेकोले बेग्लै लिङ्ग, पृष्ठभूमि, कौशलका हिसाबले अनुसन्धानकर्ता प्रमाणीकरण संभव थिएन । तर अनुसन्धानकर्ताको शिक्षण अनुभव (१८ वर्षको) लाई प्रमाणीकरणमा प्रयोग गरिएको छ । अध्ययनमा मनोवैज्ञानिक, समाजशास्त्रीय दर्शनशास्त्रीय दृष्टिकोणले तथ्याङ्कलाई विश्लेषण गरेर सिद्धान्त प्रमाणीकरण कायम गरिएको छ । अवलोकन, अन्तर्वार्ता, अध्ययनकर्ताको शिक्षण अनुभव र साहित्यको पुनरावलोकन, दस्तावेज अध्ययन, अभिलेख अध्ययनबाट एउटै समस्यालाई बहु विधिले अध्ययन गरी विधि प्रमाणीकरण विधि कायम गरिएको छ भने तथ्याङ्क प्रमाणीकरण छात्र-छात्रा, शिक्षक, जाति, जनजातिबाट तथ्याङ्क संकलन गरेर प्रयोग गरिएको छ । साथै तथ्याङ्क संकलनका लागि तयार पारिएका साधनहरुको वैधता आन्तरिक निर्देशकको सल्लाह अनुसार कायम गरिएको थियो ।

## ३.७ तथ्याङ्कको व्याख्या एवं विश्लेषण

यस अध्ययनको लागि छनौटमा परेको विद्यालयमा गई माथि उल्लिखित तथ्याङ्क संकलनका साधनका आधारमा उल्लिखित जनसंख्याबाट तथ्याङ्क तथा सूचना संकलन गरी कक्षा अवलोकन, अन्तर्वार्ता, लक्षित समूह छलफल, दस्तावेज अध्ययन तथा अभिलेख अध्ययनबाट प्राप्त शाब्दिक सूचनाहरुको आधारमा आफ्ना अनुभवलाई समेत समेट्दै दर्शनशास्त्रीय, समाजशास्त्रीय र मनोवैज्ञानिक दृष्टिकोणले व्याख्या तथा विश्लेषण गरी प्राप्ति, निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङक व्याख्या विश्लेषण

कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम शीर्षकमा गरिएको यस अध्ययनमा अनुसन्धानकर्ताले कक्षाकोठाभित्र र विद्यालय परिसरमा गरेको अवलोकन, शिक्षकसँग लिएको अन्तरवार्ता, विद्यार्थीहरुसँग गरिएको लक्षित समूह छलफल र दस्तावेज तथा अभिलेख अध्ययनबाट प्राप्त सूचनाहरुको साथै आफ्ना शिक्षण अनुभवहरुबाट संकलित शाब्दिक तथ्याङ्कहरुलाई दर्शनशास्त्रीय, समाजशास्त्रीय र मनोवैज्ञानिक दृष्टिकोणले विश्लेषण गरिएको छ । प्राथमिक विद्यालयका कक्षाकोठाभित्र र बाहिर विद्यार्थीहरुले अदृश्यरुपमा सिकेको व्यवहारहरुलाई औपचारिक पाठ्यक्रमको कार्यान्वयनमा सिकेका व्यवहारहरु, औपचारिक सिकाइको समग्र सिकाइमा सिकेको व्यवहारहरु, शिक्षकका व्यवहारबाट सिकेका व्यवहारहरु र वातावरणीय अवस्थाबाट सिकेका व्यवहारहरु गरी ४ पक्षबाट विश्लेषण गरिएको छ । साथै अदृश्य पाठ्यक्रमले औचारिक पाठ्यक्रममा पारेको प्रभावलाई पाठ्यक्रमका तत्व र उद्देश्यका स्रोतमा पारेको प्रभाव, पाठ्यक्रम विकासका आधारमा पारेको प्रभाव, पाठ्यक्रम परिवर्तनमा प्रभाव पार्ने तत्वमा पारेको प्रभाव र पाठ्यक्रम प्रयोगमा पारेको प्रभाव गरी ४ पक्षबाट विश्लेषण गरिएको छ । साथै प्राप्त सूचना, विश्लेषण र अनुभवको आधारमा अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा सहयोग पुऱ्याउने उपायहरु सुल्झाइएको छ ।

### ४.१ विद्यार्थीहरुले अदृश्य रुपमा सिकेका व्यवहारहरु

बालबालिकाहरुको पहिलो पाठशाला उसको घर हो भने दोश्रो पाठशाला विद्यालय हो । विद्यार्थीहरुले घर, समाज, वातावरण र विभिन्न परिवेशबाट अदृश्य रुपमा विभिन्न सिकाइहरु सिकिरहेका हुन्छन् र ती सबै सिकाइहरुले औपचारिक पाठ्यक्रममा सकारात्मक र नकारात्मक दुवै प्रभाव पारेका हुन्छन् । यस अनुसन्धानलाई कक्षाकोठाभित्र र विद्यालय परिसरमा सीमित गरी अनुसन्धानकर्ताले विद्यालयमा नियमित उपश्थित भई प्रत्यक्ष अवलोकन, शिक्षक अन्तर्वार्ता, विद्यार्थीसँग लक्षित समूह छलफल र दस्तावेज तथा अभिलेखहरु अध्ययनबाट प्राप्त सूचनाहरुलाई गुणात्मक रुपमा विश्लेषण गरी विद्यार्थीहरुले अदृश्य रुपमा सिकेका व्यवहारहरुलाई निम्न ४ पक्षबाट प्रस्तुत गरिएको छ ।

#### ४.१.१ औपचारिक पाठ्यकमको कार्यान्वयन अर्थात प्रयोगमा सिकेको व्यवहारहरु

औपचारिक पाठ्यक्रमको कार्यान्वयन अर्थात प्रयोग स्थल विद्यालय हो । औपचारिक पाठ्यक्रमको प्रयोग गर्दा विद्यार्थीहरुले अप्रत्यक्ष रुपमा विभिन्न कुराहरु सिकिरहेका हुन्छन् । विद्यालयले बनाउने बार्षिक कार्यतालिका, बार्षिक शैक्षणिक योजना, इकाई योजना र दैनिक पाठ योजनाबाट पनि बालबालिकाहरुले विभिन्न कुराहरु सिकिरहेका हुन्छन् । विद्यार्थीहरुले प्राप्त गरेको वार्षिक कार्यतालिकाबाट

उनीहरुले कुनै पनि काम गर्न निश्चित योजना हुनुपर्ने, त्यो योजनामा के गर्ने, कहिले गर्ने जस्ता कुराहरु हुनुपर्ने कुराहरु सिकेको देखियो । साथै कार्ययोजनामा दिइएका विविध पर्व बिदाहरुबाट उनीहरुले त्यसप्रति जिज्ञासा दिएको पर्वहरुको विविधताप्रति चासो दिएको साँस्कृतिक तथा धार्मिक महत्वमा ध्यान दिएको जाति अनुसार धर्म र संस्कृतिमा पनि विविधता रहेको जस्ता कुराहरु सिकेको पाइयो । विदामा कहाँ जाने, के गर्ने जस्ता सोचाईको विकासले उनीहरुले सामान्य योजना बनाउन तथा आफ्ना चाहनाहरुलाई पूरा गर्न सिकेको भेटियो ।

विद्यालयमा हुने नियमित कार्यक्रम जस्तैः अतिरिक्त क्रियाकलाप, खेलकुदबाट समूहमा प्रतिपर्धा गर्न, हार जितलाई स्वीकार गर्न, समूहमा मिलेर बस्न, आ-आफ्ना मिल्दा सहपाठी छनौट गर्न, अनुशासनमा रहन सिकेको पाइयो । विभिन्न क्रियाकलाप र खेलकुदमा विद्यार्थीहरुले थर्नडाइकको प्रयत्न र भूल सिद्धान्त अनुसार आफ्ना कमी कमजोरीहरुलाई क्रमशः सुधार गर्दै प्रतिश्पर्धामा अगाडि बढ्न सिकेको देखियो । साथै मनोवैज्ञानिक प्याभलभको सम्बन्ध प्रत्यावर्द्धनको सिद्धान्त अनुसार उनीहलाई प्रेरणा, पुनर्वल, अभ्यास र आशाले प्रभाव पारेर अदृश्य सिकाइमा सहयोग पु¥याएको पाइयो । यस सिद्धान्तले राम्रा बानीहरु विकास गर्न र नराम्रा व्यवहारहरु हटाउन बालबालिकाहरुलाई अदृश्य रुपमा नै सिकाइएको भेटियो । विद्यालयबाट समयसमयमा प्रकाशन गरिने भित्तेपत्रिकाले उनीहरुलाई अदृश्य रुपमा नै सृजनशीलता सिकाई रहेको पाइयो । बालबालिकाहरुले कविता, चुट्किलामा बढी रुचि राखेको, चित्रकलामा रुचि राखेको देखियो । यसले संज्ञानात्मक र मनोक्रियात्मक सिकाइमा अप्रत्यक्ष रुपमा सहयोग पु¥याएको देखिन्छ ।

प्राथमिक तहका बालबालिकाहरु प्राय ६ देखि ११/१२ वर्ष सम्मका हुन्छन् । यस उमेरका बालबालिकाहरुलाई मनोवैज्ञानिकहरुले समूहको उमेर, सृजनात्मक उमेर र खेलको उमेर भनेर नामाकरण गरेको पाइन्छ । वास्तवमा विद्यार्थीहरुले यस तथ्यलाई अदृश्य रुपमा नै प्रमाणित गरेको पाइयो । अर्थात् उनीहरुले अदृश्य रुपमा नै समूहमा मिलेर बस्न र खेल्न, सृजनात्मक विकास गर्न, विभिन्न खेलहरुमा रुचि जगाउन प्रतिस्पर्धा गर्न सिकेको देखियो । वार्षिक शैक्षणिक योजना, एकाई योजना र पाठ योजनाको कार्यान्वयनको क्रममा उनीहरुले शिक्षक नै ज्ञानका स्रोत हुन्, उनीहरुले बोलेको र भनेको कुरा नै सही हुन्, उनीहरुले भनेको मान्नु पर्छ भन्ने कुराहरु सिकेको भेटियो । विद्यालयले विद्यार्थी भर्ना अभिबृद्धिको लागि वितरण गरिएको विद्यालय परिचय पुस्तिका (Brochure) ले विद्यालयप्रति माया जगाउन, गौरव गर्न, अपनत्वको भावना जगाउन अप्रत्यक्ष रुपमा सिकाएको पाइयो ।

### ४.१.२ औपचारिक सिकाइको समग्र सिकाइमा सिकेका व्यवहारहरु

शिक्षा एक गतिशील र निरन्तर चलिरहेने प्रक्रिया हो । यो कोक्रोबाट शुरु हुन्छ र चिहानमा अन्त्य हुन्छ । जीवनका हरेक क्षणमा सिक्ने र सिकाउने प्रक्रिया चलिरहन्छ । यो सिक्ने र सिकाउने क्रम ज्ञात वा अज्ञाात रुपमा रहिरहन्छ । अज्ञात रुपमा बालबालिकाहरुले सिकेका र व्यवहारमा परिवर्तन गरेका

कुराहरु नै अदृश्य पाठ्यक्रम हो । औपचारिक सिकाइको समग्र सिकाइमा सिकेका व्यवहारहरुलाई (अदृश्य पाठ्यक्रमलाई) आधारभूत रुपमा तीन दृष्टिकोणबाट हेर्न सकिन्छ ।

**क. उपलब्धिको दृष्टिकोणबाट सिकेका अदृश्य व्यवहारहरु**

विद्यालयले अपेक्षा गरेका सिकाइ उपलब्धि भन्दा बाहेक चेतनाबिना सिकेको सिकाइ उपलब्धि नै उपलब्धिको दृष्टिकोणबाट सिकेका अदृश्य पाठ्यक्रम हो । विद्यालयको कक्षाकोठाभित्र विद्यार्थीहरुले आर्जन गरेको समग्र सिकाइमा अदृश्य पाठ्यक्रमको अंश रहन्छ । Jackson का विचारमा भीड, प्रशंसा र शक्तिको वातावरणमा कसरी बस्न सकिन्छ भन्ने सिकाइले अदृश्य पाठ्यक्रम बन्दछ । Synder का विचारमा शैक्षिक प्रणालीले अपेक्षा गरेको भन्दा पनि विद्यार्थीहरुले चाहे अनुसार ग्रहण गरेको कुरा नै अदृश्य पाठ्यक्रम हो ।

कक्षाकोठाभित्र र बाहिर बालबालिकाहरुले भीडमा मिलेर बस्न, मिलेर खेल्न, समूह निर्माण गर्न, समूहको नेतृत्व लिन सिके भने शिक्षकको उपशिथतिमा अनुशासित रहन, शान्तरहन चुपचाप बस्न, नरम र मीठो बोल्न सिकेको पाइयो । गुरुको माया र प्रशंसामा इमान्दार, बफादार र कर्तव्यनिष्ठ रहन सिकेको भेटियो । शक्ति र प्रशंसाको वातावरणमा सिकेका व्यवहारहरु प्राय अस्थायी प्रकृतिको रहेको देखियो । विद्यार्थीहरुले पाठ्यपुस्तकमा प्रयोग गरिएका चित्रहरु हेरेर चित्र कोर्न, समूहमा बस्न, मिलेर बस्न, सिकेको पाइयो । विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलापबाट प्रतिश्पर्धी हुन, हार जितलाई स्वीकार्न, इर्श्या गर्न, द्वन्द्व गर्न सिकेको भेटियो । अरुका कुराहरु नक्कल गर्ने प्रतियोगितामा राम्रा कुराहरुलाई ग्रहण गर्दै नराम्रा कुराहरुलाई त्याग्दै अघि बढ्न सिकेको देखियो ।

**ख. प्रक्रियाको दृष्टिकोणबाट सिकेका अदृश्य व्यवहारहरु**

बालबालिकाहरुको सिकाई प्रक्रियाको परिणाममा आधारित हुन्छ । दृश्य पाठ्यक्रम र अदृश्य पाठ्यक्रमको सिकाइ प्रक्रिया अलग अलग हुन्छ । यी दुई पाठ्यक्रम बीचको भिन्नता छुट्याउन कतिपय अनुसन्धानकर्ताले सिकाइ प्रक्रियालाई नै आधार बनाएका छन् । अदृश्य पाठ्यक्रमको सिकाइ प्रक्रिया अदृश्य हुन्छ वा अप्रत्यक्ष हुन्छ । विद्यालयको सामाजिक वातावरण, समूहमा बस्ने प्रक्रिया र विद्यालय परिवार बीचको अन्तरक्रिया नै अदृश्य पाठ्यक्रम रुपान्तरणका प्रक्रिया हुन् । त्यस्ता अवस्था र प्रक्रिया जसबाट विद्यार्थीहरुले अन्जानमा नै केही सिकिरहेको हुन्छ तिनीहरु नै प्रक्रियाका दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम हुन् ।

बालबालिकाहरुले खेलकुदमा प्रतिश्पर्धी हुन, आपसमा सहयोग गर्न, अनुशासित हुन सिकेको भेटियो साथै साथीहरुलाई चोटपटक लाग्दा वा आपत पर्दा सहयोग गर्न, सहानुभूति दिन, दुःखमा साथ दिन सिकेको देखियो । भित्तेपत्रिका हेरेर सिर्जनशीलताको विकास गर्न, कल्पना गर्न, नक्कल गर्न सिकेको पाइयो । समूहमा बस्दा, क्रियाकलाप गर्दा, शिक्षकहरुसँग रहँदा आदर, सम्मान गर्न, अरुलाई खुशी पार्न र

खुशी रहन, दुःख विर्सन, आपसमा भावना साट्न सिकेको भेटियो । विद्यालयको सामाजिक वातावरणबाट समूहमा समायोजन हुन, मिलेर बस्न अरुलाई खुशी पार्न, अरुको नक्कल गर्न, अरुलाई प्रशंसा गर्न, शक्तिशालीको पछि लाग्न, कमजोरलाई हेप्न सिकेको देखियो । सबैले बलेकै आगो ताप्छन भन्ने सामाजिक आख्यान अनुसार नै सबैले शक्तिशालीकै पछि लागेको पाइयो । कक्षाकोठाभित्रको तथा प्रार्थना समयको बसाइ व्यवस्थाले छात्र छात्रा छुट्टा छुट्टै वस्नु पर्ने रहेछ भन्ने कुरा सिकेको देखियो ।

### ग. व्यवस्थापनको दृष्टिकोणबाट सिकेका अदृश्य व्यवहारहरु

विद्यालयको भौतिक, सामाजिक, प्रशासनिक, शैक्षणिक व्यवस्थापनको अवस्थाले पनि अप्रत्यक्ष रुपमा विद्यार्थीहरुलाई धेरै कुराहरु सिकाइ रहेको हुन्छ । तिनै अवस्था व्यवस्थापनको दृष्टिकोणबाट देखिने अदृश्य पाठ्यक्रम हुन । Saylor and Alexander का अनुसार विद्यालयको व्यवस्थापकीय र सांगठनिक अवस्था पनि अदृश्य पाठ्यक्रम सिकाउने अवस्था हुन् । Tursten Husen ले विद्यालयको भौतिक र सामाजिक संरचनाले अनपेक्षित रुपमा अदृश्य पाठ्यक्रम सिकाइ रहेको हुन्छ भनेका छन् ।

विद्यालयको कक्षाकोठामा देखिएको फोहरले कक्षा सफा राख्ने काम परिचरको मात्र हो भन्ने सिकेको पाइयो भने शौचालय र यसको वरिपरि गरिएको फोहोरले शौचालय फोहर गर्ने ठाउँ हो भन्ने धारणा बसेको देखियो । विद्यालय वरिपरि फालिएका कागजका टुक्रा हेर्दा बालबालिकाहरुले कागजका टुक्रा जहाँ फालेपनि हुन्छ भन्ने सिकेको भेटियो । विद्यार्थीहरुले शक्तिको प्रभावमा मात्र सर-सफाइमा ध्यान पुऱ्याउने गरेको देखियो । शक्तिशालीलाई सम्मान गर्ने, ठुलालाई आदर गर्ने, सानालाई हेला गर्ने, कमजोरलाई सबैले हेप्ने सामाजिक संस्कारलाई बालबालिकाहरुले अनुकरण गरेको भेटियो । विद्यालयको कक्षाकोठाभित्र राखेको सरस्वतीको फोटो हेरेर उनीहरुले सरस्वती भनेको ज्ञानदाता, ज्ञानको भण्डार हो उनको पूजा र सम्मान गर्नु पर्छ उनको पूजाले विद्या आर्जन गर्न सकिन्छ भन्ने सिकेको पाइयो । कार्यालय कक्ष र कक्षाकोठाभित्रको फर्निचर व्यवस्था हेरेर उनीहरुले कोठाको फर्निचर सजावट र व्यवस्थापन गर्न सिकेको देखियो ।

### ४.१.३ शिक्षकका व्यवहारबाट सिकेका व्यवहारहरु

बालबालिकाहरुको पहिलो पाठशाला उसको घर हो भने दोश्रो पाठशाला विद्यालय हो । घरबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्नो आमा, बुबा, दाजु भाई दिदी बहिनी तथा अन्य सदस्यहरुबाट विभिन्न कुराहरु सिकिरहेका हुन्छन् । त्यसको गहिरो प्रभाव उनीहरुमा परेको हुन्छ । विद्यालय पनि बालबालिकाहरुको घर हो जहाँ शिक्षक, कर्मचारी र विद्यार्थीहरुबाट उनीहरुले विभिन्न व्यवहारहरु सिकिरहेका हुन्छन् । शिक्षक तथा कर्मचारीहरुले पनि जानेर वा नजानेर, प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अदृश्य पाठ्यक्रमको प्रयोग र हस्तान्तरण गरेको पाइयो । लुप्त पाठ्यक्रमको प्रयोग अर्थात कार्यान्वयनको अवस्था अध्ययन गर्दा प्रयोग गरिएको अवलोकन, शिक्षक अन्तर्वार्ता, विद्यार्थीसँग गरिएको लक्षित समूह छलफल, दस्तावेज तथा अभिलेख अध्ययनबाट प्राप्त सूचनाहरुको आधारमा आफ्ना अनुभवहरुलाई समेट्दै

शिक्षक, कर्मचारीहरुको व्यवहारबाट सिकेका व्यवहारहरुलाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

### क. शिक्षण गर्दाको अवस्थाबाट सिकेका व्यवहारहरु

प्राथमिक तहका बालबालिकाहरुले शिक्षकलाई आफ्ना माता पितालाई भन्दा पनि बढी विश्वास गर्दछन् । शिक्षकले भनेको र गरेको व्यवहारबाट उनीहरुलाई गहिरो र अकाट्य प्रभाव परेको हुन्छ । उनीहरु माता पिताबाट भन्दा पनि शिक्षकबाट धेरै डराउने हुन्छन् । उनीहरुले कक्षाकोठाभित्र शिक्षकको हरेक व्यवहारहरुलाई मौन र सचेत भई अवलोकन गर्ने र अनुकरण गर्ने गरेको पाइयो । कक्षामा शिक्षण गर्दा प्रयोग गर्ने विभिन्न क्रियाकलाप, हाऊभाऊ, तौर तरिकाबाट उनीहरुले विभिन्न कुराहरु सिकिरहेको पाइयो । शिक्षकका क्रियाकलाप, हाऊभाऊ, तौरतरिकाको नक्कल गर्ने, अनुकरण गर्ने, प्रयोग गर्ने जस्ता व्यवहारहरु विद्यार्थीहरुले अप्रत्यक्ष रुपमा सिकेको देखियो । सरलबाट जटिलतिर शिक्षण गर्दा उत्साहित र क्रियाशील भएको देखियो भने जटिल विषयबस्तुको शिक्षणबाट निष्क्रिय हुने, गफ गर्ने, ध्यान नदिने जस्ता व्यवहारहरु देखाएको पाइयो ।

सामाजिक निर्माणवादका प्रवर्तक लेभ भिगोत्स्कीका अनुसार प्रत्येक विद्यार्थीहरुले आत्मसाथ गरेको अन्तर्निहित गुणहरुले उनीहरुको व्यवहार निर्माण र ज्ञानात्मक पक्षको विकास हुन्छ । यस आधारमा हेर्दा विद्यार्थीहरुले अन्जानमा नै विभिन्न किसिमका बानीको विकास गरेको पाइयो । व्याख्यान विधिबाट शिक्षण गर्दा भाषण गर्ने कलाको विकास गरेको, शैक्षिक सामग्रीको प्रयोग गर्दा क्रियाशीलताको विकास गरेको, प्रयोगात्मक रुपमा शिक्षण गर्दा शैक्षिक क्रियाकलापमा अभ्यस्त भएको खोज र समस्या समाधान तर्फ क्रियाशील भएको देखियो । शैक्षिक जगतमा प्रख्यात चिनीयाँ भनाई If I hear, I forget. If I See, I remember and If I do, I understand it.लाई वास्तविक चरितार्थ गरेको पाइयो । शिक्षाविद Cobun को निष्कर्ष अनुसार ९०% सिकाइ बालबालिकाहरुले आफैंले भनेर गरेको क्रियाकलापबाट हुन्छ । त्यस्तै उनको अर्को निश्कर्ष छ सिकाइको सूचना प्रवाह १% स्वादको माध्यमबाट हुन्छ भने ८३% सिकाइ देखेर हुन्छ । यस अर्थमा बालबालिकाहरुलाई शैक्षिक सामग्रीको प्रयोग गर्दै उनीहरुलाई नै क्रियाकलापमा सक्रिय गराई सिकाइमा अभ्यस्त गराउँदा उनीहरुले क्रियाशील हुन, रुचि जगाउन, खुशी हुन, समूहमा कार्य गर्न, मिलेर बस्न सिकेको भेटियो । यस कार्यबाट भएको सिकाइ सहज, सरल र चिरस्थायी भएको देखियो ।

### ख. उत्प्रेरणा प्रदान गर्दाको अवस्थाबाट सिकेका व्यवहारहरु

बालबालिकाहरुलाई कक्षाकोठाभित्र कथा, कविता, चुट्किला भनेर हाऊभाऊ प्रस्तुत गरेर उत्प्रेरित गरेको देखियो । उत्प्रेरणा अन्तर्गत, रुचि, जिज्ञासा, लक्ष्य, आशा, प्रेरणा आदि पर्दछन् । कक्षाकोठाभित्र यसको प्रयोगले बालबालिकाहरुलाई शिक्षण सिकाइमा क्रियाशील बनाउनुका साथै विषयबस्तु प्रति रुचि जगाउने, सरल सिकाइ हुने, डर र त्राश हराउने, खुशी र इच्छा जगाउने, मनोबल

बढाउने, तर्क गर्ने, व्याख्या गर्ने सिर्जनशीलताको विकासमा सहयोग पुऱ्याउने गरेको पाइयो । मानिसले आफूले जानेको कुरालाई व्यक्त गर्न पाउँदा प्रशन्न हुनु प्राकृतिक स्वभाव हो । बालबालिकाहरुले आफ्ना कुराहरु प्रस्तुत गर्न पाउँदा उनीहरु प्रशन्न र खुशी हुन्छन् यस अवस्थामा गरिने शिक्षण बालमैत्री, प्रभावकारी र रमणीय हुन्छ । कक्षाकोठाभित्रको उत्प्रेरणाले बालबालिकाको मानसिक, बौद्धिक र संवेगात्मक विकासमा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याएको भेटियो ।

आफ्नो उद्देश्य प्राप्तिको लागि निरन्तर लागि रहन घच्घच्याउने आन्तरिक शक्तिको रुपमा उत्प्रेरणालाई लिन सकिन्छ । कुनै पनि व्यक्ति आफूलाई आनन्द दिने र रमाइलो लाग्ने कुरा संझन चाहन्छ र दुःख वा कष्ट दिने कुरा विर्सन चाहने हुन्छ । शिक्षकले उत्प्रेरणा प्रदान गर्दा विद्यार्थीहरुले लक्ष्य प्रति अग्रसर रहन, खुशी रहन, पीडालाई विर्सन, रमाइलो गर्न, सिर्जनशील हुन, क्रियाशील हुन, समूहमा रम्न, तर्क गर्न, चिन्तन गर्न अप्रत्यक्ष रुपमा नै सिकेको देखियो । कक्षाकोठाभित्र रुचि, उत्सुकता, उपलब्धी, अन्वेषण, प्रतिशपर्धा सहयोग जस्ता प्रेरकले काम गरिरहेका हुन्छन् । यिनीहरुको सक्रिय उपशि्थतिको लागि उत्प्रेरणाको आवश्यकता पर्दछ जसले बालबालिकाहरुको प्रत्यक्ष र अप्रत्यक्ष सिकाइमा प्रभावकारी भूमिका निभाएको हुन्छ ।

### ग. गृहकार्य परीक्षण गर्दाको अवस्थामा सिकेका व्यवहारहरु

बालबालिकाहरुको सिकाइको मापनको नतिजा गृहकार्य परीक्षणबाट प्राप्त हुन्छ । गृहकार्यबाट उनीहरुको निरन्तर नतिजा र पृष्ठपोषण प्राप्त गर्दछन् । पृष्ठपोषणको पुनरावलोकनबाट सिकाइलाई प्रभावकारी र पुनर्ताजगी गराउँदछ । गृहकार्य परीक्षणमा पुनर्वलको भूमिका रहन्छ । Skinner को Operant Conditioning होस वा Thorndike को Trial and error वा Wolfgang kohler को Insightful Learning प्रत्येकमा सिकाइ हुनको लागि पुनर्वलले नै मुख्य भूमिका खेलेको हुन्छ । जुन प्रतिक्रियाहरुलाई पुनर्वलको प्रयोगबाट प्रोत्साहित गरिएका हुन्छन् । त्यस्ता प्रतिक्रियाहरु फेरि फेरि पनि आशा गर्न सकिन्छ तर जुन प्रतिक्रियाहरुलाई पुनर्वलद्वारा पोषण गरिएको हुँदैन त्यस्ता प्रतिक्रिया कमै आशाजनक हुन्छन् । व्यक्तिले देखाउने प्रतिक्रियाहरुलाई स्थायी रुप दिनको लागि पुनर्वलको ठूलो खाँचो पर्दछ । शिक्षकले सबैको गृहकार्य परीक्षण गरी पुरस्कार, प्रशंसा, स्यावासी दिंदा राम्रा बानी व्यवहार र आचरणलाई कायम राख्न सहयोग पुऱ्याएको पाइयो ।

व्यक्तिमा निहित नराम्रा आचरण र व्यवहारलाई हटाउने उद्देश्यले प्रयोग गरिने पुनर्वलहरुलाई नकारात्मक पुनर्वल भनिन्छ । खास गरी भन्ने हो भने पुनर्वलको अर्थ पुरस्कार र दण्ड दुबैको संयुक्त रुप भन्ने बुझिन्छ । राम्रा बानीलाई कायमै राख्न पुरस्कार दिइन्छ भने नराम्रा बानी हटाउन दण्ड दिने गरिन्छ । गृहकार्य परीक्षणमा यी दुबैको उपशि्थति हुन अनिवार्य छ । नमूना गृहकार्य परीक्षणमा यसको व्यापक प्रयोग हुन सक्दैन । कक्षाकोठाभित्र गरिएको नमूना गृहकार्य परीक्षणले विद्यार्थीहरु उदासिन भएको, पून गृहकार्य गर्न मन नपराएको, ठगी गर्न सिकेको, सिकाइमा वेवास्ता गर्न सिकेको, शिक्षक प्रति

नकारात्मक भावना जगाएको, अल्छि बन्न सिकेको देखियो । राम्रो गृहकार्य गर्नेले देखाउन हतार गर्न सिकेको, कामको मूल्याङ्कन भएको, आत्मविश्वासी भएको, खुशी भएको, उत्प्रेरित हुन सिकेको पाइयो ।

### घ. सामाजिक कार्य गर्दाको अवस्थामा सिकेका व्यवहारहरु

मानिस एक सामाजिक प्राणी हो । उ समाजबाट अलग्गिएर बस्न सक्दैन । सामाजिक प्राणी भएकै कारण उ समाजमा मिलेर बस्न चाहन्छ । विद्यालय एउटा समाज हो जहाँ सामाजिक, साँस्कृतिक, धार्मिक र ऐतिहासिक क्रियाकलापहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भएका हुन्छन् । विद्यालयमा गरिने विभिन्न क्रियाकलाप, सरस्वती पूजा, बाल कार्यक्रम, खेलकुद, साँस्कृतिक कार्यक्रम, विभिन्न पर्व तथा दिवसहरु यसका उदाहरण हुन । यी कार्यमा सहभागी हुँदा उनीहरुले यसको आवश्यकता, महत्व र औचित्यलाई राम्ररी अध्ययन गर्न सिकेको पाइयो । यी क्रियाकलापले उनीहरुलाई  समाजमा घुलमिल हुन, समूहमा बस्न, समूहमा सहयोग गर्न, सुखमा हाँस्न र दुःखमा दुखी हुन सिकेको भेटियो । जित र हारलाई स्वीकार गर्न र सो अनुसारको व्यवहार प्रस्तुत गर्न अप्रत्यक्ष रुपमा सिकेको पाइयो । वृक्षारोपन, सरसफाइ, सचेतनामूलक कार्यक्रमहरुले पर्यावरणीय सरसफाइको महत्व बुझी यस प्रति सचेत रहन सिकेको देखियो । विविध साँस्कृतिक तथा धार्मिक कार्यक्रमबाट सामाजिक एवं धार्मिक मूल्य मान्यतालाई स्वीकार गर्न, अवलम्बन गर्न, कुरीतिहरु हटाउन, समाजमा मिलेर बस्न, सामाजिकीकरण गर्न, आफूलाई भन्दा समाजलाई महत्व दिन सिकेको भेटियो । विभिन्न भेषभुषा, चालचलन, संस्कार, धर्म , रहन सहन प्रति सचेत हुन सिकेको पाइयो । सामाजिक कार्यले बालबालिकाहरुको मानसिक, बौद्धिक, संवेगात्मक विकास गर्नुको साथै सामाजिक भावनाको विकास, जिम्मेवारी बोध, कर्तव्य प्रति सचेत हुन सिकेको देखियो ।

### ङ. शिक्षक वीचको अन्तर सम्बन्धबाट सिकेका व्यवहारहरु

विद्यालय एउटा समाज हो । त्यो समाजको एक अङ्गको रुपमा शिक्षक रहेको हुन्छ । बालबालिकाहरु जस्तो समाज र वातावरणबाट हुर्किएका हुन्छन् । उनीहरुको व्यवहार र स्वभाव पनि त्यस्तै हुन्छ । बालबालिकाहरुले शिक्षकहरु जस्तै हुन, उनीहरु जस्तै मिलेर वस्न, असल चरित्रको हुन सिकेको देखियो । कोही कोहीले त पढेर शिक्षक/शिक्षिका नै हुने अभिलाषा राखेको पाइयो । शिक्षक जस्तै मिलनसार, अनुशासित, भेदभाव रहित, समाजसेवी, निश्वार्थी हुन चाहेको भेटियो । शिक्षकहरु जस्तै सिर्जनशील हुन, समूहमा कार्य गर्न, सहयोगी हुन, अदृश्य रुपमा सिकेको पाइयो । शिक्षक वीचको व्यवहारबाट उनीहरुलाई अमिट छाप परेको देखियो ।

### च. शिक्षक विद्यार्थी बीचको सम्बन्धबाट सिकेका व्यवहारहरु

विद्यार्थीको पहिलो अभिभावक बाबु/आमा हुन् भने दोस्रो प्रिय अभिभावक उसको शिक्षक हो । शिक्षकले विद्यार्थीलाई गर्ने व्यवहारबाट विभिन्न कुराहरु सिकेको हुन्छ । शिक्षकबाट उनीहरुले सानालाई

माया गर्न, ठूलालाई सम्मान गर्न, सहयोगी हुन, मिहेनती हुन, सिर्जनशील हुन, बाल मैत्री हुन, गल्ती स्वीकार गर्न सिकेको पाइयो । शिक्षकलाई नै उनीहरुले ज्ञानको स्रोतको रुपमा मानेका हुन्छन् । उनीहरुले शिक्षकलाई सत्य र भगवानको रुपमा स्वीकारेको देखियो । एउटा बालकलाई कस्तो बनाउने भन्ने कुरा शिक्षकको भूमिकामा निर्भर गर्दछ । भनिन्छ 'विद्यार्थीले सिकेको छैन भने शिक्षकले सिकाएको छैन' यस अर्थमा पनि बालबालिकाको ज्ञानात्मक, भावनात्मक र संवेगात्मक विकासमा शिक्षक र विद्यार्थीको वीचको सम्बन्धले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सिक्ने र सिकाउने वातावरण तयार गर्न शिक्षकले सधैं नै प्रयत्न गर्नु पर्दछ ।

### छ. शिक्षकको हाउभाउबाट सिकेका व्यवहारहरु

प्राथमिक तहका बालबालिकाहरुको सिर्जनात्मक र नक्कल गर्ने बानीलाई शिक्षकको व्यवहार र हाउभाउबाट प्रभाव पारेको हुन्छ । शिक्षक अनुशासित हुँदा विद्यार्थी पनि अनुशासनमा रहन सिकेको, शिक्षकले पोसाकमा उपस्थित हुँदा विद्यार्थीलाई पनि पोसाक लगाउन प्रभाव परेको, शिक्षकको बोली वचनको प्रभाव परेको, शिक्षकले अनुकरण गरी प्रस्तुत गरेको हाउभाउले बालबालिकालाई खुशी रहन, सिर्जनशील रहन, जिज्ञाशु रहन, क्रियाशील रहन, उत्सुक रहन सिकाएको पाइयो । असल कलाकारको हातमा बिग्रेको वाद्ययन्त्र पनि ठीकसँग बज्छ भने झैं शिक्षकले जस्तो सुकै परिश्थितिमा कुनै पनि किसिमका बालकमा शिक्षण सफल गराउन गरेको प्रयत्न र हाउभाउले उनीहरुलाई दुःख त्याग्न र खुशी रहन सिकाएको देखियो । शिक्षकले बालक र उसको वास्तविक जीवनलाई राम्ररी बुझेर सोही अनुसारको प्रस्तुति गर्नु पर्दछ जसले बालबालिकाहरुको सर्वाङ्गिण विकासमा सहयोग पुऱ्याउँदछ ।

## ४.१.४ वातावरणीय अवस्थाबाट सिकेका व्यवहारहरु

विद्यालय एउटा यस्तो समाज हो, जहाँ विभिन्न परिवेशबाट विभिन्न जातजाति, भाषाभाषी, भेषभूषा, रहनसहन, धर्म, सम्प्रदाय, संस्कृतिका मानिसहरु आएका हुन्छन् । यिनीहरुले कक्षाकोठाभित्र र विद्यालय परिसरमा विभिन्न व्यवहारहरु देखाइ रहेका हुन्छन् । जसबाट उनीहरुले अदृश्य रुपमा विभिन्न कुराहरु सिक्ने सिकाउने कार्यहरु गरिरहेका हुन्छन् । यस अध्ययन अनुसन्धानमा विद्यार्थीहरुले विशेष गरी प्रशंसायुक्त वातावरणीय अवस्था, भीडयुक्त वातावरणीय अवस्था, शक्ति सम्बन्धयुक्त वातावरणीय अवस्था विद्यालय तथा विद्यालय परिसरको वातावरणीय अवस्थामा सिकेका सिकाइ व्यवहारहरु गरी ४ भागमा प्रस्तुत गरी विश्लेषण गरिएको छ । यी अवस्थाहरुमा बालबालिकाहरुले अदृश्य रुपमा नै विभिन्न व्यवहार निर्माण गरेको पाइयो जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### क. प्रशंसायुक्त वातावरणीय अवस्थामा सिकेका व्यवहारहरु

हाम्रो विद्यालयको कक्षाकोठाभित्र र बाहिरको प्रशंसायुक्त वातावरणमा विद्यार्थीहरुको व्यवहार, कार्य, क्रियाकलाप, विचार आदिको मूल्याङ्कन शिक्षक तथा सहपाठी साथीहरुबाट निरन्तर भैरहेको हुन्छ ।

मूल्याङ्कन निरन्तर र जीवन पर्यन्त चलिरहने प्रक्रिया हो जुन जानेर वा नजानेर, प्रत्यक्ष वन अप्रत्यक्ष रुपमा चलिरहन्छ । विद्यार्थीहरुले यिनै मूल्याङ्कनको आधारमा असल र खराब विद्यार्थीको धारणा विकास गर्न सिकेको भेटियो । अनुशासनमा रहने, गृहकार्य गर्ने, आज्ञा पालन गर्ने, मिलेर वस्ने, मिलेर खेल्ने, सहयोगी, नियमित विद्यालय आउने, अनावश्यक कुरा नगर्ने, आफ्ना सामग्रीको जतन गर्ने विद्यार्थीलाई असल र नपढ्ने, मुख चलाउने, अनुशासनहीन, सरसफाइमा ध्यान नदिने, सामानको जतन नगर्ने विद्यार्थीलाई खराब विद्यार्थी भन्ने धारणा विकास गरेको पाइयो । कक्षाकोठाभित्र चुपलागेर बस्ने विद्यार्थीलाई ज्ञानी विद्यार्थी हो भन्ने धारणा विकास गरेको देखियो । कक्षाकोठाभित्र शिक्षकले धेरै बोल्ने र विद्यार्थीले सुन्ने गर्नु पर्दछ भन्ने धारणा विकास गरेको भेटियो ।

प्रकृतिबादी दर्शन अनुसार शिक्षाले बालकका स्वतस्फुर्त क्रियाकलापलाई क्रियाशील बनाउनु पर्दछ । बालक सधैं क्रियाशील हुन चाहन्छ, यो उसको जन्मजात प्रवृति हो तर कक्षाकोठाभित्र यसको विपरित भएको पाइयो । प्रकृतिबादी दृष्टिले हेर्दा ज्ञानी विद्यार्थी क्रियाशील कार्यकर्ता हुनुपर्दछ तर हाम्रा विद्यार्थी निश्क्रिय स्रोता भएर ज्ञानी भएको देखियो । विद्यार्थीहरुले सामाजिक मूल्य मान्यता अनुसार आफ्ना चाहनाहरु निर्माण गर्ने र व्यक्त गर्ने गरेको पाइयो । उनीहरुले शारीरिक भन्दा मानसिक कार्यलाई महत्व दिई जागिर खाने, डाक्टर, इन्जिनियर, वकिल बन्ने जस्ता धारणा निर्माण गरेको भेटियो । इभान इलिचका विचारमा हामीले विद्यार्थीलाई बजार मूल्य अनुसार चाहना निर्माण गर्न सिकाइरहेका छौं । विद्यालयले सुकिला कामदारको जगेर्ना गर्न सिकाएको पाइयो जसले शारीरिक कामदारको अवमूल्यन भएको छ ।

हाम्रा विद्यालयमा विद्यार्थीहरुले आफू जस्तो नभएर अरु जस्तो बन्न ईर्श्या तथा प्रतिश्पर्धा गर्न सिकेको पाइयो । शिक्षकले सामाजिक, धार्मिक, ऐतिहासिक महत्वका व्यक्ति जस्तै बन्न प्रेरित गर्नुले हाम्रा शिक्षकले अन्तरनिहित प्रतिभा प्रस्फुटनमा भन्दा पनि समाजका पुराना आदर्श अनुरुपको व्यक्तित्व विकास गर्न प्रेरित गरेको देखियो । प्रत्येक व्यक्तिलाई शिक्षाले उसको ‘स्व’ लाई बाहिर ल्याई ऊ जस्तै बनाउनु पर्दछ । उसकै ‘स्व’ लाई गोडमेल गर्ने शिक्षा दिनु पर्छ भन्ने अस्तित्ववादी दर्शनलाई पन्छाएर हाम्रो प्रयाश आदर्शवाद उन्मुख भएको पाइयो । विद्यार्थीले विभिन्न क्रियाकलाप र खेलमा प्रतिश्पर्धा र ईर्श्या गर्न सिकेको देखियो ।

प्रगतिवादी दर्शन अनुसार प्रतिश्पर्धाले व्यक्तिवादी चरित्रको विकास गराउँदछ न कि सामाजिक चरित्रको प्रगतिवादीहरु प्रतिश्पर्धा भन्दा सहकार्यमा जोड दिनु पर्ने मान्यता राख्दछन् । उनीहरुका अनुसार प्रेम र सहभागिताले मानव स्वभावको उच्च सामाजिक पक्षलाई विकास गर्दछ । आज जे मिलेर गर्न सक्दछन् भोलि त्यो एक्लै गर्न सक्दछन् । सामूहिक कार्य र सिकाइले भोलिका दिनमा व्यक्तिलाई स्वतन्त्र रुपमा काम गर्न सक्ने बनाउँदछ तर हाम्रा विद्यालयले अरुलाई सहयोग होइन ईर्श्या र सहकार्य होइन प्रतिश्पर्धा गर्न सिकाएको र विद्यार्थीहरुले सोही अनुसार सिकेको भेटियो ।

विद्यार्थीहरुले शिक्षक रिसाउने तत्व पत्ता लगाउनुको साथै उनीहरुलाई खुशी पार्न सिकेको पाइयो । अनुशासित भएर, गृहकार्य गरेर, धेरै पढेर, माया दर्शाएर इमान्दार बनेर शिक्षकलाई खुशी पार्न सिपालु भएको देखियो । साथै प्रशंसित व्यवहार देखाउन र आलोचित व्यवहार लुकाउन सिकेको भेटियो । आफ्ना राम्रा व्यवहार र कार्यहरु वताउने तथा नराम्रा व्यवहार र कार्यहरु लुकाउने गरेको पाइयो । विद्यार्थीहरुले शिक्षकले दोष देखाउनुका साथै प्रशंसा पनि गर्दछन् र साथीहरुले वधाई दिनुको साथै आलोचना पनि गर्दछन् भन्ने सिकेको देखियो । उनीहरु राम्रो रिपोर्ट कार्ड गर्वसाथ देखाउन र कमजोरीहरु लुकाउन सिपालु भएको पाइयो । प्रशंसा वृद्धि गर्ने र सजायँ घटाउने किसिमको व्यवहार प्रदर्शन गर्न सिकेको भेटियो ।

### ख. भीडयूक्त वातावरणीय अवस्थामा सिकेका व्यवहारहरु

विद्यालय भीडयूक्त समाज हो । जहाँ विभिन्न परिवेशका मानिसहरुको जमघट रहेको छ । यस्तो वातावरणमा बालबालिकाहरुले अदृश्य रुपमा विभिन्न कुराहरु सिकिरहेका हुन्छन् । उनीहरुले खेलमैदान, कक्षाकोठा, शौचालय, धारा आदि स्थानमा जमघट भएर विभिन्न कुराहरु अन्जानमा नै सिक्ने सिकाउने कार्य गरिरहेका हुन्छन् । विद्यार्थीहरुले कक्षाकोठामा प्रवेश गर्दा, कक्षाकोठाबाट वाहिरिंदा, गृहकार्य शिक्षकलाई देखाउँदा, शौचालय जाँदा,पानी खान जाँदा, प्रार्थनामा जाँदा खेलकुदका सामग्री वितरण गर्दा भीडमा हतार गर्न सिकेको देखियो । पालो पर्खिन भन्दा आफू छिटो हुन सिकेको पाइयो । हतार हतार गरेर आफ्नो चाहनालाई पूरा गर्ने अरुको चाहनालाई वेवास्ता गर्ने, भीडमा तानातान र थिचोमिचो गर्ने, एकले अर्कोलाई नटेर्ने जस्ता व्यवहारहरु अप्रत्यक्ष रुपमा नै सिकेको भेटियो । विकासवादी सिद्धान्तकार चार्ल्स डार्विनका अनुसार “अस्तित्वका लागि संघर्ष गर्नु र योग्यले विजय प्राप्त गर्नु प्राकृतिक नियम हो । यो सिद्धान्तसँग भीडमा हतार गर्ने र चाहना पूरा गर्ने बालबालिकाहरुको व्यवहार मिल्ने देखिन्छ । विकासवादीका दृष्टिमा वाँच्नका लागि संघर्ष गर्नु भने जस्तै आफ्ना चाहना पूरा गर्न हतार गर्ने, हुलमुल गर्ने जस्ता व्यवहार प्रदर्शन गर्नु प्राकृतिक नियम हो ।

विद्यार्थीहरुले घण्टी वज्नासाथ प्रार्थनामा जम्मा हुन, कक्षाकोठामा प्रवेश गर्न, घर जाने घण्टी वजेपछि वाहिर निस्कन सिकेको पाइयो । यी व्यवहारहरु मनोवैज्ञानिक ग्याग्नेको संकेत सिकाइसँग मिल्दो देखिन्छ । संकेतको पालनकर्तालाई गरिएको प्रशंसा र उल्लंघनकर्तालाई गरिएको दण्डलाई वि.एफ स्किनरको सकारात्मक र नकारात्मक पुनर्वलसँग दाँज्न सकिन्छ । विद्यालयमा भीड नियन्त्रणको लागि विभिन्न नीति नियम, आचार संहिता तयार गरी सो को कार्यान्वयनको लागि कक्षाकोठामा मनिटर र सदन नेता चयन गरेको देखियो । विद्यालयको यस्तो आधिकारिक अनुशासन प्रणालीलाई बुझेर विद्यर्थीहरु पुरस्कार प्राप्त गर्ने कार्य तर्फ लाग्दछन् । यस्तो अनुशासन प्रणालीले विद्यार्थीमा घर तथा विद्यालयका नीति नियमको पालना गर्ने बानी बस्नुका साथै भावी जीवनमा समाज तथा राष्ट्रको नीति नियम पालनको लागि योग्य बनाउँदछ तर कुनै पनि कार्य स्वतन्त्रतापूर्वक गर्न सक्दैन ।

बालबालिकाहरुको भीडको नियन्त्रणको लागि बनाइएको नीति नियम र आचार संहिता कार्यान्वयनको लागि कक्षाकोठामा मनिटरको व्यवस्था गरी उसलाई निश्चित जिम्मेवारी सुम्पिएको देखियो । यसबाट विद्यार्थीहरुले मनिटरले गर्ने कार्यहरु गर्न सिकेको भेटियो । यो सिकाइ वान्डुराको अनुकरण सिकाइ सिद्धान्तसँग सम्बन्धित देखिन्छ । साथै मनिटर वन्ने विद्यार्थीले आफ्नो नेतृत्व विकास गर्नुको साथै आफ्नो अनुपश्थितिमा अरुलाई नेतृत्व दिन सिकेको पाइयो । विद्यार्थीहरुले आफ्ना कमजोरी लुकाउन तथा दण्डबाट वच्न नक्कली व्यवहारहरु देखाउने, शिक्षकको ध्यानलाई अन्यत्र केन्द्रित गर्न सिकेको देखियो । उनीहरुले आफ्ना चाहना त्यागेर शिक्षकको चाहना अनुसारको काम गर्ने, शिक्षकलाई खुशी पार्ने, शिक्षक खुशी भएको बेलामा आफ्ना चाहना अनुसार चल्न शिक्षकलाई अनुरोध गर्ने गरेको भेटियो ।

कक्षाकोठाभित्र र प्रार्थना तथा खेलमैदानमा गरिएको अवलोकनबाट बालबालिकाहरुले लैङ्गिक विभेद गर्न सिकेको देखियो । कक्षाकोठामा छात्र छात्रा छुट्टा छुट्टै वस्ने गरेको, प्राथनामा पनि छुट्टा छुट्टै लहरमा बसेको, खेलमैदानमा पनि केटा केटी छुट्टा छुट्टै खेल्ने गरेको भेटियो । बालबालिकाहरुको यो व्यवहारले “बाखा बाखासँग र भेंडा भेंडासँग” भन्ने आख्यानलाई प्रमाणित गरेको पाइयो । केटीहरु एकु दुकु (ढ्याक), गट्टा, डोरी खेल्ने गरेको पाइयो भने केटाहरु बल, क्यारिम, नागपासा खेल्ने गरेको देखियो । मनोवैज्ञानिक दृष्टिकोणले हेर्दा बालबालिकाको यो सिकाइ फ्रायडको यो अवस्थाका (Latency period, ७ देखि ११/१२ वर्ष सम्म) केटाकेटी विपरित लिङ्गी साथीहरु भन्दा समलिङ्गी साथीहरुसँग खेल्न वा सङ्गत गर्न रुचाउँदछ भन्ने निष्कर्षसँग मेल खान्छ । हाम्रा विद्यालयहरुले पुराना संस्कृति, धर्म, व्यवहार, रहन सहनलाई हस्तान्तरण गर्न सिकाएको छ । नयाँ सोच र ज्ञानको सिर्जनागरी प्रगतिशील विचारमा रुपान्तरण गर्न अझै नसकेको देखिन्छ ।

## ग. शक्ति सम्बन्धयुक्त वातावरणीय अवस्थामा सिकेका व्यवहारहरु

गुरुकुल शिक्षाबाट विकसित हाम्रो शिक्षाको आधार दर्शन हो । हाम्रो शिक्षा हिन्दु दर्शन र बौद्ध दर्शनमा आधारित छ भने दर्शनको आधार धर्म, संस्कृति, परम्परा, मूल्य मान्यता, भेषभुषा, रितिस्थिति, चालचलन हुन् । गुरुकुल शिक्षामा ज्ञानको भण्डारको रुपमा गुरुलाई लिइन्थ्यो । अहिले पनि कक्षाकोठाभित्र गुरुलाई बालबालिकाहरुले ज्ञानको स्रोतको रुपमा लिएको पाइन्छ । गुरुकै प्रभाव र दवाबमा शिक्षा लिने दिने गरेको देखिन्छ । शिक्षा बालमैत्री हुनुपर्छ भनेर जतिसुकै नारा दिए पनि यथार्थमा त्यो हुन सकेको छैन् । हिन्दु दर्शनले शिक्षकलाई गुरुः ब्रह्मा, गुरुः विष्णु :, गुरुदेवो महेश्वर :, गुरुः साक्षात् परब्रह्मा तस्मै श्री गुरुवे नम : भनी ब्रह्मा, विष्णु र महेश्वर भगवानको रुपमा लिएको मानिन्छ । गुरुलाई प्राचीन कालमा देवताको रुपमा मात्र होइन विभिन्न विशेषण प्रयोग गरि सम्बोधन गरिन्थ्यो । जस्तै घियावसु (जस्को बुद्धि नै धन हो), अग्नि प्रचेता (विशेष ज्ञानी), विश्ववेदा (सर्वज्ञ), जातवेदा (जे जति विकसित भएको छ त्यो सबै जान्ने ), सत्य जन्मा (सत्यको जान्ने व्यक्ति ) आदि । निश्चय पनि आज शिक्षक देवताका रुपमा प्रतिष्ठित छैन तर शिक्षण प्रक्रियाको एक आवश्यक अंग शिक्षक अवस्य हो । गुरु द्रोणाचार्यले शिष्य एकलव्य प्रति गरेको व्यवहार एउटै उदाहरण हिन्दु दर्शनले

निर्धारण गरेको शिक्षक र विद्यार्थी वीचको असन्तुलित शक्ति वितरण बुझ्न पर्याप्त हुन्छ । गुरु र छडी एक अर्काका पूरकका रुपमा लिइन्थ्यो । अहिले पनि हाम्रा विद्यालयहरुमा शिक्षक विद्यार्थीहरुको साम् शक्तिशाली नै भएको पाइन्छ । एक्काइसौं शताब्दीमा पनि यसमा सुधार भई बालमैत्री र प्रजातान्त्रिक वातावरणमा शिक्षा हुर्किन सकेको छैन् । विद्यालयको शक्ति सम्बन्धयुक्त वातावरणमा विद्यार्थीहरुले शिक्षकले सिकाएका अतिरिक्त अन्य अदृश्य कुराहरु अन्जानमा नै सिकिरहेका छन् ।

हाम्रा विद्यालयमा शिक्षा बालमैत्री हुन सकिरहेको छैन भन्ने कुराको प्रमाण अवलोकनबाट देखिएको छ । कक्षाकोठाभित्र विद्यार्थीहरु शान्त र ज्ञानी हुन्छन् गुरुको दवावमा रहन्छन् तर गुरु हिड्ने वित्तिकै कक्षाकोठाबाट बाहिरिन हतार गर्छन् र खुशी हुन्छन् । शिक्षकको उपस्थितिमा नक्कली व्यवहर देखाउँदछन् । उनीहरुले कक्षाकोठालाई पिडादायक स्थलको रुपमा लिएको पाइयो । थर्नडाइकका अनुसार सिकारुमा तत्परता नआई र सिक्ने विषयवस्तु सन्तुष्टि दायक नभई सिकाइ प्रभावकारी हँदैन । तर हाम्रो विद्यालयको कक्षाकोठाभित्रको सिकाइ बालमैत्री, बाल रुचिपूर्ण र आवश्यकता अनुसारको नभएकाले नै कक्षामा यसको प्रभाव सुन्य भएको भेटियो । शिक्षकले कक्षाकोठाभित्रको क्रियाकलापलाई विद्यार्थीको चाहना, रुचि आवश्यकता अनुसारको गर्न नसकेको कारण बालबालिकाहरु दवावपूर्ण वातावरणमा वस्न वाध्य भएका छन् । शिक्षकको काम बालकलाई आनन्द आउने क्रियाकलापको छनौटमा स्वतन्त्रता प्रदान गर्नु हो भन्ने प्रकृतिवादी दार्शनिकहरुको मान्यता रहेको छ ।

घर विद्यर्थीको पहिलो पाठशाला हो भने दोश्रो पाठशाला विद्यालय हो । यस अर्थमा विद्यार्थीको पहिलो गुरु उसका मातापिता हुन् भने दोश्रो गुरु उसका विद्यालयका शिक्षक हुन तर विद्यार्थीले सिकाइका सम्पूर्ण स्रोत नै शिक्षक हुन र शिक्षकले भनेका सबै कुराहरु सत्य हुन्छ भन्ने कुरा सिकेको पाइयो । विद्यालयमा पढाउने, सामग्री वितरण गर्ने, गृहकार्य परीक्षण गर्ने, अनुशासन कायम राख्ने, पुरस्कार र दण्ड दिने जस्ता कार्यहरु शिक्षक कै हो भन्ने धारणा निर्माण गरेको देखियो । हाम्रा मातापिता भन्दा पनि ठूला मानिस शिक्षक हुन भन्ने सोचाइ राखेको भेटियो । विद्यार्थीले शिक्षकलाई आफ्ना आमावुवालाई भन्दा पनि बढी विश्वास गर्ने गरेको पाइयो । साथै आफ्ना आमावुवाले भनेको नमान्ने तर शिक्षकले भनेको मान्ने गरेको देखियो । ओशोका अनुसार विद्यार्थीलाई अरुका विचारमा विश्वास वा अविश्वास सिकाउनु भन्दा सन्देह सिकाउनु पर्दछ । विश्वास वा अविश्वास गर्दा सन्देहको मृत्यु हुन्छ । जहाँ सन्देहको अन्त्य हुन्छ त्यहाँ नयाँ विचारको जन्म हुँदैन । विश्वासले व्यक्तिलाई अन्धो बनाउँदछ । अनुयायी बनाउँदछ । सन्देहको तीब्रता खोज वन्न पुग्दछ । सन्देहको पीडा विचारको जन्मको प्रसव पीडा हो ।

कक्षाकोठाभित्र विद्याथीहरुले आफ्नो स्वतन्त्रतालाई भन्दा शिक्षक नियन्त्रित वातावरणमा वस्न सिकेको पाइयो । शिक्षक पहिलो घण्टीमा कक्षा प्रवेश गर्दा सबै जना उठेर कक्षागत गीत गाएर अभिवादन गर्ने, ज्ञानी भएर वस्ने, शिक्षकले भनेको मान्ने तर शिक्षक वाहिरिने वित्तिकै हतार गरेर बाहिर निस्कने,खुशी हुने गरेको देखियो । यसले गर्दा शिक्षकको उपस्थितिमा उनीहरुले आफ्नो खुशी त्यागन र

शिक्षकको चाहना अनुसार व्यवहार गर्न सिकेको भेटियो । विद्यार्थीको स्वभाव चञ्चल हुन्छ , यो उसको प्राकृतिक स्वभाव हो तर कक्षामा उसले आफ्नो प्राकृतिक स्वभावलाई दवाउन सिकेको पाइयो । बालकको खेलेर सिक्ने प्राकृतिक नियमको विपरितको शिक्षण भएको देखियो । शिक्षकको स्वभाव बाल मिजासको हुनुपर्दछ । शिक्षक बालकको वीचमा प्रस्तुत हुँदा उनीहरुसँग नाच्ने गाउँने, खेल्ने स्वभावको हुनुपर्दछ भन्ने प्रकृतिवादी दर्शनको मान्यता हाम्रा शिक्षकहरुले अपनाएको भेटिएन ।

हाम्रा विद्यालयका कक्षाकोठाभित्र शिक्षकहरुले विद्यार्थीहरुलाई खाली मस्तिष्कको विचार शुन्य प्राणी हो र आफू सर्बगुण सम्पन्न अनुकरणीय व्यक्ति भन्ने कुरा सिकाएको पाइयो । तर शिक्षकले बालबालिकाहरुको अन्तरनिहित प्रतिभाहरुलाई प्रस्फुटन गराउन सहयोग पुऱ्याउने हो । विद्यार्थीहरुलाई शिक्षकले उत्तरदायी भन्दा पनि आज्ञाकारी बनाएको भेटियो । साथै शिक्षकलाई फकाउने व्यवहार सिकाएको पाइयो । विद्यार्थीले पनि शिक्षकको निर्देशन मान्न शिक्षकलाई खुशी पार्न सिकेको देखियो । शिक्षक ठूलो वा निर्देशक हो र विद्यार्थी सानो वा आज्ञापालक हो भन्ने व्यवहार कक्षाकोठामा देखियो । विद्यार्थीले दैनिक रुपमा शिक्षकको निर्देशन पालन गर्न र आज्ञाकारी बन्न सिकेको पाइयो ।

ओशोका अनुसार पुरानो पिंढी आफ्नो ज्ञान, आफ्नो अन्धविश्वास, आफ्नो जड्ता, आफ्नो रोग वा शत्रुता नयाँ पिंढीलाई दिन चाहन्छ । यसबाट उसको अहंकारको तृप्ति हुन्छ । विकासको मार्गको लागि यो भन्दा बढी अर्को कुनै बाधा हुँदैन । किनकी विकास त त्यहाँ हुन्छ जहाँ विद्रोह हुन्छ । तर पुरानो पिंढी विद्रोहलाई स्वीकार गर्न सक्दैन । ऊ त विश्वास, आज्ञापालन र अनुशासन चाहन्छ । यही प्रक्रियाले ऊ नयाँ पिंढीलाई दिक्षित गर्दछ । यसले नयाँ पिंढीका अन्तरनिहित सम्पूर्ण सम्भावना नष्ट गर्दछ । यो प्रक्रिया अप्रकट वा परोक्ष रुपमा भैरहेको हुन्छ । किन भने शिक्षकले पनि आफ्ना गुरुबाट त्यसैगरी सिकेका थिए । अन्जानमै उनीहरु आफ्ना विद्यार्थीहरुका साथ त्यसै गरी रहेका छन् । हिजो सासुले वुहारीलाई जुन व्यवहार गरेकी थिइन आज वुहारीले पनि सासु भएपछि आफ्नो वुहारीलाई त्यही व्यवहार गरेर सासु वुहारी वीचको व्यवहार हस्तान्तरण भए जस्तै शिक्षक विद्यार्थी वीचको व्यवहार पनि त्यही किसिमले हस्तान्तरण भएको भेटियो । कक्षाकोठाभित्र ठूलाले भनेको मान्नै पर्ने यति सम्मकी मनिटरले भनेको नमाने पनि सजायँको भागिदार हुनु पर्ने व्यवस्थाले विद्यार्थीहरुले 'मत्स्य न्याय' अर्थात ठूलो माछाले सानो माछालाई खाने किसिमको न्याय सिकेको पाइयो ।

प्रकृतिवादीहरुका अनुसार तमाम शैक्षिक क्रियाकलापहरु स्वतन्त्र परिवेशमा संचालन गर्नुर्पछ । बालकलाई आफ्नो गल्तिबाट सिक्ने अवसर प्रदान गर्नु पर्दछ । बालक माथि लगाइएका सम्पूर्ण बन्धनहरु मानवले नै निर्माण गरेका हुन्छन् । ती बन्धनहरु हटाई बालकलाई स्वतन्त्र वातावरणमा सिक्ने अवसर प्रदान गनुपर्छ । तर विद्यार्थीहरुले दमनात्मक सामाजिकीकरण सिकिरहेको देखियो । यस्तो सामाजिकीकरणले विद्यार्थीहरुमा अनुयायी गुणको विकास गराउँदछ । रचनात्मक वा विचारशील हुनुको सट्टा समाजद्वारा निर्दिष्ट व्यवहारलाई जस्ताको तस्तै स्वीकार्ने व्यक्ति वनाइदिन्छ । के यस्तो नियन्त्रित वातावरण र दमनात्मक सामाजिकीकरणले वर्तमान प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) ले अपेक्षा गरेको

"राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्वन जस्ता सामाजिक एवं चारित्रिक गुणको विकास गर्ने" उपलब्धि प्राप्त होला ? हाम्रा अगाडि यो जटिल प्रश्न खडा भएको छ ।

### घ. विद्यालय परिवेशको वातावरणीय अवस्थाबाट सिकेका व्यवहारहरु

विद्यालय एउटा पवित्र मन्दिर हो । तसर्थ यस वातावरण स्वच्छ, शान्त र रमणीय हुनुपर्दछ । तर हाम्रा विद्यालयको अवस्था त्यस्तो देखिँदैन । अवलोकन, अन्तर्वार्ता र लक्षित समूह छलफलबाट विद्यालयको वातावरण अस्वस्थ भएको पाइयो । विभिन्न बन्द हड्तालले हाम्रा बालबालिकाले विद्यालयमा शान्ति होइन क्रान्ति सिकिरहेको देखियो । विद्यालय परिवेशमा रहेको मन्दिरमा गाँजा खाने र अश्लिलता प्रदर्शन गर्ने केटा केटीहरुको दृश्यले हाम्रा बालबालिकाहरुले गाँजा, चुरोट खाने, केटीलाई जिस्काउने जस्ता यौनिक व्यवहारहरु सिकेको पाइयो । विद्यालयमा प्राथमिक तहमा पढ्ने उमेर (६-१०) भन्दा बढी उमेरका (१२-१३) वर्षका बालबालिकाहरु पनि रहेको भेटियो । यस्ता बालबालिकाहरुलाई मन्दिर वरिपरिको त्यो दृश्यले बाल मस्तिष्कमा नराम्रो असर पारेको पाइयो । बालबालिकाहरु चौरमा खेल्दा पनि ९-१० कक्षाका केटा केटीहरु आपसमा जिस्केर रमाइलो गरेको देखेर स-साना केटा केटीहरुलाई त्यसको प्रभाव परेको देखियो । बालबालिकाहरुले चौरमा मिलेर खेल्दा सामाजिकीकरण र मनोक्रियात्मक सिकाइ सिकेको पाइयो । विद्यार्थीका मानसिक र शारीरिक क्रियाकलापद्वारा वातावरणको कुनै पनि क्षेत्रमा गरिने क्रियाकलापहरु मनोक्रियात्मक तहको सिकाइ भित्र पर्दछन् ।

बालबालिकाहरुले अन्जानमा नै खेलको तयारी गर्न, समूह निमार्ण गर्न, व्यायाम गर्न, कुनै कुरामा चाख देखाउन सिकेको भेटियो । उनीहरुले चौरमा खेलेको एकु दुकु (ढ्याक) खेलले ज्यामितीय आकृति त्रिभुज, चतुर्भुज, सरल रेखा कोर्न सिकाउनुको साथै शारीरिक व्यायामको पनि विकास भएको पाइयो । विद्यालय परिसरमा फालिएका कागजका टुक्रा, शौचालय वरिपरि रहेको फोहोर देख्दा उनीहरुले विद्यालय सरसफाइ गर्ने काम परिचरको हो भन्ने कुरा सिकेको भेटियो । चौरमा उनीहरुले समूहमा मिलेर खेल्न, प्रतिस्पर्धा गर्न, ईर्श्या गर्न, हारजितलाई स्वीकार गर्न, हार्दा दुःखी र जित हुँदा खुशी हुन् सिकेको देखियो । "आफू हाँस्दा संसार हाँस्छ तर रुँदा एक्लै रुनु पर्छ" भन्ने भनाइलाई उनीहरुका विविध क्रियाकलापहरुले सार्थक बनाइरहेको पाइयो । विद्यालय परिवेशमा रहेको महादेवको मन्दिर र त्यस वरिपरि टुँडालहरुमा देखिने विभिन्न दृश्यहरुले उनीहरुलाई धर्म प्रति विश्वास, आस्था जगाउनुको साथै पुराना हस्तकला तथा वास्तुकलाहरुको सिकाइ भएको देखियो । शिक्षाविद कोवुनका अनुसार ८३% सिकाइ प्रत्यक्ष देखेर हुन्छ जसको प्रभाव यहाँ परेको देखिन्छ ।

## ४.२ अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रमा पारेको प्रभाव

औपचारिक पाठ्यक्रमको आधार र मेरुदण्ड नै अदृश्य पाठ्यक्रम हो । अदृश्य पाठ्यक्रम विना औपचारिक पाठ्यक्रमको निमार्ण संभव छैन् न त यसको कार्यान्वयन नै संभव छ । औपचारिक

पाठ्यक्रमको उद्देश्यका स्रोतहरु भनेका सिक्ने व्यक्ति, समाज विषय विज्ञ र दार्शनिक तथा समाजशास्त्रीय आधारहरु हुन जसको समग्र अध्ययनविना उद्देश्य निर्धारण संभव नहुने शिक्षक अन्तर्वार्ताबाट पाइएको छ । साथै पाठ्यक्रम विकासका आधारहरु भनेका समाज र संस्कृतिको विश्लेषण, सिकाइ सिद्धान्त र ज्ञानको स्वरुप हुन् । पाठ्यक्रमका तत्वहरुमा, उद्देश्य, विषयबस्तु (पाठ्यवस्तु), शिक्षणसिकाइका कार्यविधि र मूल्याङ्कन हुन् । यी सबै कुराहरुलाई अदृश्य पाठ्यक्रमले कसरी प्रभाव पारेको छ सो को विश्लेषणबाट नै अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा पारेको प्रभाव अध्ययन र विश्लेषण संभव हुन्छ । माथि ४.१ मा गरिएको विश्लेषण, कक्षाकोठाभित्र र बाहिर गरिएको अवलोकन, शिक्षक अन्तर्वार्ता, विद्यार्थीसँग गरिएको लक्षित समूह छलफल, दस्तावेज तथा अभिलेख अध्ययनबाट प्राप्त सूचनाको आधारमा चार पक्ष अर्थात पाठ्यक्रमका तत्व र उद्देश्यका स्रोतहरुमा पारेको प्रभाव पाठ्यक्रम विकासका आधारमा पारेको प्रभाव, पाठ्यक्रम परिवर्तनमा प्रभाव पार्ने तत्वहरुमा पारेको प्रभाव र पाठ्यक्रम प्रयोग (कार्यान्वयनमा) पारेको प्रभावको विश्लेषण गरिएको छ ।

### ४.२.१ पाठ्यक्रमका तत्व र उद्देश्यका स्रोतहरुमा पारेको प्रभाव

पाठ्यक्रमका तत्वहरु अन्तर्गत उद्देश्य, पाठ्यबस्तु, शिक्षण सिकाइका कार्यविधि र मूल्याङ्कन पर्दछन् भने पाठ्यक्रमका उद्देश्यका स्रोतहरुमा सिक्ने व्यक्ति, समाज, विषयविज्ञहरु, दार्शनिक र समाजशास्त्रीय आधार पर्दछन् । यी सबै कुराहरुमा अदृश्य पाठ्यक्रमले प्रभाव पार्ने कुरा शिक्षक अन्तर्वार्ताबाट पाइयो । कुनै पनि पाठ्यक्रम निर्माण गर्नु अघि त्यो पाठ्यक्रम कसको लागि हो, के कामको लागि हो भन्ने कुरामा ध्यान दिनु पर्ने शिक्षक अन्तर्वार्ताले देखाएको छ । समाजका आवश्यकताहरु तथा विद्यार्थीका चाहना र रुचिलाई विश्लेषण गरिसकेपछि कुन कक्षाका कुन उमेरका विद्यार्थीमा के कस्ता सीप, ज्ञान वा धारणा विकास गराउने भन्ने कुरा निर्धारण गर्नु नै पाठ्यक्रमको उद्देश्य हुन्छ । उद्देश्यको आधारमा पाठयवस्तु छनौट गरिन्छ । पाठ्यवस्तुलाई पाठ्यक्रमका उद्देश्यहरु विद्यार्थीमा हस्तान्तरित गरी उनीहरुको व्यवहारमा परिर्वतन ल्याउने एउटा प्रमुख माध्यमको रुपमा लिइन्छ । पाठ्यबस्तुको छनौट गर्दा कक्षा, तह र विषयलाई विचार गर्नु पर्दछ । साथै विषयवस्तु महत्वपूर्ण, बैध, सान्दर्भिक, उपयोगी, रुचिकर र क्षमतामा आधारित तथा प्रजातान्त्रिक मूल्य अनुरुप हुनुपर्ने शिक्षक अन्तर्वार्ताले पुष्टि गरेको छ ।

पाठ्यबस्तुको छनौट भइसकेपछि ती पाठ्यबस्तुहरुलाई विद्यार्थीसम्म पुऱ्याउने कार्य शिक्षकले गर्दछ जसलाई शिक्षण सिकाइ भनिन्छ । शिक्षण सिकाइका कार्यनीतिहरु सिकाइमा विद्यालयभित्र शिक्षकद्वारा बैध र महत्वपूर्ण विषयबस्तुहरु प्रदान गर्नु भएको कुरा शिक्षक अन्तर्वार्ताबाट देखियो । शिक्षण विधि सिकाइको एउटा महत्वपूर्ण पक्ष भएकाले पाठ्यक्रमले जहिले पनि यसको व्याख्या गरेको हुन्छ । शिक्षाविद ट्राभर्स (Travers) ले यिनै कुरालाई ध्यानमा राखेर व्यक्तिगत पक्षमा परिपक्वता उमेर, लिङ्ग, पूर्व अनुभव, क्षमता, मानसिक उमेर, बौद्धिकता अभिरुचि, शारीरिक असक्षमता, उत्प्रेरणा तथा कार्यगत पक्षमा विषयवस्तुको लम्बाई, विषयवस्तुको कठिनाइ स्तर, अर्थपूर्णता, पूर्व प्रमाणित रुकावट र हस्तक्षेप र

विधिपक्षमा अभ्यास, परिणाम र वितरण, सिकाइको स्तर, अधिक सिकाइ र ड्रिल अभिव्यक्ति परिणामको ज्ञान, पूर्ण वा अंश विधि, इन्द्रियहरुको प्रयोग निर्देशन, उत्प्रेरक आदिलाई ध्यानमा राखेर शिक्षण सिकाइका कार्यनिति तयार गर्नुपर्ने कुरा उल्लेख गरेका छन् ।

पाठयक्रमको तत्वको रुपमा मुल्याङ्कनलाई हेर्दा उद्देश्यको आधारमा विषयवस्तुको छनौट, उद्देश्य र विषयवस्तुको आधारमा शिक्षणविधिको निर्णय र उद्देश्य विषयवस्तु छनौट र शिक्षण विधिको प्रयोगको आधारमा विद्यार्थी मूल्याङ्कन सम्भव हुने भएकोले पाठ्यक्रमका यी चारवटै तत्वहरु एक अर्कोसँग अन्तर सम्बन्धित छन् । यी सबै तत्वहरुमा अदृश्य पाठ्यक्रमको प्रभाव रहेको छ । यसको प्रभावको अध्ययन विना पाठ्यक्रम निर्माण गरिएमा त्यो अधुरो हुने कुरा शिक्षक अन्तर्वार्ताले देखाएको छ ।

पाठ्यक्रमका उद्देश्यका स्रोतहरुमा सिक्ने व्यक्ति, समाज, विषय विज्ञहरु, दार्शनिक र समाजशास्त्रीय आधारहरु पर्दछन् । शिक्षा एउटा सक्रिय प्रक्रिया भएको र बालकले धेरै जसो कुरा गरेर सिक्ने भएकोले बाल-संलग्नता नहुने क्रियाकलापबाट सिकाइको कल्पना गर्न पनि नसकिने कुरा शिक्षक अन्तर्वार्ताबाट पुष्टि भएको छ । त्यसैले पाठ्यक्रममा उद्देश्यहरु निर्माण गर्दा नै यस्तो रुचिहरुलाई पनि स्थान दिन सकेमा सिकाइ अर्थपूर्ण हुन्छ । यसै कारणले गर्दा पाठ्यक्रमका उद्देश्यका स्रोतका रुपमा विद्यार्थी वा सिक्ने व्यक्तिलाई लिन सकिन्छ यसको लागि बाल बालिकाहरुले अदृश्य रुपमा सिकेका व्यवहारहरुको अध्ययन अनुसन्धान विना संभव नहुने कुरा शिक्षक अन्तर्वार्ताले देखाएको छ ।

जुन समाजमा बालक हुर्किएको छ त्यहि समाजमा उसलाई योग्य बनाउनु नै शिक्षाको उद्देश्य हो । प्रत्येक समाजको आफ्नै परिवेश हुन्छ, आफ्नै चालचलन र संस्कृति हुन्छ र आफ्नै व्यवहारका ढाँचाहरु हुन्छन् । यी सबै कुरामा घुलमिल गर्न सक्ने व्यक्ति नै त्यस समाजको स्वीकृत सदस्य रहन्छ । बालक हुर्केको समाज, त्यस समाजको आवश्यकता र त्यस समाजको विकासका लागि आवश्यक सीप र दक्षता जस्ता कुराहरुमा विचार पुऱ्याई एउटा सक्षम नागरिक उत्पादन गर्न पाठ्यक्रमले जोड दिएको हुनुपर्दछ । त्यसैले समाजलाई पाठ्यक्रमका उद्देश्यको स्रोतको रुपमा मानिएको छ जसको अध्ययनको लागि अदृश्य पाठ्यक्रमको अध्ययन र विश्लेषण पूर्व शर्तको रुपमा रहेको छ । समाज भित्र रहेको प्रत्येक पक्ष सामाजिक, दार्शनिक, भौतिक, मनोवैज्ञानिक र व्यक्तिगत समेतलाई राम्ररी केलाएर मात्र पाठ्यक्रमका उद्देश्य निर्धारण गर्नु पर्ने कुरा शिक्षक अन्तर्वार्ताले देखायो ।

पाठ्यक्रम निर्माण देखि पाठ्यपुस्तकको विकास गर्ने कामसम्म र त्यसको सफल प्रयोगको लागि विभिन्न क्रियाकलापको आयोजना गर्ने कार्यमा समेत प्रत्यक्ष संग्लन हुने विशेषज्ञहरुलाई पाठ्यक्रमको उद्देश्यका स्रोतका रुपमा मान्न थालिएको छ । प्रत्येक विषयबाट विद्यार्थीमा विशिष्टीकरणको सीप प्रदान गर्नु र प्रत्येक विषयको माध्यमबाट व्यक्ति र समाजका आवश्यकताहरु परिपूर्ति गर्नमा मद्दत पुऱ्याउन गणित, भाषा, सामाजिक अध्ययन, विज्ञान कला, शारीरिक शिक्षा जस्ता विषयका विशेषज्ञहरुबाट मात्र बालकको उमेर रुचि र आवश्यकता अनुसार के कस्ता विषय बस्तु समावेश गर्दा

ठीक हुन्छ भन्ने कुरा निर्क्योल गर्न सकिन्छ । विशेषज्ञहरुको अभावमा विषयगत सीपको कल्पना पनि गर्न सकिन्न यसको लागि उनीहरुले अदृश्य पाठ्यक्रमलाई आधारको रुपमा लिनु पर्ने कुरा शिक्षक अन्तर्वार्ताले बतायो ।

असल जीवन यापन गर्न आवश्यक मूल्य र मान्यताहरुलाई दर्शनले सिफरिस गर्दछ । यस्ता मूल्य र मान्यता समाजको दृष्टिकोणमा निर्भर रहने हुँदा सामाजिक र शैक्षिक दर्शनले पाठ्यक्रमका उद्देश्य छनौटमा सकारात्मक भूमिका निर्वाह गर्दछ । विश्वमा शिक्षाको क्षेत्रमा विकास भएका धेरै दर्शनहरु छन, ती दर्शनहरुले शिक्षाका उद्देश्य बेग्लाबेग्लै निर्धारण गरेका छन् । उदाहरणका लागि प्रगतिवादी र यर्थाथवादी शिक्षाका उद्देश्यहरु फरक फरक छन् । त्यसैले समाजको दृष्टिकोणमा कुन शैक्षिक वा सामाजिक दर्शन ठीक छ त्यसैका आधारमा पाठ्यक्रमका उद्देश्यहरु छनौट हुन्छन र शैक्षिक प्रणाली संचालन गरिन्छ । यसका लागि अदृश्य पाठ्यक्रम मेरुदण्डको रुपमा रहने कुरा शिक्षक अन्तर्वार्ताले देखायो ।

### ४.२.२ पाठ्यक्रम विकासका आधारमा पारेको प्रभाव

कुनै पनि व्यक्तिमा उसको सामाजिक र साँस्कृतिक परिवेश अनुसारको सक्षमताको विकास गराउने कार्य पाठ्यक्रमको हो । त्यसैले पाठ्यक्रम विकासका लागि समाज र संस्कृतिको विश्लेषण गरी सोही अनुरुप पाठ्यक्रम निर्माण तथा विकास गर्नु पर्ने कुरा शिक्षक अन्तर्वार्ताले वतायो । समाजको विश्लेषणको क्रममा समाजमा व्यक्तिका क्रियाकलाप, सामाजिक समस्या, आकांक्षा सीप, मूल्य र मान्यता, सामाजिक तथा पारिवारिक जीवन, आर्थिक पक्ष, विज्ञान र प्रविधिका पक्षमा ध्यान पुऱ्याउनु पर्ने कुरा दस्तावेज अध्ययनले देखायो । त्यसरी नै संस्कृतिको विश्लेषण क्रममा संस्कृति र व्यक्तित्व, संस्कृति परिवर्तन, चरित्र र मूल्य आदि कुरामा ध्यान पुऱ्याउनु पर्दछ । सामाजिक चरित्रको विकासमा साँस्कृतिक मूल्यको पनि त्यतिकै भूमिका रहन्छ । साँस्कृतिक मूल्यमा देखा पर्ने अस्थिरता तथा एक आपसमा वाझिने कुराहरुले व्यक्तिको चरित्रलाई पनि अस्थिर बनाउन सक्दछ । यस्ता अस्थिरताहरु उपलब्धि प्रतिको उत्प्रेरणा, सफलताका लक्ष्य, मानव मूल्यका परम्परागत आदर्श, प्रजातन्त्र र सामाजिक नैतिकतासँग आबद्ध भएका हुन्छन् । यसको अध्ययन र विश्लेषणको लागि अदृश्य पाठ्यक्रम महत्वपूर्ण अंगको रुपमा रहने कुरा शिक्षक अन्तर्वार्ताबाट देखियो ।

पाठ्यक्रम सम्बन्धी थुप्रै निर्णयहरुमा सिक्ने व्यक्ति र सिकाइको ज्ञान ज्यादै उपयोगी हुन्छ । पाठ्यक्रम भन्नु नै सिकाइका लागि एउटा योजना हो । पाठ्यक्रममा राखिएका सिकाइका लक्ष्य र तिनलाई प्राप्त गर्ने तरिकाहरुलाई हेर्दा पाठ्यक्रमको योजना गर्दा मुख्यतयः पाठ्यबस्तुको छनौट र संगठन, सिकाइका उच्चतम् अवस्थाको योजना, सिकाइ अनुभवहरुको छनौटमा ध्यान पुऱ्याउनु पर्दछ जसको लागि अदृश्य पाठ्यक्रम एक महत्वपूर्ण कोशेढुङ्गाको रुपमा रहन्छ । उपलब्धि केन्द्रित वा प्रक्रिया केन्द्रित कुन पाठ्यक्रम निर्माण गर्ने हो त्यसका लागि के कस्ता सान्दर्भिक सिद्धान्तहरु छन् , कुन

सिकाइको सिद्धान्तले प्रक्रियामा जोड दिएको छ, कुन सिद्धान्तले उपलब्धिमा जोड दिएको छ र कुन बाटो अपनाउँदा सिकाइ अर्थपूर्ण हुन्छ भन्ने कुराको लागि सिकाइका सिद्धान्तको अध्ययन विना संभव छैन भन्ने कुरा शिक्षक अन्तर्वार्ताबाट देखिएकोले यसको लागि अदृश्य पाठ्यक्रमको अध्ययन र विश्लेषण हुनु पर्ने शिक्षक अन्तर्वार्ताले देखायो ।

त्यसरी नै कुन ज्ञान कति मात्रामा दिनु उचित छ भन्ने मुद्दा पाठ्यक्रमको योजना गर्दा सबै शिक्षाविदले विचार गर्नु पर्ने मुल कुरा हो । ज्ञानको प्रयोग गर्दा विभिन्न तहको विचार गर्नु पर्ने हुन्छ जसमा तथ्यहरु, धारणाहरु, सिद्धान्तहरु, सामान्यीकरणहरु, तरिकाहरु, प्रक्रियाहरु आधारहरु आदि हुने कुरा दस्तावेज अध्ययनले देखायो । समष्टिगत रुपमा भन्नु पर्दा ज्ञानका यिनै तत्वहरुले पाठ्यक्रमलाई एकीकृत रुपमा अगाडि बढ्न मद्दत पुऱ्याउँदछ । कुन कक्षाको कुन विषयमा कुन विषयबस्तु पढाउने भन्ने कुरामा पनि ज्ञानका यिनै तत्वहरुले निर्णायक भूमिका खेल्दछन् । जस्तै तरिकाहरुको शिक्षण गर्नु अघि तथ्य र धारणाको शिक्षण आवश्यक मानिन्छ । समग्रमा हेर्दा पाठ्यक्रमको तत्व, पाठ्यक्रमको विकास र पाठ्यक्रम परिवर्तनमा अदृश्य पाठ्यक्रमले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । अदृश्य पाठ्यक्रमको अध्ययन, अनुसन्धान, विश्लेषण र प्रयोग विना नै औपचारिक पाठ्यक्रमको निर्माण, विकास र प्रयोग हुन्छ भने त्यो अपूरो असफल र अवैज्ञानिक हुने कुरा शिक्षक अन्तर्वार्ताबाट देखियो ।

### ४.२.३ पाठ्यक्रम परिर्वतनमा प्रभाव पार्ने तत्वहरुमा पारेको प्रभाव

पाठ्यक्रम विकास एउटा निरन्तर चलिरहने प्रक्रिया हो । आवश्यकताको पहिचान गरी समय-समयमा यसमा सुधार गर्नु पाठ्यक्रम निर्माता र कार्यान्वयनकर्ताहरुको कर्तव्य भएको कुरा शिक्षक अन्तर्वार्ताबाट देखियो । आज संसारमा ज्ञानको विस्फोट भएको छ र त्यो क्रम अझै जारी छ । उपलब्ध ज्ञान र प्रविधिको आधारमा पाठ्यक्रमहरुमा व्यापक परिर्वतन भएका छन र परिवर्तनको क्रम जारी छ । जुन मुलुकको पाठ्यक्रम परिवर्तन हुँदैन त्यस मुलुकको विकास पनि संभव नहुने शिक्षक अन्तर्वार्ताबाट पाइयो । यस अर्थमा मुलुकको आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक र शैक्षिक उत्थानका लागि पनि पाठ्यक्रममा परिवर्तन गरिनु पर्दछ । पाठ्यक्रम सुधार वा परिवर्तनहरुका कारक तत्वहरुमा विद्यार्थी, विद्यालय ज्ञान, समुदाय, सामाजिक परिवर्तनहरु पर्दछन् । कुनै पनि पाठ्यक्रम बालबालिकाहरुको उमेर, तह, रुचि, क्षमता अनुसारको हुनु पर्ने शिक्षक अन्तर्वार्ताबाट देखिएको छ । साथै पाठ्यक्रमले उत्प्रेरणा जगाउनुको साथै, बालकमा समाजले अपेक्षा गरे अनुसारका नैतिक, चारित्रिक र सामाजिक मुल्यहरुको विकास गर्ने हुनु पर्ने शिक्षक अन्तर्वार्ताबाट पाइयो । यसको लागि पाठ्यक्रममा अदृश्य पाठ्यक्रमको समेत भूमिका रहन्छ । अदृश्य पाठ्यक्रम रहित पाठ्यक्रम तुरुन्तै परिवर्तन गर्नु पर्ने शिक्षक अन्तर्वाताबाट देखियो ।

पाठ्यक्रम कार्यान्वयनको मूल थलो विद्यालय हो । शिक्षकको योग्यता र क्षमतामा पनि पाठ्यक्रमको सफलता निर्भर गर्दछ । शिक्षकको क्षमता, विद्यालयमा उपलब्ध साधन र स्रोतका कारणले

पनि पाठ्यक्रममा तुरुन्तै परिवर्तन गर्नु पर्ने शिक्षक अन्तर्वार्ताबाट पाइयो । साथै अदृश्य पाठ्यक्रम रहित पाठ्यक्रमले विद्यालय र विद्यार्थीलाई कुनै प्रभाव पार्न नसक्ने कुरा शिक्षक अन्तर्वार्ताबाट पाइयो । त्यसैले असल पाठ्यक्रममा अदृश्य पाठ्यक्रमको अशं हुनै पर्दछ । ज्ञानको क्षेत्र व्यापक छ । ज्ञानको क्षेत्रमा भएको परिवर्तनले पाठ्यक्रमलाई तुरुन्त परिवर्तन गराउँदछ । समुदायको माग, आकांक्षा, आवश्यकताहरु परिर्वतनशील छन् । सामाजिक परिर्वतन, विकासको ढाँचा, वैदेशिक सम्पर्क, आर्थिक विकासका कारण पनि पाठ्यक्रममा परिवर्तन गरिरहनु पर्ने हुन्छ । विद्यार्थी, विद्यालय, ज्ञान, समुदाय र सामाजिक परिवर्तन अध्ययनको आधार नै अदृश्य पाठ्यक्रम भएको कुरा शिक्षक अन्तर्वार्ताबाट पाइयो । अदृश्य पाठ्यक्रमको गहिरो अध्ययन गरी यसबाट प्राप्त कुरा वा निष्कर्षको आधारमा पाठ्यक्रममा परिवर्तन गर्न सकेमा पाठ्यक्रम उपयोगी, सफल, आवश्यकता र रुचि तथा उमेर अनुसारको हुनुको साथै तुरुन्तै परिवर्तन नगर्नु पर्ने कुरा शिक्षक अन्तर्वार्ताबाट देखियो ।

### ४.२.४ पाठ्यक्रम प्रयोगमा पारेको प्रभाव

पाठ्यक्रम कार्यान्वयन अर्थात प्रयोगको प्रमुख थलो नै विद्यालय हो भने यसको कार्यान्वयनकर्ता विद्यालयको शिक्षक हो । पाठ्यक्रमबाट प्रत्यक्ष लाभ उठाउने अर्थात लाभान्वित पक्ष विद्यार्थी हो त्यसपछिको समाज र राष्ट्र भएको कुरा शिक्षक अन्तर्वार्ताले देखायो । अदृश्य पाठ्यक्रम पाठ्यक्रम विकासको मेरुदण्ड मात्र होइन यो पाठ्यक्रमको एउटा अङ्ग पनि हो । त्यसैले पनि अदृश्य पाठ्क्रमले औपचारिक पाठ्यक्रममा प्रभाव पारेको हुन्छ । हरेक वस्तुमा गुण र अवगुण दुवैको प्रतिविम्व रहेको हुन्छ । अदृश्य पाठ्यक्रमका पनि दुवै किसिमका गुणहरु रहेको कुरा शिक्षक अन्तर्वार्ताले देखायो । अनुसन्धानकर्ताले गरेको अवलोकन, शिक्षक अन्तर्वार्ता, विद्यार्थीसँग गरिएको लक्षित समूह छलफल, दस्तावेज तथा अभिलेख अध्ययनबाट प्राप्त सूचना, व्यक्तिगत अनुभव तथा ४.१ र ४.२ मा गरिएको विश्लेषण समेतको आधारमा अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्क्रममा पारेको सकारात्मक र नकारात्मक प्रभावहरुलाई निष्कर्षमा यस प्रकार उल्लेख गरिएको छ ।

**क) अदृश्य पाठ्यक्रमले पारेका सकारात्मक प्रभावहरु**

१. उत्प्रेरणा प्रदान गर्दा अरुका कुरा धैर्य गरेर सुन्ने, रुचि दिने, प्रत्येक शब्दको ख्याल गर्ने, रोमान्टिक हुने जस्ता बानीको विकास भएको अवलोकनबाट पाइयो ।

२. कक्षा शिक्षणबाट विद्यार्थीले भाषण कलाको विकास, नेतृत्व विकास, समयको ख्याल गर्ने, उदाहरण प्रस्तुत गर्न सक्ने, सामान्यीकरण गर्न सक्ने, सिकाईमा क्रियाशीलता, प्रभावकारिता र दिगोपन भएको अवलोकनबाट देखियो ।

३. गृहकार्य परीक्षणबाट प्रगतिप्रति खुशी हुने, मिहेनत गर्ने, प्रतिस्पर्धा गर्ने, बुझेर कार्य गर्ने, समय र नियमको पालना गर्ने, सिर्जनात्मकताको विकास भएको शिक्षक अन्तर्वार्ताबाट पाइयो ।

४. सामाजिक कार्य गर्दा समस्या बुझ्न सक्ने, समाधान गर्न सक्ने, सामाजिकीकरण हुन सक्ने, समूहमा मिलेर काम गर्ने गुणको विकास भएको अवलोकनबाट देखियो ।

५. भीडमा मिलेर बस्ने, समायोजन हुने, अनुशासित रहने, पालो पर्खने जस्ता बानीको विकास भएको अवलोकनबाट देखियो ।

६. शक्ति सम्बन्धयुक्त वातावरणमा बस्दा धैर्य गर्ने, अरुलाई सम्मान र आदर गर्ने, सहनशीलताको विकास गर्ने गुणको विकास भएको अवलोकनबाट भेटियो ।

७. राम्रो कामको सम्मान र नराम्रा कामको घृणा गर्ने, वातवरणीय सरसफाइमा ध्यान पुऱ्याउने गुणको विकास भएको अवलोकनबाट देखियो ।

८. सान्दर्भिक, व्यवहारिक बाल रुचि, क्षमता, आवश्यकता र माग अनुसारको उद्देश्य छनौटमा सहयोग भएको शिक्षक अन्तर्वार्ताबाट भेटियो ।

९. महत्वपूर्ण, बैध, सान्दर्भिक, उपयोगी, रुचिकर र क्षमतामा आधारित पाठ्यबस्तु छनौटमा र निर्माणमा सहयोग पुऱ्याएको शिक्षक अन्तर्वार्ताबाट पाइयो ।

१०. उपयुक्त शिक्षण विधि र मुल्याङ्कनमा सहयोग पुगेको शिक्षक अन्तर्वार्ताबाट भेटियो ।

११. पाठ्यक्रमका उद्देश्यका स्रोतहरु अध्ययन गरी मनोवैज्ञानिक, सामाजिक, वैज्ञानिक, र दर्शनशास्त्रीय दृष्टिकोणले उपयुक्त उद्देश्य निर्माणमा सहयोग पुऱ्याउने दस्तावेज अध्ययनबाट पाइयो ।

१२. सिकारुको भौतिक, सामाजिक र एकीकृत आवश्यकता अनुसारको पाठ्यक्रम निर्माणमा सहयोग पुऱ्याउने दस्तावेज अध्ययनबाट पाइयो ।

१३. पाठ्यक्रम विकासमा समाज र संस्कृतिको विश्लेषण, सिकाई सिद्धान्तको अध्ययन र विश्लेषण, ज्ञानको स्वरुपको विश्लेषण गरी उपयुक्त मार्ग निर्देश गर्नमा सहयोग पुग्ने दस्तावेज अध्ययनबाट देखियो ।

१४. पाठ्यक्रम परिवर्तनमा प्रभाव पार्ने तत्वहरुको सही विश्लेषण र अनुसन्धान गरी उपयुक्त किसिमको पाठ्यक्रम निर्माण र परिवर्तन गर्न सहयोग पुग्ने दस्तावेज अध्ययनबाट देखियो ।

१५. विद्यालयको शैक्षिक वातावरणलाई बालमैत्री, प्रभावकारी, रुचिकर बनाउनुको साथै सिकाइलाई चिरस्थायी बनाउँदछ भन्ने कुरा शिक्षक अन्तर्वार्ताबाट भेटियो ।

१६. विद्यालय परिवारको सम्बन्धलाई सुमधुर बनाउँदछ भन्ने कुरा शिक्षक अन्तर्वार्ता र छलफलबाट  पाइयो ।

१७. उपयुक्त वातावरण निर्माण र व्यवस्थापनमा सहयोग पुग्ने शिक्षक अन्तर्वार्ताबाट भेटियो ।

१८. प्रजातान्त्रिक र लोकतान्त्रिक परिपाटिको विकासमा सहयोग पुऱ्याउने अवलोकन र शिक्षक अन्तर्वार्ताबाट भेटियो ।

**ख)　अदृश्य पाठ्यक्रमले पारेका नकारात्मक प्रभावहरु**

१. हतार गर्ने, अनावश्यक प्रतिस्पर्धा गर्ने, ईर्श्या गर्ने, छलकपट गर्ने, राम्रा व्यवहार देखाउने, नराम्रा व्यवहार लुकाउने जस्ता गुणको विकास भएको अवलोकनबाट देखियो ।

२. पढाइलाई कम प्राथमिकता दिने, समयको दुरुपयोग गर्ने, निश्क्रिय सिकारु बन्ने, अनावश्यक गफ र हल्ला गर्ने, अरुलाई जिस्काउने बानीको विकास भएको अवलोकन र शिक्षक अन्तर्वार्ताबाट पाइयो ।

३. खराब लतमा फस्ने, परनिभर्रताको विकास, निराश हुने, अवलोकन र शिक्षक अन्तर्वार्ताबाट पाइयो ।

४. स्वार्थी हुने, अहम भावनाको विकास, जिस्काउने, होच्याउने, अरुको समस्याप्रति वेवास्ता गर्ने, स्वत स्फूर्त क्रियाकलापमा ह्रास आउने, आफ्नोपनको लोप हुने कुरा अवलोकनबाट भेटियो ।

५. लैङ्गिक विभेद गर्ने, नक्कल गर्ने, शिक्षक माथि बढी निर्भर हुने, परनिर्भरताको विकास, चाप्लुसीबाद र शक्तिशालीको सम्मान गर्ने बानीको विकास भएको अवलोकनबाट देखियो ।

६. चुपचाप बस्ने, सँस्कृतिको विकास, जिम्मेवारीबाट पन्छिने, अरुलाई जिस्काउने, हिर्काउने, अनावश्यक टरचर दिने, पढाइलाई कम र खेललाई बढी महत्व दिने, जस्ता गुणहरुको विकास भएको अवलोकनबाट पाइयो ।

## ४.३　अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा सहयोग पुऱ्याउने उपायहरु

अदृश्य पाठ्यक्रम नै औपचारिक पाठ्यक्रमको मेरुदण्ड आधार र स्रोत हो भन्ने कुराको निश्कर्ष माथिको विश्लेषणले दिइसकेको छ । अदृश्य पाठ्यक्रमका पनि आफ्नै किसिमका सबल र दुर्बल पक्षहरु रहको कुरा माथिकै विश्लेषणबाट स्पष्टै छ । कुनै पनि कुराबाट राम्रा पक्षहरु लिने र नराम्रा पक्षहरु छोडने संस्कृतिको विकासले नै हरेकलाई असल र उन्नतिको मार्ग तर्फ अगाडि बढाउँदछ । अदृश्य पाठ्यक्रमलाई हामीले सही प्रयोग गरी यसबाट राम्रा पक्षहरुलाई लिन सकेमा यसले औपचारिक पाठ्यक्रममा सहयोग पुऱ्याउने उपायहरु निम्नानुसार भएको निश्कर्ष निकालिएको छ ।

१. अदृश्य पाठ्यक्रमको प्रयोग बाल रुचि, चाहना, आकांक्षा र आवश्यकताको पहिचान गर्नको लागि गर्नु पर्दछ भन्ने कुरा शिक्षक अन्तर्वार्ताबाट पाइयो ।

२. अदृश्य पाठ्यक्रमको अध्ययन गरी उमेर, तह र क्षमता अनुसारको उद्देश्य निर्माणका कार्य गर्नु पर्दछ भन्ने कुरा शिक्षक अन्तर्वार्ता र दस्तावेज अध्ययनबाट भेटियो ।

३. बालबालिकाहरुको अन्तरनिहित प्रतिभाहरुको प्रष्फुटन गराउन, शारीरिक, मानसिक र संवेगात्मक विकास गर्न अदृश्य पाठ्यक्रमको प्रयोग हुने कुरा शिक्षक अन्तर्वार्ताबाट पाइयो ।

४. अदृश्य पाठ्यक्रमको प्रयोगबाट सिकारुको संज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक क्षेत्रहरुको विकास गराउनु पर्दछ भन्ने कुरा शिक्षक अन्तर्वार्ताबाट भेटियो ।

५. पाठ्यक्रम निर्माण, विकास र परिर्वतनमा अदृश्य पाठ्यक्रमको अध्ययन, विश्लेषण र प्रयोग गरी कोशेढुङ्गाको कार्य गर्नु पर्छ भन्ने शिक्षक अन्तर्वार्ताको क्रममा पाइयो ।

६. अदृश्य पाठ्यक्रमको गहन अध्ययनबाट नै सिकाइ अनुभवहरुको प्रभावकारी रुपमा छनौट गर्न सकिन्छ भन्ने दस्तावेज अध्ययन र अन्तर्वार्ताबाट पाइयो ।

७. बालबालिकाहरुको सिर्जनशीलताको प्रष्फुटन र विकासमा सहयोग पुऱ्याउने हेतलु यसको प्रयोग गर्नु पर्दछ भन्ने शिक्ष्क अन्तर्वार्ताबाट पाइयो ।

८. अदृश्य पाठ्यक्रमको प्रयोगबाट सिकाइलाई रोचक र चिरस्थायी बनाउँनु पर्दछ भन्ने विद्यार्थी छलफलबाट पाइयो ।

९. अदृश्य पाठ्यक्रमको अध्ययनले विषयबस्तु छनौटमा सहयोग पुऱ्याउँदछ । त्यसैले यसको अध्ययन अनुसन्धान जरुरी छ भन्ने शिक्षक अन्तर्वार्ताबाट पाइयो ।

१०. अदृश्य पाठ्यक्रमको सहयोग लिई उपयुक्त शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया छनौट र प्रयोग गर्नु पर्दछ भन्ने शिक्षक अन्तर्वार्ताबाट पाइयो ।

११. अदृश्य पाठ्यक्रमले भौतिक, सामाजिक र एकीकृत आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग पुऱ्याउँदछ । त्यसैले यसको प्रयोग जरुरी छ भन्ने शिक्षक अन्तर्वार्ताबाट भेटियो ।

१२. बालबालिकाहरुको मौलिकता र सिर्जनशीलता विकासको लागि मनोवैज्ञानिक ढङ्गले यसको प्रयोग गर्नुपर्दछ भन्ने कुरा शिक्षक अन्तर्वार्ताबाट पाइयो ।

१३. बालबालिकाहरुलाई सामाजिकीकरण गराउन यसको प्रयोग गर्नु पर्दछ भन्ने शिक्षक अन्तर्वार्ताबाट भेटियो ।

१४. समूह कार्य, समूहमा मिलेर बस्न, अनुशासनको विकास गर्न, प्रतिस्पर्धाको विकास गराउन अदृश्य पाठ्यक्रमको प्रयोग गरिनु पर्दछ भन्ने कुरा विद्यार्थी छलफल तथा शिक्षक अन्तर्वार्ताबाट पाइयो ।

१५. सरलबाट जटिल शिक्षणको लागि यसको प्रयोग गर्नुपर्दछ भन्ने कुरा शिक्षक अन्तर्वार्ताबाट पाइयो ।

१६. धारणा निर्माणको लागि यसको प्रयोग गनुपर्दछ भन्ने कुरा शिक्षक अन्तर्वार्ताबाट देखियो ।

१७. विषयवस्तु प्रति रुचि जगाउन यसको प्रयोग गर्नुपर्दछ भन्ने कुरा छलफलबाट पाइयो ।

१८. उद्देश्यको आधारमा विषयवस्तुको छनौट, उद्देश्य र विषयवस्तुको आधारमा शिक्षण विधिको निर्णय र उद्देश्य, विषयवस्तुको छनौट र शिक्षणविधिको प्रयोगको अधारमा विद्यार्थी मूल्याङ्कन गर्न अदृश्य पाठ्यक्रमलाई प्रयोगमा ल्याउनु पर्दछ भन्ने कुरा दस्तावेज अध्ययन तथा शिक्षक अन्तर्वार्ताबाट पाइयो ।

# परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

अदृश्य पाठ्यक्रमको क्षेत्र व्यापक छ । व्यापक क्षेत्र ओगटेको यस शीर्षकमा अध्ययन गर्नु ज्यादै चुनौतीपूर्ण कार्य थियो तापनि नमूना जनसंख्यामा आधारित भएर यस शीर्षकमा अध्ययन गरियो किनकी अदृश्य पाठ्यक्रम औपचारिक पाठ्यक्रमको अभिन्न अङ्ग हो । जसको अध्ययन र अनुसन्धान विना औपचारिक पाठ्यक्रमको विकास निर्माण र कार्यान्वयन अधुरो र अपुरो रहन्छ । अदृश्य पाठ्यक्रमको प्रयोगले सिकाइ स्थायी, व्यवहारिक, सिर्जनशील र प्रभावकारी हुनुको साथै यसले आवश्यकता, रुचि र क्षमतालाई सङ्गठित गर्न र प्रयोगमा ल्याउन सहयोग पुऱ्याउँदछ । सामाजिक मूल्य, धर्म, संस्कृति, कला, विज्ञान, नैतिक मूल्य र मान्यताप्रति सजग र सचेत गराउँदै आत्म मूल्याङ्कन र आत्म अनुशासनको विकास गराई यसको हस्तान्तरणमा सहयोग पुऱ्याउने भएकोले यसको अध्ययन आवश्यक थियो ।

कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम शीर्षकमा गरिएको यस अध्ययन अनुसन्धानको उद्देश्य विद्यार्थीहरुले अदृश्य रुपमा सिकेका व्यवहारहरु पहिचान गर्ने, अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्क्रममा पारेको प्रभाव विश्लेषण गर्ने र यसले औपचारिक पाठ्यक्रममा सहयोग पुऱ्याउने उपायहरु पहिचान गर्ने थियो । जसको लागि अनुसन्धानकर्ताले कक्षाकोठाभित्र र विद्यालय परिसरको अवलोकन शिक्षकसँग, अन्तर्वार्ता, विद्यार्थीहरुसँग लक्षित समूह छलफल, दस्तावेज तथा अभिलेख अध्ययन गरी आफ्ना शिक्षण अनुभवहरु समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । यो अध्ययन काभ्रे पलाञ्चोक जिल्लाको कलाँती भूमिडाँडा गाउँ विकास समितिको बाल प्रकाश माध्यामिक विद्यालयको प्राथमिक तहका विद्यार्थीमा आधारित भएर गरिएको थियो । अध्ययनमा प्राथमिक तहका ५ जना शिक्षक,प्राथमिक तहका ७ जना विद्यार्थीलाई नमुनाको रुपमा छनौट गरिएको थियो । विभिन्न स्रोतबाट प्राप्त सूचनाहरुलाई मनोवैज्ञानिक, सामाजशास्त्रीय, दर्शनशास्त्रीय, पूर्व साहित्यको अध्ययन तथा अध्ययनकर्ताको अनुभवको आधारमा व्याख्या विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ । अध्ययनको विश्वसनियता तथा वैधताको लागि तथ्याङ्क प्रमाणीकरण, सिद्धान्त प्रमाणीकरण र विधि प्रमाणीकरण प्रक्रिया अपनाइएको थियो ।

### ५.१ प्राप्ति

विद्यालयको कार्य तालिकाबाट बालबालिकाहरुले आफ्नो विद्यालयको वार्षिक कार्य योजनाको जानकारी पाउनुको साथै के काम कहिले कहिले हुने भन्ने कुरा सिकेको र आफ्नो कार्यको लागि पनि एउटा योजना बनाउनु पर्ने कुरा सिकेको देखियो । विद्यालयमा अदृश्य पाठ्यक्रमको प्रयोगको रुपमा कथा, कविता, चुट्किला, विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलाप हुने गरेको जसले उनीहरुको सिर्जनशीलताको विकासको साथै शारीरिक, मानसिक र मनोक्रियात्मक विकासमा सहयोग पुऱ्याएको छ ।

कक्षाकोठाभित्र र बाहिर भीडमा मिलेर बस्न, मिलेर खेल्न, समूह निर्माण गर्न, समूहको नेतृत्व लिन सिकेको पाइयो । क्रियाकलापमा प्रतिस्पर्धा गर्न, आपसमा सहयोग गर्न, अरुलाई खुशी पार्न, अनुशासनमा रहन, प्रशंसा गर्न, नक्कल गर्न, कमजोरलाई हेप्न, शक्तिशालीको पछि लाग्न सिकेको देखियो । शिक्षकलाई पूर्ण विश्वास गर्ने, ज्ञानी बन्ने , आज्ञाकारी बन्ने गरेर सिक्ने राम्रा कार्य देखाउने, नराम्रा कार्य लुकाउने, तर्क गर्ने, व्याख्या गर्ने जस्ता गुणको विकास गरेको पाइयो । शिक्षकले उत्प्रेरणा प्रदान गर्दा खुशी हुन, पीडा विर्सन, रमाइलो गर्न, चिन्तन गर्न, सिर्जनशील हुन, ध्यान केन्द्रित गर्न, अग्रसर हुन, क्रियाशील हुन सिकेको भेटियो ।

अदृश्य पाठ्यक्रमले पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनमा नै प्रभाव पार्ने भएकोले पाठ्यक्रमको विकास, निर्माण र कार्यान्वयन गर्दा नै यसको भूमिकाको अध्ययन गरिनु आवश्यक भएको पाइयो । अदृश्य पाठ्यक्रमले पाठ्यक्रमका तत्व र उद्देश्यका स्रोतहरुमा प्रभाव पार्ने देखियो । साथै यसले पाठ्यक्रम विकासका आधार र पाठ्यक्रम परिवर्तनमा प्रभाव पार्ने तत्वहरुमा समेत प्रभाव पार्ने देखिएकोले यो औपचारिक पाठ्यक्रमको मेरुदण्ड भएको अनुसन्धानबाट देखियो । अदृश्य पाठ्यक्रमको उचित प्रयोगले शिक्षण सिकाइलाई रोचक, सिर्जनशील, प्रभावकारी, मनोरञ्जनपूर्ण र स्थायी बनाउने भएकोले कक्षाकोठाभित्र यसको प्रयोगलाई उचित स्थान दिनु पर्ने देखिएको छ ।

अदृश्य पाठ्यक्रमले बालबालिकाहरुको सकारात्मक र नकारात्मक दुवै पक्षहरुको विकास गरेको पाइयो । हाम्रा विद्यालयमा शिक्षकले नकारात्मक व्यवहारको विकासमा भन्दा सकारात्मक व्यवहारको विकासमा यसको प्रयोग गर्न सकेमा निश्चय नै यसले गुणात्मक शिक्षाको विकासमा सहयोग पुऱ्याउने देखिन्छ । यसको लागि विद्यालयले विद्यार्थीहरुको चौतर्फी विकासको लागि खेलकुद, अतिरिक्त क्रियाकलाप, शैक्षिक भ्रमण , अवलोकन भ्रमण, क्षेत्र भ्रमण जस्ता कार्यक्रम नियमित रुपमा गर्नु पर्ने देखिन्छ । विद्यालयलाई बालमैत्री, रमणीय, सिर्जनशील भण्डारको रुपमा विकास गरी सैद्धान्तिक ज्ञानमा भन्दा व्यवहारिक ज्ञानमा जोड दिई ज्ञानलाई वास्तविक प्रयोगमा ल्याउन सक्ने जनशक्ति तयार गर्न सकेमा यसको प्रभाव अनुकरणीय र विश्वसनीय हुनेछ । अदृश्य पाठ्यक्रमलाई औपचारिक पाठ्यक्रमको शसक्त औजारको रुपमा विकास गर्नु पर्दछ ।

## ५.२ निष्कर्ष

अदृश्य पाठ्यक्रम औपचारिक पाठ्यक्रमको एउटा महत्वपूर्ण अङ्ग हो । यो औपचारिक पाठ्यक्रमको कार्यान्वयनको अवस्थामा नै विद्यार्थीहरुमा रुपान्तरण भै रहेको हुन्छ त्यसैले औपचारिक पाठ्यक्रमको कार्यान्वयन गर्दा हामीले अदृश्य पाठ्यक्रमलाई पनि विशेष ध्यान पुऱ्याउनु पर्दछ । अदृश्य पाठ्यक्रमलाई औपचारिक सिकाइमा वाधा पुऱ्याउने तत्वको रुपमा विकास नगरी सहयोग पुऱ्याउने तत्वको रुपमा विकास गर्नु पर्दछ । प्राथमिक तहको उद्देश्य "राट्र राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता अनुशासन र स्वाबलम्बन जस्ता सामाजिक एवं चारित्रिक गुणको

विकास गर्ने"(प्राथमिक शिक्षा पाठ्यक्रम २०६५) गुणहरुको विकास गर्न अदृश्य पाठ्यक्रमलाई कोशेढुङ्गाको रुपमा स्थापित गर्नुपर्दछ । अदृश्य पाठ्यक्रमको प्रयोग विना "कला सौन्दर्यप्रति अभिरुचि जगाई सिर्जनशील सीपको विकास गर्ने" प्राथमिक तहको उद्देश्य पूर्ति संभव देखिन्न "विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र क्षेत्र प्रति समभाव जगाई समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउने" प्राथमिक तहको उद्देश्य परिपूर्तिको लागि अदृश्य पाठ्यक्रमको सकारात्मक अभ्यासबाट मात्र संभव देखिन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ ले निर्धारण गरेको सामाजिक अध्ययन, सिर्जनात्मक कला, शारीरिक शिक्षा विषयको २०% स्थानीय अंशको पाठ्यक्रम पूरा गर्नमा अदृश्य पाठ्यक्रमले सहयोग गर्ने देखिन्छ । जसको लागि विद्यार्थीले अदृश्य रुपमा सिकेका व्यवहारको मूल्याङ्कन गरी यसमा सुधार गर्न सक्नु पर्दछ ।

हामीले हाम्रा विद्यालयमा कलिला बालबालिकाहरुलाई शान्तिको होइन विद्रोहको पाठ सिकायौं, मानव जन्मायौं तर मानवता जन्माउन सकेनौं, शिक्षा दियौं तर विद्या दिन सकेनौं, व्यवहार सिकायौं तर व्यवहारिक बनाउन सकेनौं, हामीले नैतिकता सिकायौं तर नैतिकवान बनाउन सकेनौं, चरित्र सिकायौं तर चरित्रवान बनाउन सकेनौं, यसको मूख्य कारण हो हाम्रो शिक्षा सैद्धान्तिक ज्ञानमा सीमित रहन पुग्यो व्यवहारिकतामा उर्तान सकिएन यहि अदृश्य प्रभाव बालबालिकामा पर्दै गयो र समाज रुपान्तरण गर्न सकिएन । त्यसैले सामाजिक रुपान्तरणको लागि अदृश्य पाठ्यक्रममा नै रुपान्तरण गर्नु आजको आवश्यकता हो । हामीले अदृश्य पाठ्यक्रमका नकारात्मक प्रभावलाई हटाउँदै सकारात्मक प्रभावहरुलाई अवलम्बन गर्दै असल मानव र असल समाजको निमार्ण गर्न एकजुट हुनुपर्ने तड्कारो आवश्यकता देखिएको छ । "मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गर्ने" प्राथमिक तहको उद्देश्य वास्तवमा कागजमै सीमित हुन पुगेको छ । यसको सही कार्यान्वयन गनुपर्ने आजको आवश्यकता देखिएको छ ।

शिक्षाको गुणस्तर सुधारको लागि औपचारिक पाठ्यक्रममा परिवर्तन गरेर मात्र संभव छैन । यसको लागि अदृश्य पाठ्यक्रममा पनि परिवर्तन गर्नु पर्दछ । साथै विद्यालय, विद्यालय परिवेश, शिक्षकको कार्यशैली र विद्यार्थीको सिकाइशैलीमा समेत परिवर्तन गर्न सक्नु पर्दछ । पाठ्यक्रम परिवर्तन भनेको उद्देश्य र विषय वस्तु तथा पाठ्यपुस्तक परिवर्तन मात्र होइन । अदृश्य पाठ्यक्रमलाई परिवर्तन गर्दा यसको सकारात्मक योगदानलाई बढाउँदै नकारात्मक असरलाई घटाउन सक्नु पर्दछ । अदृश्य पाठ्यक्रमलाई कक्षाकोठाभित्र प्रयोग गरी यसले विद्यार्थीहरुको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराई, सिर्जनशीलता तथा मौलिकताको विकास गराई व्यवहारिक ज्ञानको विकास र हस्तान्तरण गर्न सक्नु पर्दछ । शिक्षकले विद्यार्थीहरुलाई प्रजातान्त्रिक वातावरणमा राखी विद्यार्थीको स्व : प्रस्तुत गर्न प्रेरित गर्नु पर्दछ । साथै उनीहरुको आत्म अनुशासनमा विकास गराई उत्तरदायी, खोज तथा विचार विमर्श गर्ने बानीको विकास गराउनु पर्दछ ।

## ५.३ सुझाव

यस अध्ययन अनुसन्धानको तेश्रो उद्देश्य नै अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा सहयोग पुऱ्याउने उपायहरु पहिचान गर्ने भएकोले ती उपायहरु ४.३ मा नै उल्लेख गरि सकिएको भएतापनि यहाँ केहि सुझावहरु प्रस्तुत गरिएको छ ।

१. औपचारिक पाठ्यक्रमको कार्यान्वयनमा अदृश्य पाठ्यक्रममा पनि ध्यान पुऱ्याउनु पर्दछ ।

२. अदृश्य पाठ्यक्रमको प्रयोग गरी बाल रुचि अनुसारको शिक्षणको लागि उमेर, क्षमता तथा सान्दर्भिकता अनुसार शिक्षण विधि र शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापन गर्ने ।

३. कक्षाकोठाभित्र नकारात्मक उत्प्रेरकलाई हटाई सकारात्मक उत्प्रेरकको प्रयोगमा जोड दिनु पर्दछ ।

४. शैक्षिक भ्रमण, अवलोकन भ्रमण, क्षेत्र भ्रमण गराई सकारात्मक सोच र चिन्तनको विकासमा जोड दिनु पर्दछ ।

५. शिक्षणलाई बालमैत्री बनाउँदै कक्षाकोठालाई प्रजातान्त्रिक अभ्यासको थलोको रुपमा विकास गर्नु पर्दछ ।

६. अदृश्य पाठ्यक्रमको साधन शिक्षक स्वयं भएकोले उसले आफ्ना व्यवहारहरुलाई पनि सुधार गर्नु पर्दछ ।

७. शिक्षण सिकाइमा गरेर र खेलेर सिक्ने परिपाटिको विकास गर्नु पर्दछ ।

८. विद्यालयलाई पीडादायी स्थल होइन रमणीय र सिर्जनशील स्थलको रुपमा विकास गराउनु पर्दछ ।

९. विद्यालय परिवेशमा देखिने अश्लिलता, कुलत, कुसंस्कारका व्यवहारहरुलाई पूर्ण रुपमा हटाउनु पर्दछ ।

१०. बालबालिकाको मौलिकता र सिर्जनशीलताको विकासको कडीको रुपमा अदृश्य पाठ्यक्रमको प्रयोग गर्नु पर्दछ ।

११. शारीरिक, मानसिक र संवेगात्मक विकासको लागि अदृश्य पाठ्यक्रमको निरन्तर प्रयोग हुनुपर्दछ ।

१२. क्रियाकलापमा शिक्षकमाथिको निर्भरता हटाउँदै, सहयोगी भूमिकामा प्रस्तुत भई उनीहरुको डर, त्रासलाई माया र सद्भावमा रुपान्तरण गर्दै समावेशी, सहभागितात्मक कार्यमा जोड दिनु पर्दछ ।

१३. मनोवैज्ञानिक, बैज्ञानिक, व्यवहारिक र बाल क्रियाकलापमुखी शिक्षणमा जोड दिनुपर्दछ ।

१५. शिक्षाले शिक्षाको सैद्धान्तिक पक्षमा भन्दा व्यवहारिक पक्षमा जोड दिनु पर्दछ ।

१६. पाठ्यक्रम परिवर्तनले विद्यालय, विद्यालय परिवेश, शिक्षकको कार्यशैली र विद्यार्थीको सिकाइशैलीमा समेत परिर्वतन गर्न सक्नु पर्दछ ।

१७. अदृश्य पाठ्यक्रमको प्रयोग गरेर विद्यार्थीहरुका अतिआवश्यक पाँच गुणहरु काको चेष्टा, बको ध्यान, स्वान निद्रा, तथैवचःअल्पहारी, गृहस्थ त्यागी विद्यार्थी पंच लक्षणमः अर्थात काग जस्तो चलाख तीक्ष्ण बुद्धि भएको, बकुल्लाको जस्तो धैर्य र ध्यान गर्न सक्ने, कुकुरको जस्तो निद्रा र सधैं जागा रहन सक्ने, इमान्दार र थोरै मात्र भोजन गर्ने तथा घर व्यवहारमा नफस्ने त्यागी, पढाइमा लगनशील भएको विद्यार्थी निर्माण गर्न सक्नु पर्दछ ।

# सन्दर्भसूचि

Best, J.W. and kahn, J.V.(1999). *Research in Education* (7th ed.).Prentice Hall Of India: Oxford University Press.

Gautam, Hari,( 2003). *Curriculum for Liberation.* M.Phil. Dissertation Submitted to the Danish University of Education, Copenhagen, Denmark.

Jackson, P.W. (1968). *Life in the classroom.* New York: Teachers College Columbia University.

Karmacherya, B.N.(2001)._*Democrasy in Classroom Practice*. M. phill Dissertation Submitted to the Danish University of Education, Copenhagen, Denmark.

Khatri, L.P. (2001). *The Impact of Hidden Curriculum in Learners_Social Developement*. M.Phill Dissertation Submitted to the Danish University of Education. Copenhagen, Denmark.

Patton, M.Q. (1990). *Qualitative Evaluation and Research Method.*(2nd ed.). India: Sage Publication.

Print, M.(1993). *Curriculum Development and Design* . (2nd ed.). Austrillia Allen and Unwin Pvt. Ltd.

Saylor, J. and Alexander, M. Copyright (1974). *Planning Curriculum for schools,* USA: Holt Rinehart and Winston.

अर्याल, प्रेम नारायण (२०५२), *शिक्षाको सैद्धान्तिक आधार,* भोटाहिटी,काठमाडौं:विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, प्रेम नारायण (२०५५), शिक्षा र दर्शन । प्रधान, केदार *(सं) शिक्षाका दर्शन शास्त्रीय तथा समाजशास्त्रीय आधार,* काठमाडौं: काठमाडौं शिक्षा क्याम्पस ।

आचार्य, रामजी (२०६३) *माध्यमिक तहमा शिक्षक निर्देशिका प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन शोधपत्र* , स्नातकोत्तर तह शिक्षा संकाय त्रि.वि.वि. काठमाडौं ।

ओशो रजनीश,(१९८९), *शिक्षा में क्रान्ति,* पूना : इन्डिया : रेबल पब्लिसिङ हाउस प्रा.लि. ।

के.सी. संगिता (२०६८) प्राथमिक तहका कक्षाहरुमा अदृश्य पाठ्यक्रमको अध्ययन शोधपत्र, स्नातकोत्तर तह शिक्षा शास्त्र संकाय त्रि.वि.वि. काठमाडौं ।

कोइराला, विद्यानाथ,(२०५८) *सिकाइका सिद्धान्तहरु र औपचारिक शिक्षा,* काठमाडौं : त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द ।

खनाल, श्री प्रसाद र मुड्वरी, नवराज (२०६३) *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुरः काठमाडौं : जुपिटर प्रकाशन तथा वितरण केन्द्र ।

खनाल, श्री प्रसाद र तिमल्सिना, विनोदखण्ड (२०६१) *गुणात्मक मूल्याङ्कन अनुसन्धान,* कीर्तिपुरः काठमाडौं : क्षितिज प्रकाशन ।

खनाल,पेशल(२०६४) *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुरः काठमाडौं : सनलाइट पब्लिकेशन ।

जोशी, प्रायगराज (२००८), *अदृश्य पाठ्यक्रम र विद्यालय स्तरका विद्यार्थीमा त्यसको असर,* शोधपत्र, त्रि.वि.काठमाडौं ।

निउरे, ध्रुव प्रसाद (२०६७),*पाठ्यक्रम योजना र अभ्यास,* कीर्तिपुरः काठमाडौं : सनलाइट पब्लिकेशन ।

पाठ्यक्रम विकास केन्द्र,(२०६५), *प्राथमिक शिक्षा पाठ्यक्रम,* सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

पौडेल लेखनाथ (२०५९) *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, कृष्ण बहादुर (२०६८), *प्राथमिक तहमा लुप्त पाठ्यक्रम र विद्यार्थीका व्यवहारहरु,* शोधपत्र, त्रि.वि.काठमाडौं ।

वाग्ले, मन प्रसाद र खत्री लक्ष्मी प्रसाद (२०५१),*शिक्षा मनोविज्ञान,* भोटाहिटी : काठमाडौंः गणेश हिमाल एडुकेशनल ।

वाग्ले, मन प्रसाद र पौडेल लेखनाथ (२०५९)*पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौं :विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मन प्रसाद र ढकाल माधव प्रसाद (२०६१), *शिक्षाको प्रारम्भिक परिचय,* भोटाहिटीः काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा चिरञ्जीवी र शर्मा निर्मला (२०६१) *पाठ्यक्रम योजना र अभ्यास,* भोटाहिटी : काठमाडौं एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, ।

शर्मा चिरञ्जीवी र शर्मा निर्मला (२०५९) *शिक्षाको दर्शन शास्त्रीय र समाज शास्त्रीय आधार,* भोटाहिटी काठमाडौंः एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा निर्मला,(२०६०) *कक्षाकोठामा मनोविज्ञान,* भोटाहिटी : काठमाडौं: एम.के.पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

सक्सैना, एन.आर.स्वरुप (२००६), शिक्षा सिद्धान्त, (पहिलो संस्करण) इन्डियाः सूर्या पब्लिकेशन ।

सापकोटा, राजन प्रसाद (२०६३) *कक्षाकोठाभित्र र विद्यालय परिसरमा अदृश्य पाठ्यक्रम.* शोधपत्र, स्नातकोत्तर तह शिक्षा शास्त्र संकाय त्रि.वि.वि, कीर्तिपुर, : काठमाडौं ।

# अनुसूची १

## नमूना जनसंख्या सम्वन्धी विवरण

**क. नमुनामा परेको विद्यालय सम्वन्धी विवरण**

नाम :- श्री बाल प्रकाश माध्यमिक विद्यालय

ठेगाना :- कलाँती भूमिडाँडा -१ रोशी, काभ्रे पलाञ्चोक

स्थापना मिति :- २०१६/१२/१८

तह :- माध्यमिक

शिक्षक संख्या :- १३

स्वयं सेवक :- २

कर्मचारी :- २

सहयोगी कार्यकर्ता :- १

विद्यार्थी संख्या :- ३०७

अध्ययन गरिएको तह :- प्राथमिक

**ख. नमूनामा परेका शिक्षक सम्वन्धी विवरण**

| क.सं. | शिक्षकको नाम थर | तह | योग्यता | लिङ्ग |
|---|---|---|---|---|
| १ | राजन कुमार कार्की | प्राथमिक | एस.एल.सी. | पुरुष |
| २ | लक्ष्मी थापा(वस्नेत) | प्राथमिक | वि.एड. | महिला |
| ३ | दुर्गा बहादुर शाह | प्राथमिक | एस.एल.सी. | पुरुष |
| ४ | मीना के.सी. | प्राथमिक | एस.एल.सी. | महिला |
| ५ | अनिता तामाङ | प्राथमिक | +२ | महिला |

**ग. नमूनामा परेका विद्यार्थी सम्वन्धी विवरण**

| क.सं. | विद्यार्थीको नाम थर | कक्षा | लिङ्ग | जाति |
|---|---|---|---|---|
| १ | सरोज के.सी | ५ | छात्र | क्षेत्री |
| २ | मीना गुरुङ | ५ | छात्रा | जनजाति |
| ३ | सरिता तामाङ | ५ | छात्रा | जनजाति |
| ४ | पल्लवी अधिकारी | ४ | छात्रा | ब्राह्मण |
| ५ | समिर सापकोटा | ४ | छात्र | ब्राह्मण |
| ६ | सरला वि.क. | ४ | छात्रा | कामी |
| ७ | दिपेन्द्र तामाङ | ४ | छात्र | तामाङ |

# अनुसूचि-२

## कक्षाकोठाभित्र र विद्यालय परिसरमा अवलोकनका लागि निर्देशिका

१. प्रार्थना गतिविधि

२. खाली समय/खेलमैदानको गतिविधि

३. शिक्षक, विद्यार्थी, कार्यालय सहयोगी बीचको सम्बन्ध

४. विद्यार्थीहरुले पालना गर्नुपर्ने आचार संहिता

५. मनिटरले गर्नुपर्ने कार्यहरु

६. विद्यार्थीका नक्कली व्यवहार, भाषा तथा सांकेतिक भाषा

७. विद्यार्थीको काम गर्ने तरिका/गति/चाल

८. विद्यार्थीहरुले खेल्ने सामग्रीहरु

९. कक्षाकोठाको बसाइ व्यवस्था

१०. विद्यार्थीहरुलाई उत्प्रेरित गर्ने तरिका

११. शिक्षण विधि/तरिका

१२. क्रियाकलाप निर्माणमा विद्यार्थीहरुको भूमिका

१३. क्रियाकलापमा विद्यार्थी सहभागिता

१४. शिक्षकले दिने दण्ड, पुरस्कार दिने तरिका

१५. विद्यार्थी/शिक्षक अनुशासन

१६. शिक्षक तथा विद्यार्थीलाई फकाउने तरिका

१७. विद्यार्थीहरुको हतार गर्ने बानी

१८. विद्यार्थीहरुले चाहना पूरा गर्ने तरिका

१९. विद्यालयको भौतिक अवस्था

२०. विद्यालय परिसरको वातावरण

२१. कक्षाकोठा तथा कार्यालयको सजावट

२२. कक्षाकोठा तथा विद्यालय परिसरको सरसफाई

२३. खानेपानी, शौचालयको अवस्था

# अनुसूचि-३

## शिक्षकहरुसँग अन्तर्वार्ताको लागि सोधिएका प्रश्नहरु

१. विद्यार्थीहरुले के कस्ता आचार संहिता पालना गर्नुपर्दछ ?

२. आचार संहिता निर्माणमा विद्यार्थीको भूमिका छ की छैन ?

३. मनिटरले के के काम गर्नु पर्दछ ?

४. विद्यार्थीहरुले के कस्ता नक्कली व्यवहार गर्दछन् ?

५. विद्यार्थीहरुले कुन कुन अवस्थामा के कस्ता साङकेतिक भाषा प्रयोग गर्दछन् ?

६. असल विद्यार्थीको सूचीमा कस्ता विद्यार्थीहरु पर्दछन् ?

७. खराव विद्यार्थीको सूचीमा कस्ता विद्यार्थीहरु पर्दछन् ?

८. विद्यार्थीहरुले के कस्ता व्यवहार देखाउन चाहन्छन् ?

९. विद्यार्थीहरुले के कस्ता व्यवहार लुकाउन चाहन्छन् ?

१०. विद्यार्थीहरुले के कस्ता कुरामा शिक्षकमा भर पर्दछन् ?

११. शिक्षकहरुलाई विद्यार्थीहरुले के कति विश्वास गर्दछन् ?

१२. विद्यार्थीहरुले कुन अवस्थामा शिक्षकलाई फकाउँदछन् ?

१३. विद्यार्थीहरुको कस्तो व्यवहार शिक्षकले रुचाउदैनन् ?

१४. विद्यार्थीहरुले अन्जानमा सिक्न सक्ने व्यवहारहरु के के होलान् ?

१५. शिक्षकका विविध व्यवहारबाट पनि विद्यार्थीले सिक्न सक्छन् ?

१६. विद्यार्थीहरुले के गर्दा धेरै हतार गर्ने गर्दछन् ?

१७. अदृश्य पाठ्यक्रमले औपचारिक पाठ्यक्रममा कस्तो सहयोग पुऱ्याउँदछ ?

१८. अदृश्य पाठ्यक्रमले कसरी औपचारिक पाठ्यक्रममा सहयोग पुऱ्याउला ?

१९. अदृश्य पाठ्यक्रममा कसरी सुधार गर्न सकिएला ?

२०. के अदृश्य पाठ्यक्रमको सुधार विना औपचारिक पाठ्यक्रममा सुधार सहज हुन सक्ला ?

२१. के पाठयोजना अनुसार शिक्षण गर्नु हुन्छ ?

२२. के विद्यार्थीहरुले योजना अनुसारको सिकाई मात्र सिक्दछन् ?

२३. तपाईंले अपेक्षा गरे भन्दा वाहिरका कुरा पनि सिक्दछन् ?

२४. विद्यार्थीहरुले अन्जानमै के के कुरा सिक्दछन् ?

२५. विद्यार्थीहरुले शिक्षकका के कस्ता व्यवहारहरु सिक्दछन् ?

# अनुसूचि-४

## विद्यार्थीहरुसँग लक्षित समूह छलफलका लागि निर्देशिका

१. विद्यालयमा तपाईले पालना गर्नु पर्ने आचार संहिता के के हुन् ?

२. असल विद्यार्थी कस्तोलाई भन्ने ?

३. खराब विद्यार्थी कस्तोलाई भन्ने ?

४. शिक्षकले कसरी विद्यार्थीहरुलाई प्रेरित गर्नुहुन्छ ?

५. विद्यार्थीले के गर्दा शिक्षकहरु रिसाउनु हुन्छ ?

६. विद्यार्थीले के गर्दा शिक्षकहरु खुशी हुनु हुन्छ ?

७. विद्यालयमा विद्यार्थीहरुले के गर्दा हतार गर्दछन् ?

८. विद्यार्थीले गर्ने क्रियाकलाप कसले निर्धारण गर्दछ ?

९. असल विद्यार्थी बन्न के गर्नु पर्ला ?

१०. विद्यार्थीले कुन बेलामा शिक्षकहरुलाई फकाउने गर्दछन् ?

११. विद्यार्थीहरु के गर्दा खुशी हुन्छन् ?

१२. विद्यार्थीहरु के गर्दा दुःखी हुन्छन् ?

१३. विद्यार्थीहरुले चाँडो वा ढीलो के गर्दा शिक्षकहरु खुशी हुनुहुन्छ ?

१४. कक्षाकोठामा विद्यार्थीले पालना गर्नु पर्ने नियमहरु के के हुन् ?

१५. शिक्षकको उत्प्रेरणा गर्ने तरिका र ढाँचा कस्तो छ ?

१६. शिक्षकको व्यक्तित्व तथा पोशाक कस्तो छ ?

१७. शिक्षकले विद्यार्थीहरुलाई गर्ने व्यवहार कस्तो छ ?

१८. विद्यालयले सहभागी गराउने सामाजिक क्रियाकलाप सम्बन्धी कस्तो धारणा छ ?

१९. शिक्षकले सिकाएको बाहेक अन्य के कुरा कसरी सिक्ने गर्नु भएको छ ?

२०. राम्रा कुराहरु कोबाट सिक्ने ?

२१. नराम्रा कुराहरु कोबाट सिक्ने ?

२२. राम्रा र नराम्रा कुन कुराले जीवनमा सकारात्मक प्रभाव पार्ला ?

२३. राम्रा कुरा सिक्न र राम्रो वन्न के गर्नु पर्ला ?

२४. नराम्रो कुरा सिक्नाले के असर पार्ला ?